माडी गाउँपालिकाको

दोस्रो आवधिक विकास योजना

(आ.व.२०८२/८३ – २०८६/८७)



"कृषि, पशुपक्षी, जडीबुटी र दिगो पूर्वाधार—समृद्ध माडीको आधार"

माडी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घर्तीगाउँ, रोल्पा

लुम्बिनी प्रदेश

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८१/८२
च. नं.:

मोबाइल: ९८५७८२४६०१
इमेल: madimunrolpa@gmail.com

मन्तव्य

विकास निरन्तर चली रहने एक गतिशील प्रक्रिया हो । विकास सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक संरचनाहरूको निर्माण र पुनः निर्माणसँग मात्र सम्बद्ध हुने होइन की समकालीन समाजको मनोवैज्ञानिक र सामाजिक चेतनायुक्त परिवर्तनसँग पनि यो आवद्ध हुनुपर्छ । समाज र जनता प्रति केन्द्रित भई विकासले सामाजिक परिवर्तनमा नयाँ दिशा र गतिशीलता थप्नु पर्छ । समयक्रमसँगै जनताका आवश्यकताहरू बढ्दै, फेरिदै र परिवर्तन हुदै जाने गर्छन् । देशले अवलम्बन गर्ने योजनाबद्ध विकास प्रयासले जनताले खोजेको परिवर्तित परिवेशलाई आत्मसाथ गर्नुपर्छ । सीमित स्रोतले अनन्त आवश्यकताहरूलाई सम्बोधन गर्न योजना र कार्यक्रमहरूका साथै संस्थागत संयन्त्रहरू बीच समन्वय, सहकार्य र सामूहिक प्रयास जरुरी हुन्छ ।

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिहरूबाट गाउँपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजना (२०८२/०८३-२०८६/०८७) तर्जुमा गरिएको हो । वर्तमान स्थानीय सरकारले प्रचलित कानुन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको पालनामा अटल रही **"कृषि पशुपक्षी जडीबुटी र दिगो पूर्वाधार समृद्ध माडीको आधार"** दीर्घकालीन सोच अगाडि सारिसकेको छ । वार्षिक तथा गौरवका आयोजनाहरू समावेश गरी तर्जुमा गरिएको आवधिक योजनामा योजना बैंक को पनि व्यवस्था गरिएको छ । सम्पूर्ण माडीबासीहरूसँग अन्तरक्रियात्मक छलफल र गहन अध्ययन सहित Bottom up Approach का आधारमा व्यापक जनसहभागितामा आवधिक योजना तयार गरी प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

योजनाले लक्षित गरेका उद्देश्यहरू हासिल गर्ने गाउँपालिकाको प्रयासमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, सामुदायिक, गैरसरकारी संस्थाहरू सबैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । तसर्थ सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानलाई सहयोग गर्न तयार पारिएको यो गाउँपालिकाको पहिलो आवधिक योजनाले मुलुककै समृद्धिको लागि पनि महत्त्वपूर्ण योगदान पुग्ने भएकोले यसको कार्यान्वयनमा सबैले हातेमालो गर्नु आजको माग हो । यस गाउँपालिकाको आवधिक योजना तर्जुमाको कार्यमा सहयोग गर्ने उपाध्यक्ष, अन्य जनप्रतिनिधिहरू, राजनैतिक दल, कर्मचारी, सङ्घ संस्था लगायत परामर्शदाता संस्था सोलुसन रिसर्च पोइन्ट प्रा. लि. का तर्फबाट टोली नेता श्री पुरुषोत्तम खतिवडा लगायत सम्पूर्ण सहयोगी निकाय तथा संस्थाहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अमर सिंह घर्ती मगर
अध्यक्ष

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८१/८२
च. नं.:

मोबाइलः ९८५७८२४६०१
इमेलः madimunrolpa@gmail.com

मन्तव्य

नेपाल सरकारद्वारा १६ औं पञ्चवर्षीय आवधिक योजनाको लागि तयार गरिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** बृहत् सोच सहितको योजनाले राखेका परिमाणात्मक लक्ष्यहरू पूरा गर्ने सोच सहित यो आवधिक योजना तर्जुमा गरिएको हो । यस गाउँपालिकाले पञ्चवर्षीय योजना (२०८२/०८३-२०८६/०८७) तर्जुमा गरी विभिन्न प्रकृतिका योजना/कार्यक्रमहरू समावेश गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(५) को सहभागिता सम्बन्धी प्रावधानहरू अनुसरण गर्दै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार तयार गरिएको यो माडी गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८२/०८३-२०८६/०८७) ले यस अवधि भित्र वार्षिक योजना छनौट गर्ने र ती योजनाहरू लागू गर्ने कार्यमा एक मार्गदर्शक दस्तावेजको रूपमा सहयोग गर्नेछ भन्ने हामीलाई विश्वास लागेको छ । कुनै पनि योजनाले आफै केही परिणाममूखी कार्य गर्दैन तसर्थ यो आवधिक योजना तयारी पश्चात् यसले राखेका लक्ष्य र निर्देश गरिएका रणनीतिहरूको अवलम्बन गर्दै पाँच वर्षको अवधिमा सम्पन्न गर्नु पर्ने आयोजनाहरू कार्यान्वयन गर्ने जिम्मा यस गाउँपालिकामा रहेको छ । दोस्रो आवधिक योजना तयारी गर्ने कार्यमा यस गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्षहरू, कार्यपालिका सदस्यहरू, कर्मचारी वर्ग, विषय विशेषज्ञ, स्थानीय राजनीतिक दलहरू र सम्पूर्ण गाउँपालिकाबासी नागरिकहरूको साथ र रचनात्मक सहयोग रहेको छ र कार्यान्वयनको पाटोमा पनि सरोकारवाला सबैको सक्रिय सहभागिता सहित रचनात्मक सहयोगको अपेक्षा गरेका छौं ।

अन्तमा, परामर्शदाता संस्था सोलुसन रिसर्च पोइन्ट प्रा. लि., काठमाडौं प्रति आभार व्यक्त गर्दै यस गाउँपालिकाले तय गरेको **"कृषि पशुपक्षी जडीबुटी र दिगो पूर्वाधार समृद्ध माडीको आधार"** भन्ने दूरदृष्टि पूरा गर्न यो आवधिक योजनाले कोशेढुङ्गाको रूपमा कार्य गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

जयपुरी घर्ती मगर
उपाध्यक्ष

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८१/८२
च. नं.:

मोबाइलः ९८५७८२४६०१
इमेलः madimunrolpa@gmail.com

मन्तव्य

विकास निरन्तर चली रहने एक गतिशील प्रक्रिया हो । सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक संरचनाहरूको निर्माण र पुनर्निर्माणसँग मात्र सम्बद्ध हुने होइन की समकालीन समाजको मनोवैज्ञानिक र सामाजिक चेतनायुक्त परिवर्तनसँग पनि यो आबद्ध हुनुपर्छ । समाज र जनताप्रति केन्द्रित भई विकासले सामाजिक रूपान्तरणमा नया दिशा र गतिशीलता थप्नु पर्छ । समय क्रमसँगै जनताका आवश्यकताहरू बढ्दै, फेरिदै र परिवर्तन हुँदै जाने गर्छ । देशले अवलम्बन गर्ने योजनाबद्ध विकास प्रयासले जनताले खोजेको परिवर्तित परिवेशलाई आत्मसाथ गर्नुपर्छ । सीमित स्रोतले अनन्त आवश्यकताहरूलाई सम्बोधन गर्न योजना र कार्यक्रमहरूका साथै संस्थागत संयन्त्रहरू बीच समन्वय, सहकार्य र सामूहिक प्रयास जरुरी हुन्छ ।

नेपाली जनताले लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिहरूबाट गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८२/०८३-२०८६/०८७) तर्जुमा गरिएको हो। स्थानीय सरकारको हैसियतले माडी गाउँपालिकाले प्रचलित कानुन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको पालनामा अटल रही **"कृषि पशुपक्षी जडीबुटी र दिगो पूर्वाधार समृद्ध माडीको आधार"** दीर्घकालीन सोच अगाडि सारिसकेको छ । योजनाको हुबहु कार्यान्वयन भए मात्र योजनाका परिकल्पना र अठोटहरू वास्तविकतामा रूपान्तरण हुन्छन् ।

सबै विकासका कार्यक्रमहरूलाई यीनै क्षेत्रहरूमा मुखरित गराई गाउँपालिकालाई समृद्धिको मार्गमा डोर्याउने रूपरेखा सहित आवधिक योजनाको दस्तावेज तयार गरिएकोले यो योजना कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छु । योजनाले लक्षित गरेका उद्देश्यहरू हासिल गने गाउँपालिकाको प्रयासमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, सामुदायिक, गैरसरकारी संस्थाहरू सबैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । तसर्थ सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानलाई सहयोग गर्न तयार पारिएको यो गाउँपालिकाको दोस्रो आवधिक योजनाले मुलुककै समृद्धिको लागि पनि महत्त्वपूर्ण योगदान पुग्ने भएकोले यसको कार्यान्वयनमा सबैले हातेमालो गर्नु आजको माग हो । यस गाउँपालिकाको आवधिक योजना तर्जुमाको कार्यमा परामर्शदाता संस्था सोलुसन रिसर्च पोइन्ट प्रा. लि., काठमाडौं लगायत सम्पूर्ण सहयोगी निकाय तथा संस्थाहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

इश्वरी प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

परिच्छेद-एक: परिचय.....१
१.१. पृष्ठभूमि.....१
१.२ आवधिक योजना तर्जुमाको उदेश्य.....२
१.३ योजना तर्जुमाका मार्गदर्शक आधारहरू.....२
१.४ आवधिक योजना तर्जुमा प्रक्रिया.....३
१.४.१ दस्तावेजहरूको अध्ययन.....३
१.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक.....४
१.४.३ योजना अभिमुखिकरण कार्यशाला.....४
१.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण.....४
१.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण.....४
१.४.६ आवधिक योजना तर्जुमा कार्यशाला.....४
१.४.७ मस्यौदा प्रमाणीकरण कार्यशाला.....५
१.४.८ अन्तिम प्रतिवेदन स्वीकृत.....५
१.५ अध्ययनको सीमा.....५
१.६ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र.....५
परिच्छेद-दुई: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा.....६
२.१ गाउँपालिकाको परिचय.....६
२.२ भौगोलिक अवस्थिति.....६
२.२.१ भू—उपयोग.....८
२.२.२ हावापानी.....९
२.२.३ भिरालोपन.....९
२.३ जनसांख्यिक स्थिति.....९
२.४ सामाजिक विकासको स्थिति.....१२
२.४.१ शिक्षा.....१२
२.४.२ स्वास्थ्य.....१४
२.४.३ खानेपानी तथा सरसफाइ.....१५
२.४.४ धार्मिक तथा सांस्कृतिक अवस्था.....१७
२.४.५ लैङ्गिक समानता र सामाजिक समावेशीकरण.....१९
२.४.६ युवा तथा खेलकुद.....२२
२.५ आर्थिक विकासको अवस्था.....२३
२.५.१ कृषि क्षेत्रको स्थिति.....२३
२.५.२ सिँचाइ सुविधाको अवस्था.....२७
२.५.३ पर्यटन तथा संस्कृति.....२७
२.५.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति.....२९
२.५.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा.....३०
२.२.६ सहकारी.....३३
२.६ पूर्वाधार विकासको अवस्था.....३३

२.६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ३३
२.६.२ सडक तथा पुल निर्माण..... ३५
२.६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा..... ३७
२.६.४ सञ्चार तथा सूचना प्रविधि..... ३८
२.७ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ३९
२.७.१ वन तथा जैविक विविधता..... ३९
२.७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन..... ४०
२.७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन..... ४१
२.७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता..... ४२
२.८ संस्थागत विकास तथा सुशासन..... ४४
२.८.१ स्थानीय नीति, ऐन तथा सुशासन..... ४४
२.८.२ सङ्गठनात्मक विकास..... ४६
२.८.३ स्रोत परिचालन..... ४६
२.८.४ योजना व्यवस्थापन..... ४७
परिच्छेद-तीनः सोच तथा विकासको अवधारणा..... ४८
३.१ पृष्ठभूमि..... ४८
३.२ प्रमुख समस्या तथा चुनौती..... ४८
३.३ प्रमुख सम्भावना तथा अवसर..... ५०
३.४ निर्देशक सिद्धान्त..... ५०
३.५ सोच, लक्ष्य तथा उद्देश्य..... ५१
३.६ परिमाणात्मक लक्ष्य..... ५२
३.७ रणनीति तथा प्राथमिकता..... ५४
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट..... ५६
३.९ माडी गाउँपालिकाका गौरवका आयोजनाहरू..... ५८
३.९.१ माडी गाउँपालिकाका गौरवका आयोजनाको साङ्केतिकरण..... ५८
परिच्छेद-चारः आर्थिक क्षेत्र..... ६०
४.१ कृषि तथा पशुपक्षी..... ६०
४.१.१ पृष्ठभूमि..... ६०
४.१.२ समस्या तथा चुनौती..... ६१
४.१.३ संभावना तथा अवसर..... ६१
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना..... ६२
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..... ६५
४.१.६ प्रमुख आयोजना तथा कार्यक्रम..... ६६
४.१.७ कृषि तथा पशुपक्षी विकासको साङ्केतिकरण..... ६९
४.२ सिँचाइ..... ७२
४.२.१ पृष्ठभूमि..... ७२
४.२.२ समस्या तथा चुनौती..... ७३
४.२.३ संभावना तथा अवसर..... ७३

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७३
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७६
४.२.६ प्रमुख आयोजना तथा कार्यक्रम ७६
४.२.७ सिँचाइ विकासको साङ्केतिकरण ७८
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ८०
४.३.१ पृष्ठभूमि ८०
४.३.२ समस्या तथा चुनौती ८०
४.३.३ संभावना तथा अवसर ८१
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८१
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८३
४.३.६ प्रमुख आयोजना तथा कार्यक्रम ८४
४.३.७ पर्यटन, संस्कृति तथा सम्पदा विकासको साङ्केतिकरण ८५
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ८७
४.४.१ पृष्ठभूमि ८७
४.४.२ समस्या तथा चुनौती ८८
४.४.३ संभावना तथा अवसर ८८
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८९
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९१
४.४.६ प्रमुख आयोजना तथा कार्यक्रम ९२
४.४.७ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति विकासको साङ्केतिकरण ९३
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ९५
४.५.१ पृष्ठभूमि ९५
४.५.२ समस्या तथा चुनौती ९६
४.५.३ संभावना तथा असर ९६
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९६
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९९
४.५.६ प्रमुख आयोजना तथा कार्यक्रम ९९
४.५.७ श्रम, रोजगारी र सामाजिक सुरक्षा विकासको साङ्केतिकरण १०१
परिच्छेद-पाँचः सामाजिक क्षेत्र १०३
५.१ स्वास्थ्य तथा पोषण १०३
५.१.१ पृष्ठभूमि १०३
५.१.२ समस्या तथा चुनौती १०४
५.१.३ संभावना तथा अवसर १०४
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०४
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०८
५.१.६ प्रमुख आयोजना तथा कार्यक्रम ११०
५.१.७ स्वास्थ्य तथा पोषण विकासको साङ्केतिकरण ११३
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ११५

५.२.१ पृष्ठभूमि.....११५
५.२.२ समस्या तथा चुनौती.....११५
५.२.३ संभावना तथा अवसर.....११७
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....११७
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१२४
५.२.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१२५
५.२.७ शिक्षा, विज्ञान तथा नवप्रवर्तन विकासको साङ्केतिकरण.....१२७
५.३ खानेपानी तथा सरसफाइ.....१२९
५.३.१ पृष्ठभूमि.....१२९
५.३.२ समस्या तथा चुनौती.....१२९
५.३.३ संभावना तथा अवसर.....१३०
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१३१
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१३४
५.३.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१३४
५.३.७ खानेपानी तथा सरसफाइ विकासको साङ्केतिकरण.....१३६
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग.....१३८
५.४.१ पृष्ठभूमि.....१३८
५.४.२ समस्या तथा चुनौती.....१३८
५.४.३ संभावना तथा अवसर.....१३९
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१४०
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१४४
५.४.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१४५
५.४.७ महिला, बालबालिका तथा लक्षित वर्ग विकासको साङ्केतिकरण.....१४७
५.५ युवा तथा खेलकुद.....१४९
५.५.१ पृष्ठभूमि.....१४९
५.५.२ समस्या तथा चुनौती.....१५०
५.५.३ संभावना तथा अवसर.....१५०
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१५०
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१५३
५.५.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१५४
५.५.७ युवा तथा खेलकुद विकासको साङ्केतिकरण.....१५५
परिच्छेद-छः पूर्वाधार क्षेत्र.....१५६
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण.....१५६
६.१.१ पृष्ठभूमि.....१५६
६.१.२ समस्या तथा चुनौती.....१५६
६.१.३ संभावना तथा अवसर.....१५७
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१५७
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१५९

६.१.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१६०
६.१.७ आवास, वस्ति विकास तथा सार्वजनिक विकासको साङ्केतिकरण.....१६१
६.२ सडक, पुल तथा यातायात.....१६२
६.२.१ पृष्ठभूमि.....१६२
६.२.२ समस्या तथा चुनौती.....१६२
६.२.३ संभावना तथा अवसर.....१६३
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१६३
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१६५
६.२.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१६६
६.२.७ सडक तथा यातायात विकासको साङ्केतिकरण.....१६६
६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा.....१६८
६.३.१ पृष्ठभूमि.....१६८
६.३.२ समस्या तथा चुनौती.....१६८
६.३.३ संभावना तथा अवसर.....१६९
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१६९
६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१७१
६.३.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१७१
६.३.७ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा विकासको साङ्केतिकरण.....१७२
६.४ सूचना, सञ्चार तथा प्रविधि.....१७३
६.४.१ पृष्ठभूमि.....१७३
६.४.२ समस्या तथा चुनौती.....१७३
६.४.३ संभावना तथा अवसर.....१७४
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१७४
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१७७
६.४.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१७७
६.४.७ सूचना, सञ्चार र प्रविधि विकासको साङ्केतिकरण.....१७८
परिच्छेद-सातः वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र.....१७९
७.१ वन तथा जैविक विविधता.....१७९
७.१.१ पृष्ठभूमि.....१७९
७.१.२ समस्या तथा चुनौती.....१७९
७.१.३ संभावना तथा अवसर.....१८०
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१८१
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१८३
७.१.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१८४
७.१.७ वन र जैविक विविधता विकासको साङ्केतिकरण.....१८५
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन.....१८६
७.२.१ पृष्ठभूमि.....१८६
७.२.२ समस्या तथा चुनौती.....१८६

७.२.३ संभावना तथा अवसर.....१८७
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१८७
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१८९
७.२.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१८९
७.२.७ भूसंरक्षण तथा जलाधार व्यवस्थापन विकासको साङ्केतिकरण.....१९०
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन.....१९२
७.३.१ पृष्ठभूमि.....१९२
७.३.२ समस्या तथा चुनौती.....१९३
७.३.३ संभावना तथा अवसर.....१९३
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१९३
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१९५
७.३.६ प्रमुख आयोजना तथा कार्यक्रम.....१९५
७.३.७ वातावरण तथा फोहरमैला व्यवस्थापन विकासको साङ्केतिकरण.....१९७
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता.....१९९
७.४.१ पृष्ठभूमि.....१९९
७.४.२ समस्या तथा चुनौती.....२००
७.४.३ संभावना तथा अवसर.....२००
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....२०१
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....२०४
७.४.६ प्रमुख आयोजना तथा कार्यक्रम.....२०५
७.४.७ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता विकासको साङ्केतिकरण.....२०६
परिच्छेद-आठः संस्थागत विकास तथा सुशासन क्षेत्र.....२०७
८.१ संस्थागत विकास तथा सुशासन.....२०७
८.१.१ पृष्ठभूमि.....२०७
८.१.२ समस्या तथा चुनौती.....२०८
८.१.३ संभावना तथा अवसर.....२०८
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति.....२०९
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....२१३
८.१.६ प्रमुख आयोजना तथा कार्यक्रम.....२१५
८.१.७ सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन विकासको साङ्केतिकरण.....२१९
परिच्छेद-नौः कार्यान्वयन व्यवस्था.....२२४
९.१ पृष्ठभूमि.....२२४
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना.....२२४
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट.....२२४
९.४ स्रोत अनुमान तथा प्रक्षेपण.....२२६
९.४.१ राजस्व परिचालनको अवस्था.....२२७
९.४.२ खर्च अवस्थाको विश्लेषण.....२२७
९.४.३ अपुग स्रोत व्यवस्थापन.....२२८

९.५ स्रोत परिचालन रणनीति २२९
९.६ आवधिक योजना कार्यान्वयन २३०
९.६.१ योजना कार्यान्वयन २३०
९.६.२ कार्यान्वयन प्रक्रिया २३२
९.७ अनुगमन तथा मूल्याङ्कन योजना २३२
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता २३३
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी २३३
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया २३५

तालिकासूची

तालिका १: माडी गाउँपालिकाको प्रशासनिक विभाजन ७
तालिका २: जनसङ्ख्याको वडागत वितरणको अवस्था ९
तालिका ३: घरमूलीका आधार परिवारको विवरण १०
तालिका ४: गाउँपालिकामा वैवाहिक स्थितिका आधारमा जनसङ्ख्या वितरण १०
तालिका ५: गाउँपालिकाको आर्थिक रूपमा सक्रिय जनसङ्ख्या र तिनका रोजगारीको अवस्था ११
तालिका ६: गाउँपालिकामा साक्षरताको स्थितिका आधारमा जनसङ्ख्याको वितरण १२
तालिका ७: ५ देखि १७ वर्ष उमेर समूहका बालबालिका साक्षरता विवरण १३
तालिका ८: आमाको उमेर समूह अनुसारको जीवित जन्मिएका बच्चा सङ्ख्या विवरण १५
तालिका ९: पिउने पानीका स्रोतको आधारमा परिवारको पहुँच विवरण १६
तालिका १०: शौचालय प्रयोग सम्बन्धी विवरण १६
तालिका ११: महिलाको सम्पत्ति माथि स्वामित्व रहेको घरपरिवारहरूको विवरण २०
तालिका १२: माडी गाउँपालिकाको आश्रित जनसङ्ख्या विवरण २१
तालिका १३: ५ वर्ष माथिका अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता विवरण २१
तालिका १४: माडी गाउँपालिकामा बाल—विवाहको अवस्था २२
तालिका १५: कृषक परिवारले चलन गरेको जग्गाको विवरण २४
तालिका १६: स्वामित्वका आधारमा जग्गाको वर्गीकरण २४
तालिका १७: बालीका आधारमा जग्गाको वर्गीकरण २४
तालिका १८: माडी गाउँपालिकाका पशुपक्षीपालनको विवरण २५
तालिका १९: गाउँपालिकामा रोजगारीको स्थिति २६
तालिका २०: सम्पन्नताको पञ्चमक अनुसार परिवारको विवरण ३१
तालिका २१: बसोबासका आधारमा जनसङ्ख्या विवरण ३१
तालिका २२: १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था ३२
तालिका २३: क्षेत्रगत आधारमा पालिकाको बसोबासको स्थिति ३३
तालिका २४: अपनत्वको आधारमा घरको प्रकार ३४
तालिका २५: घरको छानाको प्रकार ३४
तालिका २६: घरको जगको प्रकार ३५
तालिका २७: गाउँपालिकामा विद्यमान सडकको स्थिति ३६
तालिका २८: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति ३७
तालिका २९: खाना पकाउने इन्धनको प्रकार ३७
तालिका ३०: परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवारको विवरण ३८
तालिका ३१: अपेक्षित परिमाणात्मक उपलब्धि ५२
तालिका ३२: गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ५४
तालिका ३३: आवधिक योजनामा लगानीका स्रोतहरू ५६
तालिका ३४: योजना अवधिमा हुने प्रक्षेपित लगानी ५६
तालिका ३५: गाउँपालिकाको आय अनुमान ५७
तालिका ३६: कृषि तथा पशुपंक्षी क्षेत्रका रणनीति तथा कार्यनीतिहरू ६२
तालिका ३७: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ७३

तालिका ३८: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ८१
तालिका ३९: उद्योग तथा वाणिज्यका रणनीति तथा कार्यनीतिहरू ८९
तालिका ४०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ९६
तालिका ४१: स्वास्थ्यका रणनीति तथा कार्यनीतिहरू १०५
तालिका ४२: शिक्षाका रणनीति तथा कार्यनीतिहरू ११८
तालिका ४३: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू १३१
तालिका ४४: लैससासका रणनीति तथा कार्यनीतिहरू १४०
तालिका ४५: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू १५१
तालिका ४६: भवन तथा सहरी विकासका रणनीति तथा कार्यनीतिहरू १५७
तालिका ४७: सडक तथा पुलका रणनीति तथा कार्यनीतिहरू १६४
तालिका ४८: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू १६९
तालिका ४९: सञ्चारका रणनीति तथा कार्यनीतिहरू १७५
तालिका ५०: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू १८१
तालिका ५१: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू १८७
तालिका ५२: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू १९३
तालिका ५३: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू २०१
तालिका ५४: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीति २०९
तालिका ५५: विषय क्षेत्र अनुसार अनुमानित बजेट २२५
तालिका ५६: राजस्व परिचालनको अवस्था २२७
तालिका ५७: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा) २२८
तालिका ५८: अपुग स्रोत व्यवस्थापन २२९
तालिका ५९: अनुगमन तथा मूल्याङ्कन खाका २३५

चित्रसूची

चित्र १: माडी गाउँपालिकाको अवस्थिति नक्सा ६
चित्र २: माडी गाउँपालिकाको भौगोलिक अवस्थिति नक्सा ७
चित्र ३: माडी गाउँपालिकाको भू उपयोग नक्सा ८
चित्र ४: पूरा गरेको शैक्षिक तहका आधारमा जनसङ्ख्याको वितरण १३
चित्र ५: गाउँपालिकाको धार्मिक आस्था अनुसारको जनसङ्ख्या १७
चित्र ६: जातिगत रूपमा माडी गाउँपालिकाको जनसङ्ख्या विवरण १८
चित्र ७: भाषागत रूपमा माडी गाउँपालिकाको जनसङ्ख्या विवरण १८
चित्र ८: १० वर्ष माथिको जनसङ्ख्याको आर्थिक सक्रीयता २९

परिच्छेद-एक: परिचय

१.१. पृष्ठभूमि

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश नीति तथा योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरू जारी भएका छन् । सङ्घ, प्रदेशबाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधीनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्बन गर्दै माडी गाउँपालिकाले दोस्रो आवधिक योजना (२०८२/८३-२०८६/८७) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राज्य शक्तिको बाँडफाँट तथा पुर्नसंचरना अनुसार गठन भएको माडी गाउँपालिकाले योजनाबद्ध ढङ्गबाट गाउँपालिका क्षेत्रको विकास गर्ने उद्देश्यका साथ यो पहिलो आवधिक योजना तर्जुमा गरेको छ ।

मुलुकमा सङ्घीयता कार्यान्वयन सँगै गाउँपालिकाले आफ्नो आर्थिक—सामाजिक विकास मार्फत स्थानीय समृद्धि हासिल गर्न र गुणस्तरीय सार्वजनिक सेवा उपर नागरिकको पहुँच बढाउन संविधान प्रदत्त अधिकार क्षेत्रभित्रका विषयका विकास योजना तथा कार्यक्रमहरू निर्देशित गर्न आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ । विकासको मध्यमकालीन तथा दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्देश्यहरू, रणनीतिक कार्यक्रमहरू र आयोजनाहरूको छनौट, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गरिने आवधिक योजनाबाट गाउँपालिकामा उपलब्ध सीमित स्रोत साधनको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाउन सघाउ पुग्दछ। आर्थिक रणनीतिहरूको माध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तर स्थानीय तहको प्रतिस्पर्धामा अगाडी बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरूप पारदर्शी, जबाफदेहीपूर्ण तथा विश्वसनीय बनाउनुपर्ने हुन्छ।

सङ्घ, प्रदेश र गाउँपालिकाको आवधिक योजना बीच अन्तरसम्बन्ध कायम गरी गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सहभागीतामूलक रूपमा तर्जुमा गर्नुपर्ने हुन्छ । यसो गर्दा सुशासन, वातावरण, बालमैत्री, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयवस्तुहरूलाई सर्वोपरि मानी उत्पादनमूलक एवं छिटो प्रतिफल दिने, जीवनस्तर सुधार, लक्षित वर्गहीत, रोजगारीका अवसरहरू सिर्जना, सांस्कृतिक तथा धार्मिक परम्पराको जर्गेना जस्ता विषयलाई प्राथमिकता दिइ योजनाहरू तर्जुमा गरिनुपर्छ ।

यस पृष्ठभूमिमा गाउँपालिकाको स्थानीय स्रोत र साधनको समुचित उपयोग गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु अपरिहार्य भएको छ। योजनाबद्ध विकासको परिपाटी अवलम्बन गर्दै स्रोत साधनको परिचालन तथा जनताको आवश्यकताको प्राथमिकीकरण गरी विकासको चाहना सम्बोधन गर्न यो आवधिक योजना एक निर्देशक दस्तावेजका रूपमा रहनेछ ।

१.२ आवधिक योजना तर्जुमाको उदेश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिबद्धता र उत्तरदायित्व सिर्जना गर्नु,
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु,
- सहभागीतामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु,
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

१.३ योजना तर्जुमाका मार्गदर्शक आधारहरू

संविधानको धारा ५७ ले स्थानीय तहको अधिकार संविधानको अनुसूची —८ मा उल्लिखित विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग स्थानीय तहले बनाएको कानुन बमोजिम हुने भनेको छ । त्यसैगरी अनुसूची ९ मा स्थानीय तह, प्रदेश र सङ्घको १५ वटा साझा अधिकार सम्बन्धी व्यवस्था छ । जस अनुसार सङ्घको अधिकार क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप बाहेकका अधिकांश विषय क्षेत्रमा स्थानीय तहले ऐन, नियम तथा कार्यविधि बनाई लागू गर्ने, स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र अनुगमन तथा नियमन गर्ने अधिकार प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने ।
- योजनाका मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनुपर्ने ।
- योजना तर्जुमा गर्दा आयोजनाहरूको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने ।

- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो वार्षिक कार्यक्रम तथा बजेट स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनुपर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनुपर्ने ।

त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र १७ ले राजस्व बाँडफाँट, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरू कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालीन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ । अर्को तर्फ, पन्ध्रौं योजनाले प्रदेश तथा स्थानीय तहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । अन्तरराष्ट्रिय रूपमा प्रतिबद्धता जाहेर गरेका दिगो विकासका लक्ष्यहरू हासिल गर्न गाउँपालिकाहरूले आ—आफ्ना तहबाट सघाउनुपर्ने हुन्छ । आवधिक योजना तर्जुमा देहायका नीतिगत दस्तावेजहरूबाट समेत निर्देशित रहेको छ।

- दिगो विकासका लक्ष्यहरू
- पन्ध्रौं योजना (२०७६/७७- २०८०/८१)
- सोह्रौं योजना (२०८१/८२-२०८५/८६)
- लुम्बिनी प्रदेशको पहिलो आवधिक योजना २०७६
- लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको (अवधारणा पत्र)
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धि सम्झौताहरू
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (राष्ट्रिय योजना आयोग)
- माडी गाउँपालिकाको आर्थिक र विनियोजन ऐनहरू

१.४ आवधिक योजना तर्जुमा प्रक्रिया

योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (५) को सहभागिता सम्बन्धी प्रावधानहरू अनुरूप स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी पेसाकर्मी, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा पाँचवटा विषयगत समितिमा छलफल गरिएको थियो । आवधिक योजना तर्जुमा गर्दा देहायका प्रक्रियाहरूलाई अवलम्बन गरिएको छ ।

१.४.१ दस्तावेजहरूको अध्ययन

यस अन्तर्गत योजना तर्जुमा निर्माण सम्बन्धी प्रमुख दस्तावेजहरू सोह्रौं योजना, पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणा पत्र, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण २०७६, विभिन्न मन्त्रालय तथा विभागहरूले प्रकाशन गरेका प्रतिवेदनहरूमा उल्लिखित प्रावधानहरूको अध्ययन गरिएको थियो । साथै राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेका प्रतिवेदनहरू, प्रदेश सम्बन्धी

सूचनाहरू तथा माडी गाउँपालिकाको पहिलो आवधिक योजना २०७६, स्थानीय ऐन नियम तथा अन्य विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

१.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक

माडी गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, र सूचना अधिकृतसँग छलफल गरी योजना प्रक्रिया अगाडि बढाउने बारे छलफल गरिएको थियो । साथै निर्देशक समिति र सहजीकरण समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी विस्तृत रूपमा छलफल गरी आवधिक योजना निर्माणको विस्तृत कार्ययोजना पेस गरिएको थियो । यसै सिलसिलामा माडी गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग अनौपचारिक छलफल गरी आवधिक योजना निर्माण सम्बन्धी अभिमुखीकरण कार्यशालाको मिति तय गरिएको थियो । गाउँपालिकाको आवधिक योजना तर्जुमाको तयारी स्वरूप निर्देशक समितिको गठन, सहजीकरण समितिको गठन र परामर्श दाता संस्थाले पेस गरेको आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन छलफल गरी पास गरियो ।

१.४.३ योजना अभिमुखिकरण कार्यशाला

गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यशाला २०८१ मङ्सिर २२ गते सञ्चालन गरिएको थियो । उक्त कार्यशालामा आवधिक योजना निर्माणको मुख्य उद्देश्य र यसले समग्र गाउँपालिकाको विकासमा पार्ने प्रभावको बारेमा छलफल गरिएको थियो । कार्यशालामा आवधिक योजना बनाउँदा अपनाउने प्रक्रियाहरू तथा क्रियाकलापहरूको बारेमा विस्तृत रूपमा छलफल गरिनुका साथै सूचनाहरू व्यवस्थित ढङ्गले सङ्कलन गर्ने बारे छलफल गरिएको थियो ।

१.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्याङ्क सङ्कलनका लागि वडा समितिको पहलमा वडास्तरीय परामर्श बैठकहरू मिति २०८१ माघ १ देखि सुरुवात गरी २०८१ माघ ८ गते सम्पन्न गरिएको थियो । जसमा स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिता रहेको थियो । प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू तथा सरोकारवालाहरूसँग परामर्श गरी गाउँपालिकाको विविध पक्षहरू जस्तै पूर्वाधार, कृषि, उद्योग, वित्तीय संस्था, जलस्रोत आदिको बारेमा सूचना सङ्कलन गरिएको थियो । यसैगरी वडा क्षेत्रमा रहेका समस्या, चुनौती तथा अवसरहरू पहिचान गरी सम्भावना बोकेका आवश्यक क्षेत्रहरूको बारेमा सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । गाउँपालिकाका सबै वडाहरूबाट सहभागीतामूलक ढङ्गबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

१.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थिति बारेको विश्लेषणका लागि SWOT विश्लेषण गरी वडा तहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो । सबै वडामा लक्षित समूह छलफल सञ्चालन गरी वडाको वस्तुस्थिति समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख योजना तथा कार्यक्रमहरूका सम्बन्धमा राय तथा सुझाव सङ्कलन गरिएको थियो ।

१.४.६ आवधिक योजना तर्जुमा कार्यशाला

आवधिक योजना तर्जुमा कार्यशाला विषयगत क्षेत्रका सरोकारवालाहरूको सहभागितामा मिति २०८१ माघ १० र ११ गते आयोजना गरिएको थियो । कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौती तथा सम्भावनाहरूको

वस्तुपरक विश्लेषणका आधारमा विषयगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीति तथा कार्यनीतिहरू, प्रमुख कार्यक्रमहरू र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो ।

१.४.७ मस्यौदा प्रमाणीकरण कार्यशाला

आवधिक योजनाको पहिलो मस्यौदा तयार भई सकेपछि गाउँपालिकाका प्रतिनिधिहरू तथा कर्मचारीहरू र राजनीतिक दलका प्रतिनिधिहरू, विषयगत विज्ञहरू तथा सरोकारवालाहरूको सहभागितामा मस्यौदा प्रमाणीकरण कार्यशालामा पेस गरी मस्यौदा उपर विस्तृत रूपमा समीक्षा गरी सहभागीहरूबाट प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदा प्रतिवेदनलाई थप परिमार्जित गरिनेछ ।

१.४.८ अन्तिम प्रतिवेदन स्वीकृत

सहभागीतामूलक कार्यशालाको निष्कर्ष, मस्यौदा प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाव तथा विषय विज्ञहरूसँगको परामर्श तथा छलफलका क्रममा आएका सुझावको आधारमा तयार गरिएको माडी गाउँपालिकाको यस पहिलो आवधिक आयोजना (२०८२/८३—२०८६/८७) को अन्तिम दस्तावेजलाई गाउँसभाबाट स्वीकृत गरिनेछ ।

१.५ अध्ययनको सीमा

आवधिक योजना तर्जुमाको क्रममा वडा तहमा रहेका संस्थाहरूबाट तथ्याङ्क सङ्कलन गर्दा कतिपय आवश्यक तथ्याङ्कहरूको अभाव रहेको देखियो। उपलब्ध तथ्याङ्कहरू स्रोत पिच्छै फरक पाइएको भएता पनि प्राप्त तथ्याङ्कलाई पुनः प्रमाणीकरण गरी योजना तर्जुमाका लागि प्रयोग गरियो। योजना तर्जुमा गर्न गाउँपालिकाको प्रोफाइल, गाउँपालिकाको पहिलो आवधिक योजना २०७६, गाउँपालिका सम्बन्धी विभिन्न दस्तावेजहरू र पूर्वाधार सम्बन्धी आयोजनाहरूबाट प्राप्त तथ्याङ्कको आधारलाई लिएर विषयगत क्षेत्रहरूको लक्ष्य निर्धारण गरिएको छ । थप तथ्याङ्कहरूका लागि सङ्घीय तथा प्रदेश स्तरको अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरूलाई आधार मानिएको छ ।

१.६ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र

गाउँपालिकाले प्रस्तुत आवधिक योजना तर्जुमा गर्दा निम्न पक्षलाई महत्त्व दिएको छ ।

- योजना तर्जुमाको अवधारणात्मक विषयवस्तुको ज्ञान र सीप
- तथ्याङ्क व्यवस्थापन विधि
- विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र।

Goal achieving cycle अनुरूप गाउँपालिकाको वस्तुस्थिति विश्लेषण र अवसर तथा चुनौतीहरूको समीक्षाका साथ गाउँपालिकाले लिएको सोचका आधारमा विषयगत लक्ष्यहरू निर्धारण गरी उद्देश्यहरू स्थापित गरिएका छन् । उद्देश्यहरूका लागि विषयगत नतिजाहरू निर्माण गरिएको र नतिजाहरू प्राप्त गर्नका लागि कार्यक्रमहरू निर्धारण गरिएका छन् ।

परिच्छेद-दुईः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

२.१ गाउँपालिकाको परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाको १० वटा स्थानीय तह मध्येको माडी गाउँपालिका पनि एक हो । अति सौन्दर्य मनमोहक प्रसिद्ध माडी नदीको नामबाट नामकरण गरिएको यस गाउँपालिकाको केन्द्र घर्तीगाउँमा रहेको छ । यस गाउँपालिका रोल्पा जिल्ला सदरमुकाम लिबाङ देखी २७ कि. मि. उत्तर—पश्चिम भागमा अवस्थित रहेको छ । छ वटा वडाहरू रहेको (घर्तीगाउँ, ओत, तालावाङ, भावाङ र कोर्चावाङ) यस गाउँपालिकाको जनसङ्ख्या १८०५६ रहेको छ । साबिकका ५ वटा गाउँ विकास समितिहरू मिलाएर बनेको यस माडी गाउँपालिकाको पूर्वमा रोल्पा नगरपालिका र पश्चिममा गंगादेब गाउँपालिका, उत्तरमा परिवर्तन गाउँपालिका र दक्षिणमा त्रिवेणी गाउँपालिका, रोल्पा नगरपालिका रहेका छन् । बसोबास यस माडी गाउँपालिकामा प्राय जसो मगर समुदायको बाहुल्य रहेको छ यस बाहेक क्षेत्री, गुरुङ दलित समुदायको पनि बसोबास रहेको छ ।



चित्र १: माडी गाउँपालिकाको अवस्थिति नक्सा

२.२ भौगोलिक अवस्थिति

यस माडी गाउँपालिकाको कुल क्षेत्रफल १२९.०५ वर्ग कि.मि. रहेको छ भने यसको जन घनत्व १४० व्यक्ति प्रति वर्ग कि.मि. (राष्ट्रिय जनगणना, २०७८) रहेको छ । समग्र नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको भएता पनि यस गाउँपालिका पहाडी क्षेत्रमा मात्र पर्दछ । तराई र हिमाली क्षेत्रहरू यस गाउँपालिकामा रहेका छैनन् । उचाइको आधारमा र शत—प्रतिशत भू—भाग पहाडी क्षेत्रमा

अवस्थित रहेको हुनाले यस माडी गाउँपालिकाको धरातलीय स्वरूपलाई पहाडी इलाकाको रूपमा परिभाषित गर्न सकिन्छ ।



चित्र २: माडी गाउँपालिकाको भौगोलिक अवस्थिति नक्सा

यस गाउँपालिकामा पर्ने पाँच वटा गा.वि.स. घर्तीगाउँ, ओत, तालावाङ, भावाङ र कोर्चावाङ समेतलाई मिलाएर अहिलेको माडी गाउँपालिका निर्माण गरिएको हो । नव स्थापित यस गाउँपालिकालाई प्रशासनिक दृष्टिकोणबाट ६ वटा वडामा विभाजन गरिएको छ । पहिलेका गा.वि.स का विभिन्न वडाहरूलाई समायोजन गरी वर्तमान गाउँपालिका र वडाहरूको निर्माण निम्नानुसार भएको छ ।

तालिका १: माडी गाउँपालिकाको प्रशासनिक विभाजन

हालको वडा नं.	साबिकको गा वि स	साबिकको वडा नं.	क्षेत्रफल व. कि. मि.
वडा नं. १	घर्तीगाउँ	५,७—९	
	ओत	३—५	
वडा नं. २	घर्तीगाउँ	१—४,६	
वडा नं. ३	तालावाङ	३,५—७	

हालको वडा नं.	साबिकको गा वि स	साबिकको वडा नं.	क्षेत्रफल व. कि. मि.
वडा नं. ४	तालावाङ	१,२,४,८,९	
वडा नं. ५	भावाङ	१—९	
वडा नं. ६	कोर्चावाङ	१,२,६—९	

स्रोतः माडी गाउँपालिका कार्यालय

यस गाउँपालिकाको भौगोलिक अवस्थिति २८° ४१' ०३" उत्तरी अक्षांश र ८०° ५६' ४३" पूर्वी देशान्तर सम्म फैलिएको छ ।

२.२.१ भू—उपयोग

माडी गाउँपालिकाको कूल क्षेत्रफल १३९.०५ वर्ग किलोमिटर मध्ये ९७.८९५ वर्ग किलोमिटर वन जङ्गलले ढाकेको छ भने बस्ती वा आवादीले ६.३३५ वर्ग किलोमिटर चर्चेको छ । यहाँ खेतीयोग्य जमिन २४.८२ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकामा उपलब्ध कृषि भूमि समग्र देश र लुम्बिनी प्रदेशको तुलनामा औसत रहेको देखिन्छ भने बाँझो जमिन र चट्टानी भूभाग तथा घाँसे मैदान समग्र देश, रोल्पा जिल्ला र लुम्बिनी प्रदेशको तुलनामा भने कम रहेको देखिन्छ । माडीमा रहेको वनजंगल क्षेत्र भने रोल्पा जिल्ला, लुम्बिनी प्रदेश र समग्र देशको तुलनामा बढी रहेको देखिन्छ । माडी गाउँपालिकाको वडागत भू उपयोगको अवस्थालाई तलको नक्सामा प्रस्तुत गरिएको छ ।



चित्र ३: माडी गाउँपालिकाको भू उपयोग नक्सा

२.२.२ हावापानी

समुन्द्री सतह देखी करिब ९०० मिटर देखी २७०० मिटर सम्मको भौगोलिक उचाइमा अवस्थित यस माडी गाउँपालिकामा न्यानो समशीतोष्ण हावापानी देखी ठण्डा समशीतोष्ण सम्मको हावापानी पाइन्छ । गाउँपालिकाको तापक्रम जेठ—असारतिर अधिकतम ३८.२ डिग्री सेन्टिग्रेड देखि न्यूनतम १६.२ डिग्री सेन्टिग्रेडसम्म र पौष—माघतिर न्यूनतम २.२ डिग्री सेन्टिग्रेड देखि अधिकतम २६.४ डिग्री सेन्टिग्रेडसम्म रहेको पाइन्छ । यहाँको औसत वर्षा १८४० मि. मि. सम्म भएको देखिन्छ ।

२.२.३ भिरालोपन

पहाडी धरातलमा भिरालोपनको मापनको ज्यादै ठूलो महत्त्व हुन्छ । विभिन्न योजनाको कार्यान्वयन वा अन्य मानवीय क्रियाकलापमा भिरालोपनको नियन्त्रण रहन्छ । गाउँपालिकाको सम्पूर्ण क्षेत्रलाई भिरालोपनाका आधारमा ५ भागमा विभाजन गरिएको छ । यस गाउँपालिकामा समथर भू—भाग एकदमै न्युन जम्मा ०.४६ प्रतिशत मात्र रहेको छ भने ५—१५ डिग्री भिरालोपन भएको क्षेत्र ५.०२ प्रतिशत तथा १५—२५ डिग्री भिरालोपन भएको क्षेत्र १५.९० प्रतिशत रहेको छ जहाँ खेतीपाती गर्न र बस्ती बसाल्न संभव हुने गर्दछ । त्यसरी नै यस गाउँपालिकामा सबैभन्दा बढी ३५ डिग्री भन्दा माथिको भिरालोपन भएको भूभागले ओगटेको छ, जसको हिस्सा ४६.०४ प्रतिशत हुन आउँछ । त्यसैगरी, २५—३५ डिग्री भिरालोपन भएको क्षेत्रले करिब ३२.५६ प्रतिशत भूभाग ओगटेको छ । गाउँपालिकाको यस क्षेत्रमा मानव क्रियाकलापहरू अत्यन्त न्यून रहेको छ ।

२.३ जनसांख्यिक स्थिति

जनसङ्ख्या राज्यको अनिवार्य सर्त हो । जनसङ्ख्या र विकासको बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । गाउँपालिकाको हरेक विकास जनताको लागि हो भने यसको विकासको स्रोत पनि जनता नै हुन । सार्वजनिक प्रशासनको मूल आधार पनि जनता नै हुन् । शासनको मूल केन्द्रमा नागरिक नै रहेका हुन्छन् । अतः जनसङ्ख्या विवरणले राज्यका क्रियाकलापलाई दिशा निर्देशको आधार उपलब्ध गराउँछ । राष्ट्रिय जनगणना २०७८ का अनुसार, यस गाउँपालिकामा कुल ४१३३ परिवारहरू रहेका छन् र प्रति परिवार औसत आकार ४.३७ व्यक्तिहरू रहेको छ (राष्ट्रिय जनगणना, २०७८) । जनसङ्ख्याको हिसाबले पुरुषको सङ्ख्या महिलाको भन्दा कम देखिन्छ । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकाको कूल जनसङ्ख्या १८०५६ रहेको छ, जसमा पुरुष र महिलाको सङ्ख्या क्रमशः ८४२१ (४५.२%) र ९६३५ (५४.८%) रहेका छन् । त्यसैगरी, यस गाउँपालिकाको लैङ्गिक अनुपात ८७.४ पुरुष प्रति १०० महिला रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

सबैभन्दा बढी जनसङ्ख्या वडा नं. १ मा ४६३० रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वडा नं. ६ मा २१७७ रहेको छ । गाउँपालिकाको कुल जनसङ्ख्याको वडागत विवरणको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: जनसङ्ख्याको वडागत वितरणको अवस्था

वडा नं	जम्मा घरपरिवार	जनसङ्ख्या				औसत परिवार सदस्य सङ्ख्या	जनघनत्व प्रति व. कि. मि.	लैङ्गिक अनुपात	प्रतिशत
		२०६८	२०७८	पुरुष	महिला				
१	९८६	४३७७	४६३०	२१८७	२४४३	४.७०	१२२.४७	८९.५२	२५.६४
२	६०३	२१३०	२५४७	११९१	१३५६	४.२२	१५१.११	८७.८३	१४.११

वडा नं	जम्मा घरपरिवार	जनसङ्ख्या				औसत परिवार सदस्य सङ्ख्या	जनघनत्व प्रति व. कि. मि.	लैङ्गिक अनुपात	प्रतिशत
		२०६८	२०७८	पुरुष	महिला				
३	६५७	२८९२	२९४५	१३८२	१५६३	४.४८	१५७.२०	८८.४२	१६.३१
४	५०१	२२८८	२२६९	१०२१	१२४८	४.५३	१६५.८५	८१.८१	१२.५७
५	८४६	४०६५	३४८८	१६४७	१८४१	४.१२	१२७.३९	८९.४६	१९.३२
६	५४०	२२३४	२१७७	९९३	११८४	४.०३	१४९.१६	८३.८७	१२.०६
जम्मा	**४१३३**	**२००५४**	**१८०५६**	**८४२१**	**९६३५**	**४.३७**	**१३९.९१**	**८७.४०**	**१००.००**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

घर सञ्चालनमा घरमूलीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार, कुल घर परिवार मध्ये पुरुष घरमूलीहरूको सङ्ख्या ५६.१३ प्रतिशत र महिला घरमूलीहरूको सङ्ख्या ४३.८७ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकामा विभिन्न लिङ्ग र उमेर समूहका मानिसहरू घरमूलिहरू रहेका देखिन्छन् । सबैभन्दा बढी घरमूली ५० देखि ५९ वर्ष उमेर समूहका र सबै भन्दा कम घरमूली १४ वर्ष भन्दा कम उमेर समूहका रहेका छन् । घरमूलीको सङ्ख्यालाई तलको चित्रमा देखाइएको छ ।

तालिका ३: घरमूलीका आधार परिवारको विवरण

वडा नं	घरमूली			घरमूली %	
	जम्मा	पुरुष	महिला	पुरुष	महिला
१	९८६	४९१	४९५	४९.८	५०.२
२	६०३	३८६	२१७	६४.०१	३५.९९
३	६५७	३२७	३३०	४९.७७	५०.२३
४	५०१	२४९	२५२	४९.७	५०.३
५	८४६	५१५	३३१	६०.८७	३९.१३
६	५४०	३५२	१८८	६५.१९	३४.८१
जम्मा	**४१३३**	**२३२०**	**१८१३**	**५६.१३**	**४३.८७**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस गाउँपालिकामा विवाह गर्न योग्य उमेर समूहका जनसङ्ख्या मध्ये ६२.४ प्रतिशतले विवाह गरेको देखिन्छ भने ३१ प्रतिशत जनसङ्ख्या अविवाहित रहेका छन् । त्यसैगरी, ५.६ प्रतिशत एकल महिला-पुरुष रहेका छन् । ०.३ प्रतिशत जनसङ्ख्याले पारपाचुके गरेको देखिन्छ भने ०.५ प्रतिशत जनसङ्ख्या छुट्टिएर बसेको पाइन्छ ।

तालिका ४: गाउँपालिकामा वैवाहिक स्थितिका आधारमा जनसङ्ख्या वितरण

वैवाहिक स्थिति	पुरुष	महिला	कुल
अविवाहित	३५.२	२७.८	३१.१
विवाहित	६०.८	६३.८	६२.४
एकल (विदुर-विधवा)	३.२	७.६	५.६
पारपाचुके	०.३	०.३	०.३
छुट्टिएको	०.५	०.५	०.५

वैवाहिक स्थिति	पुरुष	महिला	कुल
जम्मा	१००	१००	१००

स्रोतः राष्ट्रिय जनगणना, २०७८

१५ देखि ५९ वर्षसम्मको उमेर समूहको कुल जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या मान्दा यसको हिस्सा ७०.५४ प्रतिशत हुन आउँछ । तर १० देखि ५९ वर्षसम्मको उमेर समूहका लाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या मान्ने हो भने सो हिस्सा बढ्न गइ ८०.१५ प्रतिशत हुन आउँछ । उक्त आँकडा अनुसार, यस गाउँपालिकाका अधिकांश जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेका छन् भन्न सकिन्छ । १० वर्ष माथिका आर्थिक रूपले सक्रिय र उनीहरूको रोजगारीको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । गाउँपालिकाको १० वर्ष माथिका आर्थिक रूपले सक्रिय जनसङ्ख्या मध्ये ६८.१३ प्रतिशतले आफ्नै काम गर्ने गरेको देखिन्छ भने १४.१८ प्रतिशतले परिवारको अन्य सदस्यहरूलाई सहयोग गर्ने गरेको देखिन्छ । त्यसरी नै १६.२५ प्रतिशत जनसङ्ख्या रोजगारीमा संलग्न रहेका छन् भने १.४२ प्रतिशत जनसङ्ख्या रोजगारदाताका रूपमा रहेको पाइन्छ । त्यस्तै उल्लेख नभएका जनसङ्ख्याका रूपमा ०.०२ प्रतिशत रहेका छन् (राष्ट्रिय जनगणना, २०७८)। १० वर्ष माथिका आर्थिक रूपले सक्रिय जनसङ्ख्या र उनीहरूका रोजगारीको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: गाउँपालिकाको आर्थिक रूपमा सक्रिय जनसङ्ख्या र तिनका रोजगारीको अवस्था

उमेर समूह	रोजगार	रोजगारदाता	आफ्नै काम गर्ने	परिवारको सदस्यलाई सहयोग गर्ने	उल्लेख नभएको	जम्मा
१०—१४ वर्ष	५२	०	१६९	२८२	०	५०३
१५—१९ वर्ष	११४	४	३८४	२७२	०	७७४
२०—२४ वर्ष	२५२	१९	८५३	२०७	०	१३३१
२५—२९ वर्ष	२९१	१७	७६६	८७	०	११६१
३०—३४ वर्ष	२२९	१३	८२१	६१	०	११२४
३५—३९ वर्ष	१३९	२६	६४५	५८	१	८६९
४०—४४ वर्ष	१०७	१८	६२५	४८	०	७९८
४५—४९ वर्ष	८२	१०	५१३	४०	०	६४५
५०—५४ वर्ष	७१	८	४८४	६१	१	६२५
५५—५९ वर्ष	७५	६	३९५	२९	०	५०५
६०—५४ वर्ष	३१	३	२५०	३१	०	३१५
६५ वर्ष वा सो भन्दा माथि	३७	५	३००	११५	०	४५७
जम्मा	**१४८०**	**१२९**	**६२०५**	**१२९१**	**२**	**९१०७**
प्रतिशत	**१६.२५**	**१.४२**	**६८.१३**	**१४.१८**	**०.०२**	**१००.००**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.४ सामाजिक विकासको स्थिति

२.४.१ शिक्षा

शिक्षा विकासको आधार हो । साथै यो मर्यादित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । नेपालमा शिक्षा मौलिक हक र नागरिक अधिकारका रूपमा स्थापित भएको छ । यस्तो नागरिक हक सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण माध्यम मानिन्छ। शिक्षा मानव जीवनको अभिन्न पाटो हो । जसले मानवलाई जीवनको उचाइसम्म पुग्नलाई मद्दत पुऱ्याउँछ । शिक्षाको महत्त्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र गाउँको मुहार फेर्न सकिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस गाउँपालिकाको कूल साक्षरता दर ७०.९५ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ८०.० प्रतिशत र महिला साक्षरता दर ६३.२६ प्रतिशत रहेको छ । ५ वर्ष भन्दा माथिका उमेर समूहका मध्ये ७७.१ प्रतिशतले पढ्न र लेख्न दुवै सक्छन् भने १.८ ले पढ्न मात्र सक्छन् । उक्त उमेर समूहका २१.० प्रतिशतले लेखपढ दुवै गर्न सक्दैनन् ।

तालिका ६: गाउँपालिकामा साक्षरताको स्थितिका आधारमा जनसङ्ख्याको वितरण

वडा नं	१५ वर्ष माथिको कूल जनसङ्ख्या			१५ वर्ष माथिको कूल साक्षर			१५ वर्ष माथिको कूल साक्षरता दर		
	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला
१	३१३९	१४२१	१७१८	२१३२	१०७५	१०५७	६७.९२	७५.६५	६१.५३
२	१८०९	८१३	९९६	१३३२	६७९	६५३	७३.६३	८३.५२	६५.५६
३	१९२८	८२६	११०२	१४०२	६९३	७०९	७२.७२	८३.९	६४.३४
४	१४८९	६२२	८६७	१०४८	५०२	५४६	७०.३८	८०.७१	६२.९८
५	२४७३	११२०	१३५३	१६९६	९००	७९६	६८.५८	८०.३६	५८.८३
६	१५८८	७०८	८८०	१२०६	५९२	६१४	७५.९४	८३.६२	६९.७७
जम्मा	**१२४२६**	**५५१०**	**६९१६**	**८८१६**	**४४४१**	**४३७५**	**७०.९५**	**८०.६**	**६३.२६**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकाको ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसङ्ख्या मध्ये प्राथमिक शिक्षा हासिल गर्ने जनसङ्ख्या सबैभन्दा बढी (४३.३४%) छ भने निम्न माध्यमिक तहका शिक्षा हासिल गर्ने जनसङ्ख्या २४.३० प्रतिशत रहेको छ । त्यसरी नै उच्च माध्यमिक तह उत्तीर्ण गने जनसङ्ख्या १२.१६ प्रतिशत छ । प्रविणता तह वा सो सरह उत्तीर्ण गर्ने जनसङ्ख्या ८.६९ प्रतिशत रहेको देखिन्छ । एस्.एल.सी. वा एस.ई.ई. वा सो सरहको तह उत्तीर्ण गर्ने जनसङ्ख्या ७.३४ प्रतिशत रहेको छ भने शैक्षिक स्तर निर्धारण नभएको जनसङ्ख्या ०.०२ प्रतिशत छ । त्यस्तै प्रारम्भिक बाल शिक्षाको योग्यता हासिल गर्ने जनसङ्ख्या ४.२ प्रतिशत रहेको छ । स्नातक तह वा सो सरह उत्तीर्ण जनसङ्ख्या १.४६ प्रतिशत रहेको छ । स्नातकोत्तर वा सो सरह र सो भन्दा माथिका तह उत्तीर्ण गर्ने जनसङ्ख्या ०.५२ प्रतिशत देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) । यस गाउँपालिकाको ५ वर्ष र सोभन्दा माथिका उमेर समूहका जनसङ्ख्याको उत्तीर्ण शैक्षिक स्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।



चित्र ४: पूरा गरेको शैक्षिक तहका आधारमा जनसङ्ख्याको वितरण

स्रोतः राष्ट्रिय जनगणना, २०७८

उपलब्ध तथ्याङ्क अनुसार यस माडी गाउँपालिकाभित्र १९ प्रा वि, ६ नि मा वि तथा ८ मा वि गरी जम्मा ३३ सामुदायिक विद्यालयहरू रहेका छन् भने २ वटा संस्थागत विद्यालय रहेका छन् । गाउँपालिकामा ४ वटा सामुदायिक अध्ययन केन्द्र पनि सञ्चालनमा रहेका छन् । यहाँका सामुदायिक विद्यालयहरूमा कुल ४१८ शिक्षकहरू कार्यरत छन् भने ४८४९ विद्यार्थीहरू अध्ययनरत छन् जसमा आधारभूत कक्षाको विद्यार्थी सङ्ख्या ४०४१ रहेको छ । त्यसैगरी ३३ वटा वाल विकास केन्द्र पनि रहेका छन् । (माडी गाउँपालिकाको शिक्षा शाखा, २०८१) ।

माडी गाउँपालिकाका ५ देखि १७ वर्ष उमेर समूहका कूल बालबालिका मध्ये ९७.७६ प्रतिशत साक्षर रहेका छन् भने पुरुष बालबालिका भन्दा महिला बालबालिकाको साक्षरता दर राम्रो रहेको देखिन्छ । सो उमेर समूहका ५९ बालक तथा ५० बालिका निरक्षर रहेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका ७: ५ देखि १७ वर्ष उमेर समूहका बालबालिका साक्षरता विवरण

वडा नं	५ देखि १७ वर्षका बालबालिकाको जनसङ्ख्या			साक्षर बालबालिका			बालबालिकाको साक्षरता दर		
	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला
१	१३१४	६८३	६३१	१२७३	६६४	६०९	९६.८८	९७.२२	९६.५१
२	६५३	३२०	३३३	६५०	३१७	३३३	९९.५४	९९.०६	१००
३	८९५	४६७	४२८	८८६	४६०	४२६	९८.९९	९८.५	९९.५३
४	६२८	३२०	३०८	६१३	३१२	३०१	९७.६१	९७.५	९७.७३

५	८६५	४६२	४०३	८४३	४५३	३९०	९७.४६	९८.०५	९६.७७
६	५२१	२५०	२७१	५०२	२३७	२६५	९६.३५	९४.८	९७.७९
जम्मा	**४८७६**	**२५०२**	**२३७४**	**४७६७**	**२४४३**	**२३२४**	**९७.७६**	**९७.६४**	**९७.८९**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिकाको शिक्षाको गुणस्तर वृद्धि गर्न र सबैमा शिक्षाको पहुँच पुऱ्याउन सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार, गुणस्तर सुधार र सुदृढीकरण, लैङ्गिकमैत्री शौचालय निर्माण, पर्याप्त खानेपानीको व्यवस्था, जनशक्ति र कोठाको व्यवस्था, बालमैत्री बसाई व्यवस्थापन, अभिभावक अभिमुखीकरण, विद्यालय भर्ना दरमा वृद्धि, प्रौढ तथा विद्यालय जान नपाएकाहरूका लागि अनौपचारिक शिक्षा मार्फत साक्षरता वृद्धि, विद्यालय छाडेका वा छाड्न बाध्य भएकाहरूलाई निरन्तरता दिने कार्यक्रम, आधारभूत र माध्यमिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन, मनोपरामर्श र किशोरकिशोरी शिक्षा सञ्चालन, शैक्षिक सामग्री व्यवस्थापन, पिछडिएको क्षेत्र एवम् समुदाय केन्द्रितगरी नयाँ पूर्व–प्राथमिक विद्यालय विस्तार, शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, पुस्तकालय तथा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन, शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयारी, विद्यालयमा छात्रवृत्ति, माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धि का लागि नमुना विद्यालयको विकास, विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना, विद्यालयमा खेल मैदान तथा लैङ्गिकमैत्री शौचालय निर्माण, लोपोन्मुख जनजाति, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित सीप विकास र जीवनपर्यन्त तथा आयआर्जनमूलक सिकाइ कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य देखिन्छ ।

२.४.२ स्वास्थ्य

हाल सम्मको अवस्था हेर्दा यस गाउँपालिकामा जन स्वास्थ्य क्षेत्रमा हुँदै आएको लगानी र प्रयासहरूको फलस्वरूप गाउँबासीको लागि स्वास्थ्य स्थिति विगतको भन्दा राम्रो हुँदै गएको भएता पनि जनताहरूको स्वास्थ्य स्तरमा सन्तोषजनक सुधार ल्याई गुणस्तरीय, दीर्घायु जीवन यापन गर्ने अवस्थामा पुऱ्याउन बाँकी नै रहेको देखिन्छ । यस गाउँपालिकाको वडा नं. १ मा आधारभूत स्वास्थ्य केन्द्र (घोर्मेटी) तथा एक सामुदायिक स्वास्थ्य इकाई (पोदीखोला) रहेका छन् भने वडा नं. २ मा स्वास्थ्य चौकी (घर्तीगाउँ), एक सामुदायिक स्वास्थ्य इकाई (ब्याङखोला) तथा घर्तीगाउँमा १५ सैयाको अस्पताल निर्माणाधीन रहेको छ । त्यसैगरी वडा नं. ३ को तालबाङमा एक स्वास्थ्य चौकी, वडा नं. ४ को खर्सुडाँडामा एक आधारभूत स्वास्थ्य केन्द्र रहेको छ । यसैगरी वडा नं. ५ मा एक स्वास्थ्य चौकी (पाछाबाङ) तथा एक सामुदायिक स्वास्थ्य इकाई (चरीकोट) रहेका छन् भने वडा नं. ६ को कोर्चाबाङमा एक स्वास्थ्य चौकी सहित जम्मा ९ वटा स्वास्थ्य सेवा प्रदायक संस्थाबाट सेवा प्रदान भइरहेको छ । गाउँपालिकामा ३६ जना स्वास्थ्य सेवा स्वयंसेविका कार्यरत छन् भने १४ वटा खोप क्लिनिक तथा १५ वटा गाउँघर क्लिनिक सञ्चालनमा रहेका छन् । घर्तीगाउँ, तालबाङ, कोर्चाबाङ र भाबाङमा बर्थिङ सेन्टर सञ्चालित छन् । उपरोक्त ९ स्वास्थ्य संस्थामा हाल २२ स्थायी तथा १५ करार सहित ३७ जना स्वास्थ्यकर्मीहरू कार्यरत रहेका छन् भने १२ वटा निजी क्लिनिकहरू र एक निजी अस्पताल समेत सञ्चालनमा छन् (माडी गाउँपालिकाको स्वास्थ्य शाखा २०८१)।

राष्ट्रिय जन गणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा ४५६ विवाहित महिलाका बच्चा नभएको देखिन्छ भने २ वटा बच्चा हुने महिला सबैभन्दा धेरै १२१२ सहेका छन्, ८५८ महिलाको एक वटा बच्चा

रहेकोमा ८३८ महिलाको ३ वटा बच्चा रहेको र ५ वा सो भन्दा बढी बच्चा हुने महिलाको सङ्ख्या २१६ रहेको छ ।

तालिका ८: आमाको उमेर समूह अनुसारको जीवित जन्मिएका बच्चा सङ्ख्या विवरण

जीवित जन्मिएका बच्चा सङ्ख्या	विवाहित महिला सङ्ख्या	उमेर समूह अनुसारको आमाको उमेर (वर्ष)						
		१५-१९	२०- २४	२५-२९	३०-३४	३५-३९	४०-४४	४५-४९
बच्चा नभएको	४५६	१०७	१९४	४९	२९	१९	२७	३१
१ बच्चा	८५८	९६	४२३	१९६	६५	३२	२२	२४
२ बच्चा	१२१२	१०	१७८	३३९	३१७	१८३	११३	७२
३ बच्चा	८३८	२	३१	१०५	२०५	२०१	१७५	११९
४ बच्चा	३९६	०	०	२२	७१	९२	११५	९६
५ बच्चा	१३१	०	१	२	१३	३२	४३	४०
६ बच्चा	६१	०	०	०	३	८	२१	२९
७ बच्चा	१०	०	०	०	१	१	४	४
८ बच्चा	११	०	०	०	०	३	३	५
९ वा सो भन्दा बढी बच्चा	३	०	०	०	०	०	१	२
जम्मा	**३९७६**	**२१५**	**८२७**	**७१३**	**७०४**	**५७१**	**५२४**	**४२२**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकाभित्र रहेका मौजुदा स्वास्थ्य चौकी, स्वास्थ्य इकाई, वर्थिङ सेन्टर, र अस्पतालहरूमा सरकारी मापदण्ड अनुरूप औषधी उपलब्ध गराउन, तिनको आवश्यक पूर्वाधार विकास गर्न, ती स्वास्थ्य संस्थाहरूमा स्वस्थ र सुरक्षित खानेपानीको व्यवस्था गर्न, स्वास्थ्य चौकीहरूमा कम्प्यूटर सुविधा उपलब्ध गराउन, आधुनिक मेशिन तथा उपकरणहरू प्रदान गर्न, प्रत्येक वडाहरूमा सुत्केरी केन्द्रहरू वा वर्थिङ सेन्टरहरू स्थापना र सञ्चालन गर्न, प्रत्येक वडामा कम्तीमा पनि १-१ वटा एम्बुलेन्सको व्यवस्था गर्न, हरेक वर्ष घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालन गर्न, स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू तथा सामुदायिक सरसफाइ अभियान निरन्तर रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ ।

२.४.३ खानेपानी तथा सरसफाइ

नेपालमा पनि विभिन्न योजना तथा कार्यक्रम मार्फत नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धता गराउनमा राज्य लागि परेको छ । माडी गाउँपालिकाले पनि राज्यका योजनालाई कार्यान्वयनमा ल्याउँदै सहज रूपले नागरिक समक्ष खानेपानी उपलब्ध गराउनको लागि विविध प्रयत्न गर्नका साथै स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि राज्य र यसका सञ्चालक निकायसँग पनि समन्वय गर्दै आएको देखिन्छ । रोल्पा जिल्लामा रहेका स्थानीय निकायहरू मध्ये माडी गाउँपालिका प्रचुर जलाधारयुक्त गाउँपालिका मानिन्छ । पानीको पर्याप्त स्रोत उपलब्ध भएको अवस्थामा पनि भौगोलिक विकटता, प्राविधिक अध्ययनको कमी, लागतको समस्या एवं छरिएर रहेको वस्ती भएको कारणले खानेपानीको सहज पहुँच भएको अवस्था छैन भने सरसफाइको लागि समेत पानीको प्रचुरता आवश्यक पर्ने सन्दर्भमा पूर्ण सरसफाइमा समस्या देखिनु स्वाभाविक नै हो ।

यस गाउँपालिकामा पिउने पानीका स्रोतहरूमा कुवा, मूल, धारा, नदी खोला र पाइपबाट वितरण गरिएको पानी नै हो । राष्ट्रिय जनगणना, २०७८ को विवरण अनुसार यस गाउँपालिकामा ४१३३ कुल परिवार सङ्ख्या मध्ये अधिकांश घर परिवार (९४.७९%) ले पाइप धाराको पानी पिउने गरेको देखिन्छ । ढाकिएको इनार वा कुवाको पानी प्रयोग गर्ने परिवारहरू ०.१५ प्रतिशत रहेका छन् भने नढाकिएको इनार वा कुवाको पानी प्रयोग गर्ने परिवारहरू १.३५ प्रतिशत रहेका छन् । त्यसरी नै मूलको धारा प्रयोग गर्ने परिवारहरू २.५६ प्रतिशत रहेका छन् । खोला वा झरनाको पानी पिउने परिवारको सङ्ख्या १.०६ प्रतिशत छन् । जार तथा बोतलको पानी पिउने परिवारहरू ०.०२ प्रतिशत रहेको देखिन्छ भने अन्य स्रोतबाट पानी पिउने परिवारहरू ०.०५ प्रतिशत रहेका छन् (राष्ट्रिय जनगणना, २०७८)। खाने पानीको स्रोत अनुसार परिवारको सङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ९: पिउने पानीका स्रोतको आधारमा परिवारको पहुँच विवरण

वडा नं		१	२	३	४	५	६	जम्मा	प्रतिशत
जम्मा घरपरिवार		९८६	६०३	६५७	५०१	८४६	५४०	४१३३	१००.००
खानेपानीको मुख्य स्रोत	कम्पाउण्ड भित्र पाइप धारा	६९३	१२२	१७८	१११	६००	४९७	२२०१	५३.२५
	कम्पाउण्ड बाहिर पाइप धारा	२८४	४७६	३८९	३६८	१५९	४१	१७१७	४१.५४
	ढाकिएको इनार कुवा	०	०	६	०	०	०	६	०.१५
	नढाकिएको इनार कुवा	१	०	४२	०	१२	१	५६	१.३५
	मूलको पानी	७	५	१०	१९	६४	१	१०६	२.५६
	नदी खोला	१	०	३१	३	९	०	४४	१.०६
	जार बोटल	०	०	१	०	०	०	१	०.०२
	अन्य	०	०	०	०	२	०	२	०.०५

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकामा प्रयोग गरिने शौचालयहरूमा फ्लस भएको (सार्वजनिक ढल) प्रयोग गर्ने घर परिवारहरू ९.७ प्रतिशत रहेका छन् भने फ्लस भएको (सेप्टिक ट्यांक) प्रयोग गर्ने घर परिवारहरू ७३.९२ प्रतिशत छन् । त्यसरी नै १५.३९ प्रतिशत घर परिवारहरूले साधारण प्रकारका शौचालय प्रयोग गर्ने गरेको देखिन्छ भने ०.२४ प्रतिशतले सार्वजनिक शौचालय प्रयोग गर्दछन् । कुल घर परिवारहरू मध्ये ०.७५ प्रतिशतमा शौचालय नभएको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)। घर परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसारका परिवार सङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १०: शौचालय प्रयोग सम्बन्धी विवरण

वडा नं	जम्मा	शौचालयको प्रकार				शौचालय नभएको
		सार्वजनिक ढल सहितको फ्लस शौचालय	सेप्टी ट्याङ्क सहितको फ्लस शौचालय	साधारण शौचालय	सार्वजनिक शौचालय	
१	९८६	१६१	७०७	१०७	३	८
२	६०३	१०	५८३	६	२	२
३	६५७	९४	५३२	२९	१	१
४	५०१	६	४३५	५९	०	१
५	८४६	१६	३७५	४३२	४	१९

वडा नं	जम्मा	शौचालयको प्रकार				शौचालय नभएको
		सार्वजनिक ढल सहितको फ्लस शौचालय	सेप्टी ट्याङ्क सहितको फ्लस शौचालय	साधारण शौचालय	सार्वजनिक शौचालय	
६	५४०	११४	४२३	३	०	०
जम्मा	**४१३३**	**४०१**	**३०५५**	**६३६**	**१०**	**३१**
प्रतिशत	**१००.००**	**९.७०**	**७३.९२**	**१५.३९**	**०.२४**	**०.७५**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकामा एक घर एक धाराको व्यवस्था गर्न, पानी शुद्धीकरण गर्ने वार सचेतनामूलक कार्यक्रम गर्न, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्न, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत सँभार गर्न, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।

२.४.४ धार्मिक तथा सांस्कृतिक अवस्था

मिश्रित जात जातीहरूको बसोबास रहेको यस गाउँपालिका नेपालका अन्य क्षेत्रका तुलनामा धार्मिक तथा सांस्कृतिक हिसाबले केही भिन्न र धनी मान्न सकिन्छ ।



चित्र ५: गाउँपालिकाको धार्मिक आस्था अनुसारको जनसङ्ख्या

राष्ट्रिय जनगणना, २०७८ को विवरण अनुसार ८७.३ प्रतिशत हिन्दू धर्म मान्ने मानिसको बाहुल्य रहेको यस गाउँपालिकामा अन्य धर्मावलम्बीहरू जस्तै प्रकृति (७.४%), बौद्ध (२.४%) र इसाई (२.७%) लगायत अन्य धार्मिक आस्था बोक्ने मानिसहरू बसोबास गर्छन् भने यहाँ धार्मिक सहिष्णु समाज नै रहेको देखिन्छ ।धार्मिक आस्था अनुसार यस गाउँपालिकाको जनसङ्ख्यालाई तलको चित्रमा समेत देखाइएको छ ।

माडी गाउँपालिकामा मगर जातिको बाहुल्य (५४.९%) रहेको छ भने क्षेत्री, विश्वकर्मा, परियार,ब्राह्मण, ठकुरी र थारुको जनसङ्ख्या क्रमशः २६.७ प्रतिशत, १३ प्रतिशत, ४.३ प्रतिशत, ०.४ प्रतिशत, ०.३ प्रतिशत र ०.१ प्रतिशत रहेको छ ।



चित्र ६: जातिगत रूपमा माडी गाउँपालिकाको जनसङ्ख्या विवरण

माडी गाउँपालिकामा भाषागत रूपमा नेपाली मातृ भाषी सबैभन्दा धेरै (९०.९%) रहेका छन् भने मगर, भोजपुरी र गुरुङ भाषीहरू क्रमशः ८.८ प्रतिशत, ०.२ प्रतिशत र ०.१ प्रतिशत छन् ।



चित्र ७: भाषागत रूपमा माडी गाउँपालिकाको जनसङ्ख्या विवरण

यस गाउँपालिकाका मानिसहरू करिब दुई दर्जन चाडपर्वहरू मनाउँछन् । ती मध्ये नयाँ वर्ष, तीज, रक्षा बन्धन, श्रीकृष्ण जन्माष्टमी, न्वागी, दसैं, तिहार, माघी (माघे सङ्क्रान्ति), होली, शिवरात्री आदि पर्दछन् । उल्लिखित चाडपर्वको छोटो परिचय यस प्रकार छः

१. **नयाँ वर्षः** नेपाली नयाँ वर्ष सुरु हुने यो पर्व वैशाख महिनामा पर्छ । यस दिनको धार्मिक महत्व नभए पनि सांस्कृतिक र मनोरञ्जनात्मक महत्व रहेको छ ।
२. **रक्षा बन्धनः** संस्कृत भाषामा रक्षा बन्धनको अर्थ रक्षाका लागि बाँधिएको धागो भन्ने हो । यो हिन्दू समुदायको महत्वपूर्ण पर्व हो । यो पर्व पनि सामान्यतया साउन, भदौ महिनामा पर्दछ ।

३. **कृष्ण जन्माष्टमीः** यो पर्व भगवान् श्रीकृष्णको जन्म दिनसँग सम्बन्धित छ । श्रीकृष्ण भगवानको स्मरण गर्दै व्रत बसी घर घरमा तथा कृष्ण मन्दिरहरूमा पूजा गरी कृष्ण जन्माष्टमी विशेष उल्लासका साथ मनाइन्छ ।

४. **तीजः** तीजलाई नारी समुदायको पर्वका रूपमा लिने गरिएको छ । तीजको अघिल्लो राति दर खाएर तीजको दिन महिलाहरू भगवान् शिव पार्वतीको पूजा गरी व्रत बस्ने गर्छन् । यो पर्व सामान्यतया साउन महिनामा पर्छ ।

५. **दसैँः** असोज कार्तिकतिर नेपाली हिन्दू समुदायको महत्वपूर्ण पर्व दसैँ पर्छ । आश्विन शुक्ल प्रतिपदादेखि सुरु हुने यो पर्व नौ दिनसम्म देवी भवानीको पूजाआजा गरेर अनि दसौँ दिनदेखि पन्ध्रौँ दिनसम्म मान्यजनका हातबाट टीका लगाएर मनाइन्छ । यस पर्वलाई बडादशैँ पनि भनिन्छ ।

६. **तिहारः** तिहार पर्व सामान्यतया कार्तिक महिनामा पर्छ । यसलाई उज्यालोको पर्व पनि भनिन्छ । पाँच दिनसम्म मनाइने यस पर्वमा कौवा तिहार, कुकुर तिहार, गोरु तिहार, गाई तिहार, लक्ष्मी पूजा र भाइटीका पर्दछन् ।

७. **न्वागीः** न्वागी भनेको नयाँ अन्न भित्र्याउने पर्वका रूपमा प्रसिद्ध छ । यस समुदायमा यसलाई न्वागी खाने भन्छन् ।

८. **माघे सङ्क्रान्तिः** माघ महिना प्रारम्भ हुने दिन अर्थात् सङ्क्रान्तिमा पर्ने यो पर्व सबै जातिको विशेष पर्व मानिन्छ । यस पर्वलाई वर्षभरिकै जाडो दिन मानिन्छ । यस समुदायले यस दिन बिहानै नुहाइधुवाइ गर्ने, मिठोमिठो खाने, नाचगान रमाइलो गर्ने गर्छन् ।

९. **शिवरात्रीः** शिवरात्रीको अर्थ शिवजीसँग सम्बन्धित रात हो । यो पर्व सामान्यतया फागुन महिनामा पर्छ । यस दिन स्थानीय शिव मन्दिरहरूमा मेला र बर्तालुहरूको घुइँचो लाग्ने गर्छ ।

१०. **होलीः** रङ्गहरूको पर्वका रूपमा परिचित होली पर्वमा एक आपसमा रङ्गहरू छ्यापाछ्याप गरी मनाउने चलन रहेको छ ।

२.४.५ लैङ्गिक समानता र सामाजिक समावेशीकरण

लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई नेपाल सरकार र यसका विकास साझेदारहरूले न्यायपूर्ण विकासका लागि जरुरी ठहर्याएका छन् । २०६२-६३ को दोस्रो जनआन्दोलनपछि विकास साझेदारको सहयोगमा सरकारका प्रयासहरू विद्यमान शक्ति सन्तुलनको पुनर्संरचना गरी सबै जातजाती, धर्म, लिङ्ग, क्षेत्र, उमेर र वर्गका नागरिकलाई अधिकार प्रत्याभूति गर्दै नेपाललाई समावेशी र न्यायपूर्ण राज्यमा रूपान्तरण गर्न लक्षित रहेको देखिन्छ । विभिन्न हिसाबले गाउँपालिका सम्पन्न रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग, सामाजिक तथा आर्थिक रूपले पछाडि रहेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकास्तरीय योजनाले समेट्दै लैजानु पर्छ ।

गाउँपालिकामा कुल घर परिवारहरू मध्ये सम्पत्ति माथि महिलाको स्वामित्व रहेको घरपरिवारहरू १४.१४ प्रतिशत रहेको छ । सम्पत्ति माथि महिलाको स्वामित्व नभएको घरपरिवारहरू ८५.९७ प्रतिशत देखिन्छ भने

यसबारे उल्लेख नभएका घरपरिवारहरू ०.९ प्रतिशत रहेको छ । कुल घरपरिवारहरू मध्ये महिलाको घर र जमिन दुवैमा स्वामित्व रहेको घरपरिवारहरू १३.१४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

तालिका ११: महिलाको सम्पत्ति माथि स्वामित्व रहेको घरपरिवारहरूको विवरण

वडा नं	जम्मा घरधुरी	महिलाको स्वामित्वमा घर जग्गा भएको	महिलाको स्वामित्वमा घर जग्गा नभएको	उल्लेख नभएको	महिलाको स्वामित्वमा घर जग्गा भएको	महिलाको स्वामित्वमा घर जग्गा नभएको	उल्लेख नभएको
	सङ्ख्या				प्रतिशत		
१	९८६	८९	८९०	७	९.०३	९०.२६	०.७१
२	६०३	१५४	४४६	३	२५.५४	७३.९६	०.५
३	६५७	३५	६२२	०	५.३३	९४.६७	०
४	५०१	५९	४२७	१५	११.७८	८५.२३	२.९९
५	८४६	११४	७२४	८	१३.४८	८५.५८	०.९५
६	५४०	९२	४४४	४	१७.०४	८२.२२	०.७४
जम्मा	**४१३३**	**५४३**	**३५५३**	**३७**	**१३.१४**	**८५.९७**	**०.९**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थाहरूमा सुत्केरी जाँचको व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ ।

यस गाउँपालिकामा अपाङ्गता भएको जनसङ्ख्या ४.६६ प्रतिशत रहेको छ । अपाङ्गता भएका महिला र पुरुषका सङ्ख्या क्रमशः ४.३ प्रतिशत र ५ प्रतिशत रहेको छ । उपलब्ध सूचना तथा जानकारी अनुसार, यस गाउँपालिकामा महिला तथा घरेलु हिंसाको प्रतिशत ०.०१ रहेको देखिन्छ । यस आँकडालाई नगण्य रूपमा नै लिन सकिन्छ । बालश्रमको स्थिति प्रायः शून्य नै देखिन्छ । गाउँपालिकामा लैङ्गिक र जातीय विभेद कम छ तर अधिकांश जनमानसमा यस सम्बन्धी कानुनी जानकारी कम छ । यसको लागि सम्बन्धित सरोकारवाला, महिला तथा दलित समुदायका मानिसहरूलाई २ वटा लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भइसकेको देखिन्छ । गाउँपालिकामा लैङ्गिक हिंसा पीडित महिलाहरूका लागि सुरक्षित आवासगृहको व्यवस्था भएको देखिँदैन ।

गाउँपालिकामा कुनै पनि अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था रहेको देखिँदैन । यस गाउँपालिकामा कुल सहभागीहरूमा महिलाको प्रतिशत ४५ प्रतिशत देखिन्छ । व्यावसायिक सीपमूलक तालिम प्राप्त महिलाहरूको सङ्ख्या १५० देखिन्छ । बाल उत्थान र विकासको लागि यस गाउँपालिकामा बाल हेल्पलाइन, बाल उद्यान तथा सुरक्षित बाल गृहहरू सञ्चालनमा आएको देखिँदैन । गाउँपालिकामा अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र र अपाङ्गता सम्बन्धी हेल्प डेक्स सञ्चालन भएको देखिँदैन जसको स्थापना र सञ्चालन हुन आवश्यक छ ।

परनिर्भरता अनुपातका आधारमा माडी गाउँपालिकाको १४ वर्ष भन्दा कम उमेर समूहका र ६५ वर्ष माथिका जनसङ्ख्याको ६०.७५ प्रतिशत जनसङ्ख्या परनिर्भर रहेको देखिन्छ । १४ वर्ष भन्दा कम उमेर समूहका ५६३० मध्ये ५०.१२ प्रतिशत तथा ६५ वर्ष माथिका ११९४ मध्ये १०.६३ प्रतिशत परनिर्भर रहेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका १२: माडी गाउँपालिकाको आश्रित जनसङ्ख्या विवरण

वडा नं	उमेर समूह अनुसारको जनसङ्ख्या			कूल जनसङ्ख्या	परनिर्भरता अनुपात		
	०-१४	१५-६४	६५+		बालबालिका	जेष्ठनागरिक	जम्मा
१	१४९१	२९२१	२१८	४६३०	५१.०४	७.४६	५८.५१
२	७३८	१६५९	१५०	२५४७	४४.४८	९.०४	५३.५३
३	१०१७	१६८४	२४४	२९४५	६०.३९	१४.४९	७४.८८
४	७८०	१३४५	१४४	२२६९	५७.९९	१०.७१	६८.७
५	१०१५	२१८६	२८७	३४८८	४६.४३	१३.१३	५९.५६
६	५८९	१४३७	१५१	२१७७	४०.९९	१०.५१	५१.५
जम्मा	**५६३०**	**११२३२**	**११९४**	**१८०५६**	**५०.१२**	**१०.६३**	**६०.७५**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

महिला तथा बञ्चितिकरणमा परेका सीमान्तकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु, जातीय र वर्गीय विभेद अन्त्य गर्नु, लैङ्गिक तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, तथा अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिकता सम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु, लैङ्गिक संवेदनशीलता र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु, गाउँपालिकाको संयन्त्रहरूमा लैङ्गिक परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु, गाउँपालिकामा लैङ्गिक बजेट प्रणालीको अवलम्बन गर्नु, समाजमा विद्यमान विकृति र विसङ्गतिको न्यूनीकरण गर्नु, लैङ्गिक समानता र समावेशीकरणका कार्यक्रमहरू प्रत्येक वस्ती स्तरसम्म पुऱ्याउनु, अन्धविश्वास, कुरीति र जातीगत संकुचितताहरूलाई निर्मूल पार्नु आदि आवश्यक छ । उपरोक्त कुराहरूलाई दृष्टिगोचर गर्दै यो आवधिक योजनाको तर्जुमा गरिएको छ ।

गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये ४.६६ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरू मध्ये ५३. ७३ प्रतिशत अर्थात् ७९१ जना मध्ये ४२५ जना साक्षर रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका १३: ५ वर्ष माथिका अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता विवरण

वडा नं	५ वर्ष माथिका अपाङ्गता भएका व्यक्तिहरू				साक्षरता दर
	जम्मा	साक्षर	निरक्षर	उल्लेख नभएको	
१	१४९	९५	५३	१	६३.७६
२	८४	४४	४०	०	५२.३८
३	१२१	८३	३८	०	६८.६

४	४२	२७	१५	०	६४.२९
५	१६१	५९	१०२	०	३६.६५
६	२३४	११७	११७	०	५०
जम्मा	**७९१**	**४२५**	**३६५**	**१**	**५३.७३**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.४.६ युवा तथा खेलकुद

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न गाउँपालिकास्तरमा खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी स्वास्थ्यका लागि खेलकुद अभियानलाई व्यवहारमा उतार्न जरुरी छ । यस गाउँपालिकाको कूल जनसङ्ख्याको ४१.४७ प्रतिशत जनसङ्ख्या (१५-३९ वर्ष उमेर समूह) युवा जनसङ्ख्या रहेको छ (राष्ट्रिय गणना, २०७८) । युवाहरूको जनसङ्ख्या तुलनात्मक रूपमा अन्य उमेर समूहको भन्दा बढी भएको कारण ती ऊर्जाशील युवाहरूलाई गाउँपालिकाको विकासमा लगाउन आवश्यक देखिन्छ । साथै युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न उनीहरूमा सीप विकास गराउँदै स्थानीय स्तरमै रोजगारी तथा स्व–रोजगारीको अवसर सिर्जना गर्न समेत आवश्यक देखिन्छ ।

माडी गाउँपालिकामा कलिलै उमेरमा विवाह गर्ने सङ्ख्या भने केही उच्च रहेको देखिन्छ, २० देखि २४ वर्ष उमेर समूहका १८७६ जना मध्ये २५ जना (१.३३%, महिला—२४जना) ले १५ वर्ष पुग्नु अघि नै विवाह गरेका तथा ४१४ जना (२२.०७%, महिला—३२६जना) ले १८ वर्ष पुग्नु अघि नै विवाह गरेका देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका १४: माडी गाउँपालिकामा बाल–विवाहको अवस्था

वडा नं	२० देखि २४ वर्ष उमेर समूहको जनसङ्ख्या			१५ वर्ष उमेर अघि विवाह गर्ने जनसङ्ख्या			बाल-विवाह दर		
	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला
१	५२८	२२२	३०६	०	०	०	०	०	०
२	२९९	१२३	१७६	६	२	४	२.०१	१.६३	२.२७
३	२७२	१०५	१६७	३	०	३	१.१	०	१.८
४	२५४	८८	१६६	७	१	६	२.७६	१.१४	३.६१
५	३२३	१४६	१७७	४	१	३	१.२४	०.६८	१.६९
६	२००	८१	११९	५	०	५	२.५	०	४.२
जम्मा	**१८७६**	**७६५**	**१११९**	**२५**	**४**	**२१**	**१.३३**	**०.५२**	**१.८९**
वडा नं	**२० देखि २४ वर्ष उमेर समूहको जनसङ्ख्या**			**१८ वर्ष उमेर अघि विवाह गर्ने जनसङ्ख्या**			**बाल-विवाह दर**		
	जम्मा	**पुरुष**	**महिला**	**जम्मा**	**पुरुष**	**महिला**	**जम्मा**	**पुरुष**	**महिला**
१	५२८	२२२	३०६	१२९	३०	९९	२४.४३	१३.५१	३२.३५
२	२९९	१२३	१७६	४६	१३	३३	१५.३८	१०.५७	१८.७५
३	२७२	१०५	१६७	६२	११	५१	२२.७९	१०.४८	३०.५४

४	२५४	८८	१६६	७०	७	६३	२७.५६	७.९५	३७.९५
५	३२३	१४६	१७७	५८	१४	४४	१७.९६	९.५९	२४.८६
६	२००	८१	११९	४९	१३	३६	२४.५	१६.०५	३०.२५
जम्मा	**१८७६**	**७६५**	**१११११**	**४१४**	**८८**	**३२६**	**२२.०७**	**११.५**	**२९.३४**

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

खेलकुदमा प्रायः युवाहरू नै संलग्न रहने गर्दछन् । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडीहरूको सङ्ख्या २ रहेको छ । युवाहरूको नेतृत्वमा रहेको सामाजिक सङ्घ संस्थाहरू ५ वटा रहेका छन् । त्यसरी नै प्रदेश तथा जिल्लास्तरीय खेलाडीहरूको सङ्ख्या १० रहेको देखिन्छ । साथै यस गाउँपालिकामा सहकारीमा आबद्ध युवाहरूको हिस्सा १० प्रतिशत रहेको छ । यस गाउँपालिकामा कतिपय युवाहरू रोजगारी, स्व–रोजगारी र आय आर्जनको लागि स्थानीय व्यवसायमा संलग्न रहेका देखिन्छन् । युवा व्यवसायीहरूबाट सञ्चालन भएका यस्ता व्यवसायको सङ्ख्या ४० रहेका छन् । यस गाउँपालिकामा उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या ३० रहेको छ । उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवाहरू १२ प्रतिशत रहेको छ । गाउँपालिकामा युवाक्लब, संजाल तथा संस्थाको कुल सङ्ख्या १२ रहेको छ । यस गाउँपालिकामा कुनै पनि पालिकास्तरीय खेलमैदान रहेको देखिँदैन । यहाँ नियमित योगाभ्यास गर्ने जनसङ्ख्या रहेको देखिँदैन । कुल विद्यालय मध्ये १० वटा विद्यालयहरूमा खेल मैदान रहेको छ । हालसम्म गाउँपालिकाले ५ पटक अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रमको आयोजना गरेको देखिन्छ । साथै पालिकामा सञ्चालित खेलकुद प्रतियोगिताको सञ्चालन समय समयमा हुने गरेको छ । पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रमको सङ्ख्या १ रहेको छ । यस गाउँपालिकामा कवर्डहल र प्रदेशस्तरको खेल मैदान रहेको छैन ।

२.५ आर्थिक विकासको अवस्था

२.५.१ कृषि क्षेत्रको स्थिति

देशको कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६० प्रतिशत जनसङ्ख्या कृषिमा आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो । उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढङ्गले सुधार तथा रूपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्ने हुन्छ । नेपालको वर्तमान संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । विभिन्न कारणले उत्पन्न हुन सक्ने खाद्य तथा पोषण सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछा मासु उत्पादनमा आत्मनिर्भरताको लागि सुधारको आवश्यकता छ । कृषिजन्य वस्तुहरूमा हालसम्म देखा परेका परनिर्भरता हटाई उत्पादनमूलक कृषि प्रणालीको विषयलाई स्थानीय तहबाटै योजना तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, यस माडी गाउँपालिकामा ३८०६ कृषक परिवारहरू रहेका छन् भने कृषक परिवारले भोगचलन गरेको जग्गाको कुल क्षेत्रफल १४८८.६ हेक्टर रहेको छ । भोगचलन गर्दै आएको कुल क्षेत्रफल मध्ये ३१.९ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध रहेको छ । ३८०६ कृषक परिवारहरूले भोगचलन गर्दै आएको जग्गा ९८३९ कित्तामा विभाजित रहेको देखिन्छ । प्रति कृषक परिवारको औसत कित्ता सङ्ख्या २.६ रहेको छ (राष्ट्रिय कृषि गणना, २०७८) ।

तालिका १५: कृषक परिवारले चलन गरेको जग्गाको विवरण

कृषक परिवारको जम्मा सङ्ख्या	कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर)	जम्मा कित्ता सङ्ख्या	औसत कित्ता सङ्ख्या	सिँचित क्षेत्रफल (हेक्टर)
३८०६	१४८८.६	९८३९	२.६	३१.९

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

आफ्नो हकको जग्गामात्र कमाउने परिवार सङ्ख्या ३७७० रहेको छ भने सो जग्गाको क्षेत्रफल १४८०.२ हेक्टर रहेको छ । त्यसरी नै अरूको हकको जग्गामात्र कमाउने परिवार रहेको छैन भने अन्य प्रकारको उपभोग अन्तर्गत जग्गा कमाउने परिवार सङ्ख्या सुन्य रहेको छ । एकभन्दा बढी प्रकारको स्वामित्व भएको परिवार सङ्ख्या ३६ रहेको छ भने तिनको क्षेत्रफल ८.४ हेक्टर रहेको छ (राष्ट्रिय कृषि गणना, २०७८)।

तालिका १६: स्वामित्वका आधारमा जग्गाको वर्गीकरण

एक प्रकारको स्वामित्व						एकभन्दा बढी प्रकारको स्वामित्व	
परिवारको हकको जग्गामात्र कमाउने		अरूको हकको जग्गामात्र कमाउने		अन्य प्रकारको उपभोग अन्तर्गत			
परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)	परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)	परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)	परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)
३७७०	१४८०.२	०		०		३६	८.४

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

जम्मा खेतीयोग्य जग्गा भएको परिवार सङ्ख्या ३७७३ रहको छ भने कुल क्षेत्रफल १२०८.३ हेक्टर रहेको छ । अस्थायी बाली लागेको जग्गाको परिवार सङ्ख्या ३७७३ र क्षेत्रफल १०८२.२ हेक्टर रहेको छ । अन्य खेतीयोग्य जग्गा भएको परिवार सङ्ख्या ११९८ रहेको छ भने यसको क्षेत्रफल १२६.२ हेक्टर रहेको छ । स्थायी बाली लागेको जग्गा भएको परिवार सङ्ख्या ७४९ छ भने यसको क्षेत्रफल ६५.० हेक्टर रहेको छ । त्यसरी नै स्थायी चौरचरन, निजी बनबनेलो, पोखरी तथा अन्य जग्गा भएको परिवारको सङ्ख्या ३८०६ र यसको जम्मा क्षेत्रफल २१५.३ हेक्टर रहेको छ (राष्ट्रिय कृषि गणना, २०७८)।

तालिका १७: बालीका आधारमा जग्गाको वर्गीकरण

जम्मा खेतीयोग्य जग्गा		अस्थायी बाली लागेको जग्गा		अन्य खेतीयोग्य जग्गा		स्थायी बाली लागेको जग्गा		स्थायी चौरचरन, निजी बनबनेलो, पोखरी तथा अन्य जग्गा	
परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)	परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)	परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)	परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)	परिवार सङ्ख्या	क्षेत्रफल (हेक्टर)
३७७३	१२०८.३	३७७३	१०८२.२	११९८	१२६.२	७४९	६५.०	३८०६	२१५.३

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, यस माडी गाउँपालिकामा कृषक परिवारको सङ्ख्या ३८०६ रहेकोमा पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा सङ्ख्या भने ३५९६ रहेका छन् । त्यसमा पनि गाई/गोरु पाल्ने परिवारको सङ्ख्या ३०५४ र गाई गोरुको सङ्ख्या ९०५१ रहेको छ ।

तालिका १८: माडी गाउँपालिकाका पशुपक्षीपालनको विवरण

कृषक परिवारको जम्मा सङ्ख्या			३८०६
पाल्तु चौपाया	पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा सङ्ख्या		३५९६
	गाई/गोरु	कृषक परिवार सङ्ख्या	३०५४
		गाई/गोरु सङ्ख्या	९०५१
	राँगा/भैंसी	कृषक परिवार सङ्ख्या	११२८
		राँगा/भैंसी सङ्ख्या	२२४१
	बाखा/च्याङ्ग्रा	कृषक परिवार सङ्ख्या	३०४८
		बाखा/च्याङ्ग्रा सङ्ख्या	२०९९१
	भेडा/भेडी	कृषक परिवार सङ्ख्या	५४५
		भेडा/भेडी सङ्ख्या	१८७७
	सुगुँर/बंगुर	कृषक परिवार सङ्ख्या	५४४
		सुँगुर/बङ्गुर सङ्ख्या	९६७
	अन्य पशु	कृषक परिवार सङ्ख्या	८
		अन्य पशु सङ्ख्या	८
पाल्तु पन्छी	कुखुरा	कृषक परिवार सङ्ख्या	३०६६
		कुखुरा सङ्ख्या	३२८६१
	अन्य पन्छी	कृषक परिवार सङ्ख्या	१२६
		अन्य पन्छी सङ्ख्या	१५००

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

यस गाउँपालिकामा राँगा भैंसी पाल्ने परिवारको सङ्ख्या ११२८ र राँगा भैंसीको सङ्ख्या २२४१ रहेको छ । त्यसैगरी, बाखा च्याङ्ग्रा पाल्ने कृषक परिवारको सङ्ख्या ३०४८ र बाखा च्याङ्ग्राको सङ्ख्या २०९९१ रहेको छ । भेडा भेडी पाल्ने कृषक परिवारको सङ्ख्या ५४५ रहेको छ भने भेडा भेडीको सङ्ख्या १८७७ रहेको छ । सुँगुर बङ्गुर पाल्ने कृषक परिवारका सङ्ख्या ५४४ रहेको छ भने सुँगुर बङ्गुरको कुल सङ्ख्या ९६७ रहेको छ । त्यसरी नै अन्य पशु पाल्ने कृषक परिवार सङ्ख्या ८ रहेको छ भने तिनको सङ्ख्या ८ रहेको छ । गाउँपालिका भरी कुखुरा पाल्ने परिवारको सङ्ख्या ३०३६ रहेको र कुखुराको सङ्ख्या ३२८६१ रहेको छ । साथै अन्य पन्छी पाल्ने कृषक परिवार सङ्ख्या १२६ र तिनको सङ्ख्या १५०० रहेको छ (राष्ट्रिय कृषि गणना, २०७८)।

यस गाउँपालिकामा मझौला तथा साना किसानहरू कृषिमा बढी संलग्न रहेको देखिन्छ । गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेका छन् । समग्रतामा खाद्यान्न उपलब्धताको हिसाबले यस गाउँपालिकाको अवस्था सामान्य देखिएता पनि अझै केही जनसङ्ख्या मौसमी खाद्य असुरक्षामा रहेको देखिन्छ । कुल खेतीयोग्य जमिनको १ चौथाइ जमिन बाँझो रहेको छ । मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहेको कारण यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो रहेको छ । यहाँको कृषि पेसाले व्यावसायिकता हासिल गर्न सकिरहेको छैन ।

माडी गाउँपालिकाको रोजगारमा संलग्न कूल ९१०७ जनसङ्ख्याको ७२.६३ प्रतिशत रोजगारी कृषिमा आधारित रहेको देखिन्छ जसमा पुरुषको हिस्सा ६८.४६ प्रतिशत तथा महिलाको हिस्सा ७६.३६ प्रतिशत छ (राष्ट्रिय जनगणना, २०७८)।

तालिका १९: गाउँपालिकामा रोजगारीको स्थिति

वडा नं	रोजगारमा संलग्न जनसङ्ख्या			कृषिमा आबद्ध रोजगारी %			गैर कृषिमा आधारित रोजगारी %		
	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला
१	२३०७	१०६७	१२४०	७६.८१	७२.०७	८०.८९	२३.१९	२७.९३	१९.११
२	१६९२	७९१	९०१	६८.७९	५७.६५	७८.५८	३१.२१	४२.३५	२१.४२
३	११९८	५८०	६१८	६७.४५	६७.५९	६७.३१	३२.५५	३२.४१	३२.६९
४	१०३४	४३८	५९६	७६.९८	७०.०९	८२.०५	२३.०२	२९.९१	१७.९५
५	१८११	९००	९११	६९.३५	६६.४४	७२.२३	३०.५९	३३.५६	२७.६६
६	१०६५	५२६	५३९	७६.८१	८०.४२	७३.२८	२३.१९	१९.५८	२६.७२
जम्मा	**९१०७**	**४३०२**	**४८०५**	**७२.६३**	**६८.४६**	**७६.३६**	**२७.३६**	**३१.५४**	**२३.६२**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यहाँका प्रमुख उत्पादनहरूमा मकै, गहूँ, कोदो, सिमी, भटमास, फापर र धानवालीहरू हुन् । माडी गाउँपालिकाको कूल क्षेत्रफल १३९.०५ वर्ग किलोमिटर मध्ये ९७.८९५ वर्ग किलोमिटर वन जङ्गलले ढाकेको छ भने बस्ती वा आवादीले ६.३३५ वर्ग किलोमिटर चर्चेको छ । यहाँ खेतीयोग्य जमिन २४.८२ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको कूल खेतीयोग्य जमिन २४.८२ वर्ग किलोमिटरको १० प्रतिशत जमिनमा मात्र सिँचाइ उपलब्ध छ भने बाँकी ९० प्रतिशत जग्गामा वर्षातको सिँचाइमा भर पर्नु पर्दछ । यहाँका खेतहरू नदी किनारमा रहेका र हावापानीको उचित प्रवाहले गर्दा खेती उब्जनी सन्तोषजनक हुने गरेको छ । गाउँपालिका बन्नु सँगै अन्यत्र जस्तै यहाँ पनि बस्ती विस्तारको क्रम एकदमै बढेर गएकाले खेतीयोग्य जमिन क्रमशः मासिँदै गएको देखिन्छ । गाउँपालिकाका नदी किनारका जमिनहरूमा बाढीको समस्या रहेको छ । (माडी गाउँपालिकाको कृषि शाखा, २०८०) ।

यस गाउँपालिकामा प्रशस्त मात्रामा चरन क्षेत्र भएकोले गाई, भैंसी, भेडा, बाख्रा र बङ्गुर तथा हाँस कुखुरा जस्ता पशुपक्षी पालनको संभावना रहेको पाइन्छ । सुन्तला, कागती, किवि, आरुवखडा र निवुवा पनि यहाँका प्रमुख फलफूल बालीहरू हुन् । यस गाउँपालिकामा १२० वटा व्यावसायिक कृषि तथा पशुफार्म सञ्चालनमा रहेका छन् (माडी गाउँपालिकाको कृषि शाखा, २०८१) ।

यस गाउँपालिकामा ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवारहरू १० प्रतिशत रहेका छन् । हालसम्म गाउँपालिकामा कृषि सहकारी संस्थाको सङ्ख्या ४ रहेको छ । यस गाउँपालिकामा कृषिमा आधारित रोजगारी ७२.६ प्रतिशत रहेको छ । साथै कृषि तालिम प्राप्त जनशक्तिहरू ५५० जना रहेका छन् । यस गाउँपालिकामा एउटा पनि चिस्यान केन्द्र र कृषि उपज सङ्कलन केन्द्र रहेका देखिँदैनन् (माडी गाउँपालिकाको कृषि शाखा, २०८१) ।

खाद्य सुरक्षाको लागि आत्मनिर्भर, दिगो कृषि तथा स्थानीय रैथाने वालि संरक्षण, कृषिमा आधारित युवा लक्षित उद्यम विकास, उच्च मूल्यका औद्योगिक बाली प्रवर्द्धन, विद्यालय स्तरमा कृषि पर्यावरण, फलफूल तथा तरकारी

खेती प्रविधि प्रसार, व्यावसायिक फलफूल विकास, कृषि यान्त्रिकीकरण तथा बजार प्रवर्द्धन, कृषि प्रविधि विस्तार, थोपा सिँचाइ तथा जल व्यवस्थापन, तालिम, भ्रमण तथा संस्थागत क्षमता विकास, प्रविधि विकास तथा विस्तार, उत्पादोपरान्त बाली मूल्य शृङ्खला विकास, कृषक सम्मान तथा प्रोत्साहन, विपन्न वर्ग लक्षित आयआर्जन, भूमि बैक अवधारणा अनुरूप एकीकृत खेती प्रणाली, कृषि कार्यक्रम अनुगमन तथा निरीक्षण र कृषिमा आधारित आपत्कालिन तथा राहत कार्यक्रम सञ्चलन गर्न अपरिहार्य रहेकाले त्यसैमा आधारित रहेर यस आवधिक योजनाको तर्जुमा गरिएको छ ।

२.५.२ सिँचाइ सुविधाको अवस्था

खाद्य सुरक्षा, ग्रामीण विकास र गरिबी निवारण सुनिश्चित गर्न सिँचाइको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सिँचाइ प्रणालीले हाल नेपालको करिब ४० प्रतिशत कृषि जमिनलाई सपोर्ट गरेको भए पनि १९ प्रतिशतले मात्रै वर्षभरि सिँचाइको सुविधा पाएका छन् । नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरण लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाइ सुविधाको उपलब्धता पहिलो सर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । हाम्रो देश कृषि अर्थतन्त्रको देश हो । कृषिबाट प्राप्त गर्न सकिने सम्भाव्य अधिकतम फाइदाको लागि नेपालमा विविध प्रयासहरू जारी गरिएका छन् । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लिन नसक्नु र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ ।

यस गाउँपालिकामा खेती गरिएको २.१४ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको देखिन्छ । यस गाउँपालिकामा बाह्रै महिना सिँचाइ हुने घरधूरी प्रतिशत २.६ रहेको छ भने सुचारु सिँचाइ आयोजनाको सङ्ख्या ३५ रहेको छ । हाल गाउँपालिकामा १० कि. मि. मौजुदा कुलो तथा नहरको स्तरोन्नती भएको देखिन्छ । गाउँपालिका भरीमा १५ वटा पानीको मूल संरक्षण गरिएको छ । गाउँपालिकामा हालसम्म सबै स्थानहरूमा सिँचाइ सुविधा उपलब्ध हुन सकिरहेको छैन । सम्भावित सिँचाइ योग्य जमिनमा सिँचाइ गर्न सकिरहेको अवस्था छैन । साथै मौजुदा सिँचाइ आयोजनाहरूको उचित प्रयोग हुन सकिराखेको छैन जसका कारण कृषि बालीको उत्पादन र उत्पादकत्व बढ्न सकिरहेको अवस्था छैन । विभिन्न वडाहरूमा सम्भावनाको आधारमा नयाँ सिँचाइ आयोजनाहरू निर्माण गर्न र मौजुदा सिँचाइ आयोजनहरूको नियमित रूपमा मर्मत सम्भार गर्न आवश्यक देखिन्छ ।

२.५.३ पर्यटन तथा संस्कृति

पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । नेपालको तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले मुलुकको आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ । देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधीकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ । पर्यटनको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरूको पहिचान तथा संरक्षण र विकास गर्नु पर्ने आवश्यकता देखिन्छ । पर्यटकीय दृष्टिले नदीनाला तथा तालपोखरी, ऐतिहासिक स्थलहरू र स्थानीय चाडपर्व, रीतिरिवाज, जात्रा र मेलाहरू महत्त्वपूर्ण मानिन्छन् । यस गाउँपालिका

जातीय, भाषिक, धार्मिक रूपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरूमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने जातजाती अनुसार फरक-फरक चाडपर्व तथा जात्राहरू मनाइने गरिन्छ । यस स्थानमा केही महत्त्वपूर्ण मेला लाग्ने स्थानहरू पनि छन् । यस क्षेत्रमा मगर जातीको प्रमुख बाहुल्य रहेको छ ।

माडी गाउँपालिका धार्मिक, सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको धनी छ । यस क्षेत्रमा पाइने जैविक विविधता, विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस गाउँपालिकाको महत्त्वलाई झनै बढाएको छ । विभिन्न प्रजातिको गुराँस सहितको हरियो वनजंगल, डाँडाकाँडाबाट देखिने सूर्योदय र सूर्यास्तको आकर्षक दृश्य, ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेषभुषा, कलाकौशल र शान्त एवं स्वच्छ वातावरणको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना छ । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा आन्तरिक पर्यटक सङ्ख्यामा वृद्धि दर २ प्रतिशत रहेको छ । त्यसैगरी बाह्य पर्यटक सङ्ख्यामा वृद्धि दर समेत १ प्रतिशत मात्र रहेको देखिन्छ । यस गाउँपालिकामा पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्तिहरूको सङ्ख्या १० रहेको छ । पर्यटन प्रवर्द्धनको लागि यहाँ एउटा पनि पर्यटन सूचना केन्द्र स्थापना भएको देखिँदैन । पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या २००० रहेको छ । यस गाउँपालिकामा आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थलको सङ्ख्या शून्य रहेको देखिन्छ । यस गाउँपालिकामा पर्यटकीय स्तरका होटल तथा बेडहरूका सङ्ख्या क्रमशः ३ र ७० देखिन्छ । त्यस्तै साधारण होटल तथा बेडको सङ्ख्या क्रमशः ३० र ३५० देखिन्छ । गाउँपालिकामा करिब १ कि. मि. पदमार्ग निर्माण तथा स्तरोन्नति भएको छ । यस गाउँपालिकामा ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति, कुक तालिम प्राप्त जनशक्ति, होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति प्रायः शून्य नै देखिन्छन् ।

पर्यटनको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा माथि उल्लिखित विभिन्न पर्यटकीय स्थलहरूको पहिचान तथा संरक्षण र विकास गर्न आवश्यकता देखिन्छ । यसबाहेक होमस्टे, प्राचीन संस्कृतिको अध्ययन, संग्रहालय, पिकनिक स्पोटको निर्माण गर्न, उपयुक्त स्थानहरूमा पार्कहरूको निर्माण गर्न, उपयुक्त पर्यटकीय स्थानको पहिचान गरी भ्यू टावर निर्माण गर्न र भवन निर्माण मापदण्ड २०७२ को पूर्ण पालनमा जोड दिन आवश्यक देखिन्छ । यसै सन्दर्भमा मौजुदा र नयाँ पर्यटकीय गन्तव्यको पहिचान, प्रमुख पर्यटकीय स्थलहरूसम्म पर्यटक पथ लगायत आवश्यक पूर्वाधारहरू निर्माण, पर्यटन प्रवर्द्धन सम्बन्धी गुरुयोजनाको तयारी तथा कार्यान्वयन, पर्यटन सूचना केन्द्रको स्थापना तथा सञ्चालन, वैकल्पिक पर्यटन पदमार्गको खोजी तथा निर्माण र मौजुदाका पथहरूका स्तरोन्नती, होम स्टे प्रवर्द्धन, पर्यटकीय स्थलहरूको वेबसाइट मार्फत प्रचार प्रसार, गाउँपालिकामा आगमन हुने पर्यटकको अभिलेखीकरण तथा अद्यावधिक, स्थानीय कृषि उपजको प्रवर्द्धन गर्न कोसेली घरको निर्माण तथा सञ्चालन, स्थानीय पर्यटन सम्बन्धी ब्रोसर तथा अन्य प्रचारात्मक सामाग्रीको निर्माण तथा वितरण, पर्यटकहरूका आगमनलाई बढवा दिन भ्यू टावरहरूका निर्माण, लोपोन्मुख कला संस्कृति तथा रीतिरिवाजका संरक्षण र होटेल तथा पर्यटन व्यवसायीलाई तालिमको व्यवस्थालाई प्राथमिकतामा राखेर योजना तथा कार्यक्रमहरू बनाउन आवश्यक देखिन्छ ।

२.५.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

उद्योगलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भको रूपमा लिने गरिन्छ । तीव्र औद्योगिकीकरणले आर्थिक समुन्नतिमा सहयोग पुऱ्याउँछ । त्यसरी नै उद्यमशीलतालाई उत्पादनको महत्त्वपूर्ण कडी र साधनको रूपमा लिइन्छ । उद्यमशील संस्कृतिको विकासले नागरिकहरूलाई पेसा व्यवसाय प्रति आकर्षित गराई जोखिम वहन गर्न र सिर्जनशील कार्यलाई आर्थिक क्रियाकलापमा आबद्ध गर्न मद्दत गर्दछ । स्थानीय स्तरदेखि नै उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जना गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न उद्यमशीलता विकासले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । यस गाउँपालिकामा पनि उद्योगको वर्तमान अवस्थालाई हेर्दा यस क्षेत्रको हालसम्म किटान गरेर उद्योगको सूचीमा राख्न सकिने उद्योगको विवरण प्राप्त गर्न सकिँदैन । यस गाउँपालिकामा प्रारम्भिक रूपमा ठूला उद्योग सञ्चालन गर्नको लागि उचित वातावरण तयार गर्न तत्काल सम्भव नभए पनि उचित नीतिहरूका निर्माण गरी घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन र निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रका रूपमा विकास गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

तथापि यस गाउँपालिकामा दुग्ध व्यवसाय, टेलर्स, होटेल व्यवसाय, फेन्सी व्यवसाय, क्लिनिक तथा औषधी व्यवसाय, तरकारी तथा फलफूल व्यवसाय, इलेक्ट्रोनिक व्यवसाय, माछामासु व्यवसाय, जुत्ता पसल, फोटो स्टुडियो, फर्निचर व्यवसाय, किनारा पसल तथा व्यवसाय, अटो वर्कशप, खाजाघर तथा चिया पसल, मनि ट्रान्सफर, पुस्तक तथा फोटोकपी व्यवसाय, होटेल तथा रेस्टुरेण्ट व्यवसाय आदि साना तथा मझौला उद्योगहरूका रूपमा रहेका छन् । त्यसरी नै व्यापार विकासको महत्त्वपूर्ण आधार हो । आजको समयमा व्यापार कुनै पनि गाउँलाई समृद्ध बनाउने तथा आर्थिक क्रियाकलापलाई द्रुत गतिमा अगाडी बढाउने क्षेत्रको रूपमा परिचित छ । कुनै पनि ठाउँको व्यापारिक विकासले त्यस स्थानलाई सहरीकरण गर्नमा पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । माडी गाउँपालिकाले पनि व्यापारिक क्षेत्रमा विस्तारै विकासको बाटो पछ्याइरहेको छ ।

यस गाउँपालिकामा १८०५६ जनसङ्ख्या मध्ये १४४७५ जना १० वर्ष भन्दा माथिको उमेरका रहेका छन् जसमध्ये ९३०९ (६४.३१%) जना आर्थिक क्रियाकलापमा सक्रिय रहेका छन् भने ५१३९ (३५.५%) जना आर्थिक क्रियाकलापमा निष्क्रिय रहेका तथा २७ (०.१९%) जनाको विवरण उल्लेख नभएको देखिन्छ ।



चित्र ८: १० वर्ष माथिको जनसङ्ख्याको आर्थिक सक्रीयता

प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा उद्योग व्यवसायमा संलग्न उद्यमी, व्यवसायीहरू २ प्रतिशत रहेका छन् । उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको थप सङ्ख्या ५० रहेका छन् । गाउँपालिकाको प्रत्यक्ष रोजगारीमा वार्षिक वृद्धि प्रतिशत १ रहेको छ । गाउँपालिका भरीमा सीपमूलक तालिम प्राप्त जनशक्तिका सङ्ख्या ८५० रहेका छन् । गाउँपालिका भरीमा घरेलु तथा साना उद्योग दर्ता सङ्ख्या १५० रहेको छ । स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योगको सङ्ख्या ५ रहेको छ । विभिन्न ठाउँमा हाट बजार सञ्चालन सङ्ख्या ४ रहेको छ भने निकासीजन्य कच्चा पदार्थको परिमाण ३००० मे.ट. रहेको पाइन्छ । विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन सङ्ख्या ३ रहेको छ । थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना सङ्ख्या २०० रहेको छ । त्यसैगरी, गाउँपालिका भरीमा होलसेल पसलको सङ्ख्या २० रहेको छ । गाउँपालिकाले नियमित रूपमा स्थानीय बजार र आपूर्ति सम्बन्धी अनुगमन कार्य गर्दै आएको देखिन्छ ।

यस गाउँपालिकामा उद्योग क्षेत्रको विकासका लागि लगानीमैत्री वातावरणसँग सम्बन्धित नीति, कानुन तथा कार्यविधिको निर्माण, उद्यमीहरूको तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण, सम्भावित उद्यम र उद्यमशीलता पहिचान, उद्यमीहरूलाई तालिम र प्रविधि हस्तान्तरण, औद्योगिक विकासका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार, महिलाहरूका उद्यमशीलता विकास, वैदेशिक रोजगारीबाट फर्केका युवा उद्यमीहरूलाई सहयोग, उद्यमशील क्षेत्रमा संलग्न व्यक्ति, समूह तथा सहकारीलाई सहयोग र गरिबी निवारणका लागि लघु उद्यम विकास गर्न जरुरी छ । त्यसैगरी उद्यमशीलता विकासको क्षेत्रमा उद्यमशीलता विकास तालिम, उद्यमशीलता तथा लघु उद्यमको विस्तार, बैक तथा वित्तीय संस्थालाई उद्यम क्षेत्रमा लगानी बढाउन सहजीकरण, उद्यम क्षेत्रलाई चाहिने प्रविधि सहयोग, उद्यमीहरूको उद्यम बीमा कार्यक्रमको विस्तार, र उत्पादन वृद्धि गर्न चाहने उद्यमीलाई प्रोत्साहन गर्न जरुरी छ । गाउँपालिकाको विकासलाई द्रुत गतिमा अगाडि बढाई रोजगारी सिर्जना गर्न तथा सकारात्मक विकासको लागि पर्याप्त रूपमा उद्योग र उद्यमशीलता विकासका उपरोक्त कार्यक्रमहरू ल्याइनुपर्ने आवश्यकता देखिएको परिप्रेक्ष्यमा तिनैमा आधारित रही आवधिक योजनाको तर्जुमा गरिएको छ ।

२.५.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

राष्ट्रिय जनगणना २०७८ ले सङ्कलन गरेका घरको बनोट संरचना र किसिम (जग, पर्खाल, छानो, भुइँ आदि), खानेपानीको मुख्य स्रोत, खाना पकाउन र बत्ती बाल्न प्रयोग हुने इन्धन, शौचालयको सुविधा र अन्य घरायसी सम्पत्तिको आधारमा हाल देशका विभिन्न भूभागमा बसोबास गर्ने परिवारलाई पाँच बराबर भागमा विभाजन गरी सम्पन्नताको पञ्चमक (Wealth quintile) निर्धारण गरिएको छ । यसरी सूचक निर्माण गर्दा घरायसी उपभोग, साधन तथा सुविधामा न्यून पहुँच भएका पहिलो (तल्लो %) वर्गमा र साधन तथा सुविधामा सहज पहुँच रहेका परिवार पाँचौ (माथिल्लो %) वर्गमा पर्ने गरी गरिएको छ ।

यस वर्गीकरणले देशका सबै परिवारलाई समान २०/२० प्रतिशतमा विभाजन गर्ने हुनाले तल्लोदेखि माथिल्लो तहसम्मका पाँचै भागमा २० प्रतिशत नै परिवार भएको देखिन्छ । समग्र देशभरिका परिवारलाई समान भागमा वितरण गर्दा यस गाउँपालिकामा भएको घरपरिवार कुन तहमा रहेका छन् तिनको वितरण कस्तो छ भनी यस विश्लेषण गरिएको छ ।

जनगणना २०७८ अनुसार यस गाउँपालिकामा व्यक्तिगत सम्पन्नतालाई आधार मान्ने हो भने न्यून आर्थिक अवस्था भएका तल्लो वर्गमा २७.८९ प्रतिशत र सबैभन्दा माथिल्लो अर्थात् अति उच्च वर्गमा मात्र ०.५५

प्रतिशत व्यक्ति रहेका छन् भने मध्यम वर्गमा पर्ने व्यक्ति १०.३६ प्रतिशत छन् । त्यसैगरी घरपरिवारको सम्पन्नतालाई आधार मान्ने हो भने न्यून आर्थिक अवस्था भएका तल्लो वर्गमा ३१.७७ प्रतिशत घरधुरी र सबैभन्दा माथिल्लो अर्थात् अति उच्च वर्गमा मात्र ०.६५ प्रतिशत परिवार रहेका छन् भने मध्यम वर्गमा पर्ने परिवार ९.५६ प्रतिशत छन् ।

तालिका २०: सम्पन्नताको पञ्चमक अनुसार परिवारको विवरण

वडा नं	सम्पन्नताको अवस्था (सङ्ख्या)					सम्पन्नताको अवस्था (प्रतिशत)				
	अति गरिब	गरिब	मध्यम वर्ग	धनी	सम्भ्रान्त	अति गरिब	गरिब	मध्यम वर्ग	धनी	सम्भ्रान्त
	व्यक्ति									
१	११४९	३३८७	९१	०	३	२४.८२	७३.१५	१.९७	०	०.०६
२	३५२	१५२९	३४९	२२७	९०	१३.८२	६०.०३	१३.७	८.९१	३.५३
३	७३२	१५६९	६२६	१८	०	२४.८६	५३.२८	२१.२६	०.६१	०
४	४०२	१३६८	४९९	०	०	१७.७२	६०.२९	२१.९९	०	०
५	२०३३	१३२२	१३३	०	०	५८.२९	३७.९	३.८१	०	०
६	३६७	१६१७	१७२	१५	६	१६.८६	७४.२८	७.९	०.६९	०.२८
जम्मा	**५०३५**	**१०७९२**	**१८७०**	**२६०**	**९९**	**२७.८९**	**५९.७७**	**१०.३६**	**१.४४**	**०.५५**
	घरधुरी									
१	२७७	६९०	१८	०	१	२८.०९	६९.९८	१.८३	०	०.१
२	९९	३३५	७७	६७	२५	१६.४२	५५.५६	१२.७७	११.११	४.१५
३	१८२	३३४	१३५	६	०	२७.७	५०.८४	२०.५५	०.९१	०
४	१०९	२९०	१०२	०	०	२१.७६	५७.८८	२०.३६	०	०
५	५३१	२८७	२८	०	०	६२.७७	३३.९२	३.३१	०	०
६	११५	३८६	३५	३	१	२१.३	७१.४८	६.४८	०.५६	०.१९
जम्मा	**१३१३**	**२३२२**	**३९५**	**७६**	**२७**	**३१.७७**	**५६.१८**	**९.५६**	**१.८४**	**०.६५**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकामा ४१३३ घरधूरी रहेकोमा १६८९ घरधुरीका कम्तीमा पनि १ जना सदस्य अनुपस्थित रहेको देखिन्छ । अनुपस्थित जनसङ्ख्या २८४३ रहेको देखिन्छ । अनुपस्थित जनसङ्ख्या मध्ये पुरुष र महिलाहरूका सङ्ख्या क्रमशः २०११ र ८३२ रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । अनुपस्थित जनसङ्ख्याको उमेर समूह ४ वर्ष देखि ६५ वर्ष वा सो भन्दा माथि सम्म रहेका छन् । अनुपस्थित मध्ये पनि १५ वर्षदेखि ४४ वर्ष उमेर समूहकाहरू सबैभन्दा बढी रहेका छन्, (राष्ट्रिय जनगणना, २०७८) । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार, १२.८२ प्रतिशत घरधुरीबाट ७.५८ प्रतिशत अनुपस्थित व्यक्ति स्वदेशमै रहेकोमा २८.०४ प्रतिशत घरधुरीबाट ८.१६ प्रतिशत अनुपस्थित व्यक्ति विदेशमा अध्ययन/व्यापार वा नोकरी गर्न तथा नोकरीको खोजीमा गएको देखिन्छ ।

तालिका २१: बसोबासका आधारमा जनसङ्ख्या विवरण

वडा नं	प्राय स्थायी वासस्थान बाहिर स्वदेशमै रहने जनसङ्ख्या %				प्राय विदेशमा रहने जनसङ्ख्या %			
	घरधुरी	जम्मा	पुरुष	महिला	घरधुरी	जम्मा	पुरुष	महिला
१	४.७७	२.१४	२.७४	१.६	१८.५६	४.६	९.२८	०.४१
२	१०.६१	७.१५	७.९८	६.४२	२१.५६	७.२२	१२.०९	२.९५

वडा नं	प्राय स्थायी वासस्थान बाहिर स्वदेशमै रहने जनसङ्ख्या %				प्राय विदेशमा रहने जनसङ्ख्या %			
	घरधुरी	जम्मा	पुरुष	महिला	घरधुरी	जम्मा	पुरुष	महिला
३	८.५२	४.५२	४.९९	४.०९	३७.४४	११.४८	२१.२	२.८८
४	१०.७८	५.३३	७.२५	३.७७	४०.१२	१०.६७	२१.१६	२.०८
५	२४.८२	१७.२९	१७.८५	१६.७८	३०.८५	९.५५	१८.०९	१.९
६	१८.३३	१०.६१	११.६८	९.७१	२५.५६	७.५३	१५.०१	१.२७
जम्मा	**१२.८२**	**७.५८**	**८.४१**	**६.८६**	**२८.०४**	**८.१६**	**१५.४७**	**१.७७**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकाको १० वर्ष माथिको उमेर समूहसम्मको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या मध्ये ३१.३२ प्रतिशतले ६ महिना भन्दा बढी काम गरिरहेकामा २०.१८ प्रतिशत ३—६ महिना काम गरिरहेका र १३.३५ प्रतिशतले ३ महिना भन्दा कम काम गरिरहेका देखिन्छ भने ३७.०८ प्रतिशत जनसङ्ख्या कुनै आर्थिक क्रियाकलापमा सक्रिय नरहेको देखिन्छ ।

तालिका २२: १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था

वडा नं	६ महिना भन्दा बढी काम गरिरहेका (%)			३-६ महिना काम गरिरहेका (%)			३ महिना भन्दा कम काम गरिरहेका (%)			काम नगर्ने (%)		
	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला
१	४३.५३	४१.९८	४४.८५	१२.२९	१४.२७	१०.६१	७.४४	६.६६	६.८९	३७.३९	३७.०९	३७.६६
२	२५.९१	३०.३१	२२.३१	३६.४९	३५.०१	३७.७१	२०.६७	१९.१	१८.८१	१८.६५	१५.५८	२१.१७
३	३३.७५	३६.३३	३१.६८	१०.१६	१२.११	८.५९	९.३३	८.२	८.४३	४७.७५	४३.३६	५१.३
४	१४.९३	१९.४२	११.५२	३६.७	३१.९७	४०.२८	९	६.४७	७.९२	४१.०८	४२.१४	४०.२८
५	१९.८२	२६.५२	१४.०८	२२.९१	२३.१८	२२.६९	२४.३५	१८.६९	२२.६२	३६.४६	३१.६१	४०.६१
६	४१.९	५२.९१	३३.१३	९.८८	६.६९	१२.४४	८.९४	५.५८	८.०६	४१.२३	३४.८२	४६.३७
जम्मा	**३१.१२**	**३५.०५**	**२७.८८**	**२०.१८**	**१९.८१**	**२०.४८**	**१३.३५**	**१०.९५**	**१२.१७**	**३७.०८**	**३४.१९**	**३९.४७**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकामा सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने मानिसहरू १० प्रतिशत रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार, विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनको अवस्था प्रायः सून्य नै देखिन्छ । हालसम्म यस गाउँपालिकामा वैदेशिक रोजगारी संलग्न घरपरिवारहरूलाई उद्यम विकास सहयोग सङ्ख्या २० रहेको छ ।

सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाहको लागि गाउँपालिकाबाट क'नै पहल भएको देखिँदैन । साथै वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मनोसामाजिक परामर्श सेवा प्रदान समेत गरिएको देखिन्न । यस गाउँपालिकामा वार्षिक रूपमा रु. ४४ करोड विप्रेषण भित्रिने गरेको पाइन्छ । कुल लाभग्राही मध्ये आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या ९८ प्रतिशत रहेको छ । गाउँपालिकामा कृषि तथा पशु बिमामा आबद्ध परिवारहरू २ प्रतिशत रहेका छन् । गाउँपालिकामा सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण सङ्ख्या १ रहेको छ । गाउँपालिकामा सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना

प्रणाली व्यवस्थापन भएको देखिँदैन । हालको बेरोजगारीको सङ्ख्या घटाई वार्षिक रूपमा पर्यटन, कृषि, पशुपालन, व्यापार व्यवसाय उद्योगबाट आम्दानीको वृद्धि गर्नु आवश्यक देखिन्छ । साथै विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न गाउँपालिकासँग स्पष्ट नीतिको आवश्यकता छ ।

२.२.६ सहकारी

माडी गाउँपालिकामा जम्मा १२ वटा सहकारीहरू दर्ता भइ नागरिकको सेवामा सेवारत रहेका छन् भने नेपाल बैंक लिमिटेड तथा ग्लोबल आइएमइ बैंक लिमिटेड को माडी २ घर्तीगाउँमा सञ्चालित शाखा मार्फत वाणिज्य बैकद्वारा प्रदान गरिने सेवा प्राप्त भइरहेको छ । विकास बैंक तथा फाइनान्सको कुनै पनि शाखा नरहेको माडीमा ५ वटा लघुवित्तका शाखा मार्फत ऋण तथा बचत सेवाका लागि स्थानीय नागरिकसँग हातेमालो गरिरहेका छन् ।

ऋण प्रवाह, धितो मूल्याङ्कन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडा वासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् र पालिका स्तरको धितोबाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । तसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीप युक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएका हरू ले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

२.६ पूर्वाधार विकासको अवस्था

२.६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

परम्परागत रूपमा, न्यूनतम योजनाको आधारमा वस्ति एवं मानव गतिविधि विकास र बिस्तार भएको र पहाडी भिरालो भूभागमा पर्ने हुँदा गाउँपालिकाको विकास पद्धति पनि परम्परागत छ । कतिपय वडाको हकमा मुख्य भूभाग बनले ओगटेको तथा कृषि प्रयोजनमा भोग चलन भइ आएको छ । भौगोलिक विकटताका कारण ग्रामीण वस्तिहरू छरिएर रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कलाई आधार मान्ने हो भने गाउँपालिकाको सत प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्रमा रहेको देखिन्छ । यद्यपि घर्तीगाउँमा भएको द्रुत सहरीकरणले सहरी रहन सहन बढ्दै गएको देखिन्छ ।

तालिका २३: क्षेत्रगत आधारमा पालिकाको बसोबासको स्थिति

वडा नं	कूल जनसङ्ख्या			क्षेत्रगत जनसङ्ख्या			जनसङ्ख्या %		
	जम्मा	पुरुष	महिला	सहरी	अर्ध सहरी	ग्रामीण	सहरी	अर्ध सहरी	ग्रामीण
१	४६३०	२१८७	२४४३	०	०	४६३०	०	०	१००
२	२५४७	११९१	१३५६	०	०	२५४७	०	०	१००
३	२९४५	१३८२	१५६३	०	०	२९४५	०	०	१००
४	२२६९	१०२१	१२४८	०	०	२२६९	०	०	१००
५	३४८८	१६४७	१८४१	०	०	३४८८	०	०	१००
६	२१७७	९९३	११८४	०	०	२१७७	०	०	१००
जम्मा	**१८०५६**	**८४२१**	**९६३५**	**०**	**०**	**१८०५६**	**०**	**०**	**१००**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

उपलब्ध तथ्याङ्क अनुसार, यस गाउँपालिकामा भूकम्प प्रतिरोधी भवन करिब १२ प्रतिशत रहेको छ । गाउँपालिकामा व्यवस्थित सहरीकरण सहितको बस्ती रहेको छैन । गाउँपालिकामा करिब ५ प्रतिशत भवनहरू पालिकाको मापदण्ड बमोजिम निर्माण भएका छन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकाको ९५.७७ प्रतिशत घरपरिवारको आफ्नै घर रहेको मा ३.९२ प्रतिशत परिवार भाडामा बस्ने गरेको तथा ०.१५ प्रतिशत संस्थागत घरमा बस्ने गरेको देखिन्छ ।

तालिका २४: अपनत्वको आधारमा घरको प्रकार

वडा नं	जम्मा	अपनत्वको प्रकार			
		आफ्नै घर	भाडाको	संस्थागत	अन्य
१	९८६	९८३	१	१	१
२	६०३	४८१	११९	२	१
३	६५७	६३६	२१	०	०
४	५०१	४९८	२	१	०
५	८४६	८२८	१३	०	५
६	५४०	५३२	६	२	०
जम्मा	**४१३३**	**३९५८**	**१६२**	**६**	**७**
प्रतिशत	**१००.००**	**९५.७७**	**३.९२**	**०.१५**	**०.१७**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

जोखिमयुक्त बस्तीको स्थानान्तरण नभएको देखिन्छ । गाउँपालिकाले वस्ती विकास योजना निर्माण गरेको देखिँदैन । हाल गाउँपालिका को भवन निर्माण गरिएको छ । वडा कार्यालयको भवनको सङ्ख्या ६ रहेको छ । कर्मचारीहरूको लागि छुट्टै आवास भवन रहेको देखिँदैन । गाउँपालिका भरी ६ वटा सामुदायिक भवन रहेका छन् । भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन तयार पारिएको छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकाको ५०.५७ प्रतिशत घरको छाना स्लेटले छाएकोमा ३९.४४ प्रतिशत घरको छाना जस्तापाताले छाएको, ६.९७ प्रतिशत घरको छाना खर/परालले छाएको तथा २.९ प्रतिशत घरको छाना कङक्रिटको रहेको देखिन्छ ।

तालिका २५: घरको छानाको प्रकार

वडा नं	जम्मा	घरको छानाको प्रकार							
		जस्ता पाता	कङक्रिट	खर पराल	टायल	स्लेट	काठ	माटो	अन्य
१	९८६	४१७	१	२४	१	५४३	०	०	०
२	६०३	१७३	९१	१३	०	३२६	०	०	०
३	६५७	३०४	१६	३४	०	३०२	१	०	०
४	५०१	१४९	७	६१	१	२८१	२	०	०
५	८४६	२५५	२	१४०	०	४४९	०	०	०
६	५४०	३३२	३	१६	०	१८९	०	०	०
जम्मा	**४१३३**	**१६३०**	**१२०**	**२८८**	**२**	**२०९०**	**३**	**०**	**०**
प्रतिशत	**१००**	**३९.४४**	**२.९०**	**६.९७**	**०.०५**	**५०.५७**	**०.०७**	**०.००**	**०.००**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिका भरीमा भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवनको सङ्ख्या ४० रहेका छन् । भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्थाको सङ्ख्या ६ रहेको छ । भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवनको सङ्ख्या पनि १० रहेको छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकाको ९६.३० प्रतिशत घरको जग ढुङ्गा इटा सहित माटोको रहेकोमा २.०१ प्रतिशत घरको जग कङक्रिट पिलर सहितको रहेको, १.२६ प्रतिशत घरको जग इटा ढुङ्गा सहित सिमेन्टको भएको तथा ०.३९ प्रतिशत घरको जग काठको खम्बा रहेको देखिन्छ ।

तालिका २६: घरको जगको प्रकार

वडा नं	जम्मा	घरको जगको प्रकार				
		ढुङ्गा इटा सहित माटोको जग	इटा ढुङ्गा सहित सिमेन्टको जग	कङ्क्रिट पिलर सहितको जग	काठको खम्बा	अन्य
१	९८६	९८४	१	०	१	०
२	६०३	४९४	३५	६३	९	२
३	६५७	६४१	३	११	२	०
४	५०१	४८७	८	३	३	०
५	८४६	८४३	३	०	०	०
६	५४०	५३१	२	६	१	०
जम्मा	**४१३३**	**३९८०**	**५२**	**८३**	**१६**	**२**
प्रतिशत	**१००.००**	**९६.३०**	**१.२६**	**२.०१**	**०.३९**	**०.०५**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिकाले विपन्नकालागि आवास निर्माण गरेको देखिँदैन । गाउँपालिकाले प्राथमिकताको आधारमा आवश्यकता अनुसार ऐन कानुन निर्माणको लागि सङ्घ तथा प्रदेशसँग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन/संशोधन, तथा आवश्यक ऐन कानुन निर्माण गर्ने योजना तय गरेको छ । पहाडी गाउँपालिका भएकोले, भौगोलिक जटिलतालाई र त्यसले निम्त्याउन सक्ने प्रकोप तथा जोखिमलाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि स्थानीय परिवेशसँग मिल्दो बनाउन आवश्यक छ ।

२.६.२ सडक तथा पुल निर्माण

सडक पूर्वाधार विकासको मूल आधार हो । सडकको विकास विना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ । गाउँको प्रभावकारी विकासका लागि पनि सडक संजाल अत्यन्त जरुरी हुन्छ । सडकको विकासले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा विभिन्न पक्षहरूसँग जोडिएर उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ । सहरी क्षेत्रको भू—उपयोग माडी गाउँपालिकामा सहरीकरणले विस्तारै गति लिँदै गएको छ । वि.सं. २०७३ तिर शहीद राजमार्गको निर्माण भएपछि ग्रामीण तथा सहरी क्षेत्रमा बस्ती विकासको गतिले तीव्रता लिएको हो र माडी गाउँपालिकामा पनि यसै समय देखि बस्ती विकासको क्रम बढेर गएको हो । राजमार्गको निर्माण, पूर्वाधारहरूको विकास र सहरीकरणले गर्दा पहाडबाट तराईतर्फ बसाइँ सर्ने प्रक्रिया निकै तीव्र भयो । विगतमा पहाडमा दुःख पाई गरिबीको कारणले तराईतर्फ बसाइँ

सरिने (Push Factor) गरेकोमा हालका वर्षहरूमा सहरी आकर्षण, अवसरको खोजी, सुविधाको लालसा र समृद्धिको खोजीमा बसाइँ सर्ने प्रवृत्ति (Pull Factor) बढेको देखिन्छ ।

छ वटा वडाहरू रहेको माडी गाउँपालिका वर्तमान आँकडा अनुसार यातायात विकासको दृष्टिले पछाडी परेको देखिन्छ । हाल शहीद मार्ग करिब ८ कि.मि. कालोपत्रे पक्की पिच भएको सडक र केही ग्राभेल सडक बाहेक नियमित रूपले बाह्रै महिना चल्ने सडक नभएको अवस्था छ । गाउँपालिकाको यातायात गुरुयोजना २०८१ को तथ्याङ्क अनुसार माडी गाउँपालिका भित्र ३१७ कि. मि. सडक पूर्वाधार निर्माण भइसकेको छ ।

तालिका २७: गाउँपालिकामा विद्यमान सडकको स्थिति

सडकको प्रकार	सडक सङ्ख्या	कूल लम्बाइ (किमि)	कूल निर्मित लम्बाइ (किमि)	सडकको विद्यमान अवस्था (किमि)			स्तरोन्नति/ मर्मत/संभार
				कालोपत्रे	ग्राभेल	धुले	
क वर्ग	२	४१.८७	४१.८७	८.४०	०.८१	३२.६६	४१.८७
ख वर्ग	५	५७.६७	५७.६७	२.६०	०.००	५५.०७	५७.६७
ग वर्ग	६	३९.६९	३९.६९	०.००	०.००	३९.६९	३९.६९
घ वर्ग	८५	१७७.८५	१७७.८५	०.००	०.००	१७७.८५	१७७.८५
जम्मा	**९८**	**३१७.०८**	**३१७.०८**	**११.००**	**०.८१**	**३०५.२६**	**३१७.०८**

स्रोतः माडी गाउँपालिकाको यातायात गुरुयोजना २०८१

गाउँपालिकामा "क" वर्गको सडक ४१.८७ कि. मि., "ख" वर्गको सडक ५७.६७ कि. मि., "ग" वर्गको सडक ३९.६९ कि. मि. र "घ" वर्गको सडक १७७.८५ कि. मि. सहित ३१७.०८ कि. मि. सडक निर्माण भएकोमा ११ कि. मि. कालोपत्रे सडक, ०.८१ कि. मि. ग्राभेल सडक र ३०५.२६ कि. मि. धुले सडक रहेको देखिन्छ ।

प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकाको ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवारहरू ८० प्रतिशत रहेको देखिन्छ । सर्वयाम सडक ६५ कि. मि. रहेको छ भने, यातायात सुचारु सडक लम्बाइ १७० कि. मि. रहेको छ । त्यसरी नै नियमित मर्मत सम्भार भएको सडकको लम्बाइ १० कि.मि. रहेको छ । यस गाउँपालिकामा अन्तर पालिका सडक सञ्जाल विस्तार भएको देखिँदैन ।

गाउँपालिकाका सबै गाउँ तथा वस्तीहरूमा सडक सञ्जालको विस्तार गरिनु पर्ने, निर्माण भएका सडकहरूको स्तरोन्नती गर्नुपर्ने, वातावरणीय प्रभाव विश्लेषण गर्नुपर्ने, सडक निर्माण गर्दा इन्जिनियरिङ डिजाइन अनुसार विस्तृत लागत अनुमान गर्ने, तथा उपकरणहरूको न्यूनतम प्रयोग गर्नु जस्ता कुराहरूको आवश्यकता रहेको छ । त्यस्तै गाउँपालिकाका अधिकांश स्थानहरूमा सडक, पक्की, झोलुङ्गे तथा काठे पुलहरूका अभाव रहेको छ । जसले गर्दा यातायातका साधन सञ्चालनमा समस्या, स्कूल पढ्ने विद्यार्थीहरूका लागि खोलामा आवतजावत गर्न र गाउँलेहरूलाई बजार गर्न जान जस्ता समस्याहरू रहेका छन् । आवश्यकता अनुसार रणनीतिक तथा प्रमुख स्थलहरूमा सडकको सञ्जाल विस्तार, पक्की, झोलुङ्गे तथा काठे पुलहरू निर्माण गर्नुपर्ने देखिन्छ ।

२.६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश ऊर्जाका अन्य विभिन्न स्वरूपहरू हुने गर्दछन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार, यस गाउँपालिकामा उज्यालोको लागि ९४.४१ घर परिवारले विद्युतको प्रयोग गर्न गरेको देखिन्छ । त्यस्तै ५.०८ घर परिवारले सोलार/सौर्य ऊर्जा र ०.१७ ले मट्टितेल प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैगरी बायोग्याँस प्रयोग गर्ने ०.० प्रतिशत रहेकोमा ०.३४ प्रतिशतले अन्य स्रोतको इन्धन प्रयोग गर्ने गरेको देखिन्छ । यसबाट के बुझिन्छ भने, यस गाउँपालिकामा बत्ति बाल्नको लागि प्रयोग गरिने इन्धनको प्रमुख स्रोत नै विद्युत हो ।

तालिका २८: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति

वडा नं	जम्मा	उज्यालोको लागि ऊर्जाको प्रयोग				
		विद्युत	सोलार ऊर्जा	मट्टितेल	बायो ग्याँस	अन्य
१	९८६	८७९	१०६	०	०	१
२	६०३	५६५	३१	५	०	२
३	६५७	६३८	१९	०	०	०
४	५०१	४९८	३	०	०	०
५	८४६	७९६	३७	२	०	११
६	५४०	५२६	१४	०	०	०
जम्मा	**४१३३**	**३९०२**	**२१०**	**७**	**०**	**१४**
प्रतिशत	**१००.००**	**९४.४१**	**५.०८**	**०.१७**	**०.००**	**०.३४**

स्रोत: राष्ट्रिय जनगणना, २०७८

गाउँपालिकाको कुल घरधूरी मध्ये ९४.४८ प्रतिशत घरधुरीले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने ५.१८ प्रतिशत घर परिवारले एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ०.०५ प्रतिशतले विद्युतलाई खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ । त्यस्तै ०.०२ प्रतिशत घरधुरीले अन्य इन्धन प्रयोग गरेको पाइन्छ ।त्यसरी नै ०.२४ प्रतिशतले वायोग्यासको प्रयोग गरेको देखिन्छ भने ०.०२ प्रतिशतले मट्टितेल प्रयोग गर्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका २९: खाना पकाउने इन्धनको प्रकार

वडा नं	जम्मा	खाना पकाउने इन्धनको प्रकार						
		दाउरा	एलपी ग्याँस	विद्युत	गुइँठा	बायो ग्याँस	मट्टितेल	अन्य
१	९८६	९६६	२०	०	०	०	०	०
२	६०३	४५४	१४३	०	०	६	०	०
३	६५७	६१९	३२	२	०	४	०	०
४	५०१	४९६	५	०	०	०	०	०

वडा नं	जम्मा	खाना पकाउने इन्धनको प्रकार						
		दाउरा	एलपी ग्यास	विद्युत	गुइँठा	बायो ग्यास	मट्टितेल	अन्य
५	८४६	८४०	६	०	०	०	०	०
६	५४०	५३०	८	०	०	०	१	१
जम्मा	**४१३३**	**३९०५**	**२१४**	**२**	**०**	**१०**	**१**	**१**
प्रतिशत	**१००.००**	**९४.४८**	**५.१८**	**०.०५**	**०.००**	**०.२४**	**०.०२**	**०.०२**

स्रोत: राष्ट्रिय जनगणना, २०७८

प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाको जलविद्युत उत्पादन (जडित क्षमता) ०.६ मेगावाट रहेको छ भने प्रतिव्यक्ति विद्युत् उपभोग १०० वाट प्रति घण्टा रहेको छ । त्यसरी नै गाउँपालिकाको लघु जल विद्युत उत्पादन क्षमता ७०० किलोवाट रहेको छ । गाउँपालिकामा श्री फेज लाइनको बिस्तार १० प्रतिशत रहेको छ भने राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार पनि ८० प्रतिशत रहेको छ । त्यसैगरी, गाउँपालिकामा सोलार ऊर्जा उत्पादन ३ कि.वा. रहेको छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, सहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ । विविध कारणवश केही घरधूरीमा मात्र विद्युत लाइनको विस्तार गर्न नसकिएको र वैकल्पिक तथा अन्य ऊर्जाको विकास सहज रूपमा नभइरहेको सन्दर्भमा, त्यसैमा केन्द्रित रहेर यस योजनाको तर्जुमा गरिएको छ ।

२.६.४ सञ्चार तथा सूचना प्रविधि

विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस माडी गाउँपालिकामा परिवारमा कम्तीमा एक प्रकारको उपलब्ध साधन तथा सुविधा ९०.२ प्रतिशत रहेको छ भने ९.८ प्रतिशतमा ती सुविधाहरू उपलब्ध रहेको देखिँदैन । परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवार सङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ३०: परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवारको विवरण

वडा नं		१	२	३	४	५	६	जम्मा	प्रतिशत
कुनै पनि साधन स्रोत नभएको		६६	११	१२७	१३	१६५	२३	४०५	**९.८०**
कम्तीमा एक प्रकारको साधन स्रोत भएको		९२०	५९२	५३०	४८८	६८१	५१७	३७२८	**९०.२०**
	रेडियो	३४८	३००	२४३	१७३	२४८	२१९	१५३१	**३७.०४**
	टेलिभिजन	८१	१९८	२३७	१३३	९५	१६४	९०८	**२१.९७**

घरमा उपलब्ध स्रोत साधन	ल्याण्डलाइन फोन	१०	१६	०	०	०	१	२७	**०.६५**
	साधारण मोबाइल	८८०	४९७	४०२	४२०	५५६	४८३	३२३८	**७८.३५**
	स्मार्ट मोबाइल	७७९	४८८	४८२	३८८	३९२	४१५	२९४४	**७१.२३**
	कम्प्यूटर/ ल्यापटप	२४	६४	१३	१८	१९	२५	१६३	**३.९४**
	इन्टरनेट	३४	५१	१७०	३०६	१६२	६	७२९	**१७.६४**
	कार/ जिप/ भ्यान	०	८	६	२	२	५	२३	**०.५६**
	मोटरसाइकल/ स्कुटर	१०	९६	७	२२	२१	२३	१७९	**४.३३**
	साइकल	१	२	०	०	४	१	८	**०.१९**
	पङ्खा	१	१३	०	०	०	०	१४	**०.३४**
	फ्रिज	२	०	०	०	०	१	३	**०.०७**
	वासिङ मेसिन	०	०	०	०	१	०	१	**०.०२**
	ए सी	०	०	१	०	१	०	२	**०.०५**
	जम्मा	**९८६**	**६०३**	**६५७**	**५०१**	**८४६**	**५४०**	**४१३३**	**१००.००**

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा रेडियो सुविधा भएको घर परिवार ३७.०४ प्रतिशत रहेको छ भने टेलिभिजन सुविधा भएको परिवार २१.९७ प्रतिशत रहेको छ । त्यसैगरी, ०.६५ प्रतिशत परिवारमा ल्याण्डलाइन टेलिफोन सेवा उपलब्ध छ भने ७८.३५ प्रतिशत परिवारमा साधारण मोबाइल फोन सेवा उपलब्ध छ । साथै ७१.२३ प्रतिशत परिवारमा स्मार्ट मोवाइल फोन सेवा उपलब्ध छ । ३.९४ प्रतिशत परिवारमा कम्प्युटर वा ल्यापटप रहेको छ भने १७.६४ प्रतिशत परिवारमा इन्टरनेट सेवा सुविधा उपलब्ध छ । ०.५६ प्रतिशत परिवारमा कार, जीप वा भ्यान जस्ता यातायात साधन उपलब्ध छ । त्यसैगरी, ४.३३ प्रतिशत परिवारमा मोटरसाइकल वा स्कुटर उपलब्ध छ भने ०.१९ प्रतिशत परिवारमा साइकल रहेको छ । ०.३४ प्रतिशत परिवारमा विद्युतीय पंखा छ भने ०.०७ प्रतिशत परिवारमा रेफ्रिजरेटर रहेको छ । त्यस्तै, ०.०२ प्रतिशत परिवारमा वासिङ मेशिन उपलब्ध छ भने ०.०५ प्रतिशत परिवारमा एयर कण्डिसनर उपलब्ध छ (राष्ट्रिय जनगणना, २०७८) ।

अझै पनि करिब १० प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था जटिल गरिबीको असर हुन सक्छ । सञ्चारको सेवाका लागि तारहित प्रणाली प्रवर्धन गर्ने गरी सञ्चारको सेवा गाउँपालिका भित्रको सबै घर तथा व्यवसायसम्म पुऱ्याउने र यसको लागि चाहिने एन्टेना, पोल, तार तथा अन्य उपकरण स्थापनामा सहजीकरण समेत गर्ने तथा सञ्चार क्षेत्रलाई थप पहुँचयोग्य र जनमैत्री बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

२.७ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

२.७.१ वन तथा जैविक विविधता

उपलब्ध तथ्याङ्क अनुसार, माडी गाउँपालिकाको कूल क्षेत्रफल १३९.०५ वर्ग किलोमिटर मध्ये ९७.८९५ वर्ग किलोमिटर (७०.४%) वन जङ्गलले ढाकेको छ । जंगलले ढाकेको क्षेत्र धेरै भएकाले यस गाउँपालिका जैविक विविधतामा पनि धेरै धनी देखिन्छ । यस गाउँपालिकामा सल्ला, मौवा, चिलाउने, उत्तिस, खिर्रो, टुनी, सिमल, खस्रु, ओखर, लालीगुराँस, बाँझ, भोजपत्र आदि रुखका प्रजातिहरू पाइन्छन् । त्यस्तै गाउँपालिकामा पाइने मुख्य गैर

काष्ठ पैदावारहरूमा लोक्ता, टिमुर, अल्लो, पाषणवेद, सतुवा, गच्छाच्याउ, चिराइतो, विष, सुनगाभा, लप्सी, अम्रिसो, लौठ सल्ला, बनतरुल, पाँचऔंले, तेजपत्ता, दालचिनि आदि रहेका छन् । वन सम्पदा यस गाउँपालिकाको महत्त्वपूर्ण सम्पदा हो । यस गाउँपालिकाको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडीबुटीमा आधारित उद्योगसँग गाँसिएको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक सुन्दरता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा समुदायका सहभागिता एवं पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण स्थानीय जनताका महत्त्वपूर्ण सूचक हुन् । गाउँपालिकामा उपलब्ध वानस्पातिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै स्थानीय स्तरमै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ ।

यस गाउँपालिकामा सामुदायिक वन, सरकारी वन, कवुलियती वन र निजी वन गरि जम्मा चार प्रकारका वनहरू रहेका छन् । सामुदायिक वन व्यवस्थापनका लागि सामुदायिक वन उपभोक्ता समितिहरू गठन गरिएका कारण सबै जिम्मेवारी उनीहरूलाई नै दिइएको छ भने निजी वन व्यवस्थापनका लागि सम्बन्धित जिम्मेवार घर परिवारहरूले नै जिम्मेवारी सम्हालेको देखिन्छ । सरकारी वन व्यवस्थापनका लागि गाउँपालिकाले सम्बन्धित वडा कार्यालयहरूलाई नै जिम्मेवारी दिएको छ । यस गाउँपालिकामा आयमूलक कार्य सञ्चालित वन क्षेत्र वा कवुलियती वन को सङ्ख्या ३ रहेको छ भने सामुदायिक वनको सङ्ख्या ९४ रहेको छ । गाउँपालिकाले वर्षै पिच्छे वृक्षारोपण गर्दै आएको छ । यहाँ चोरी निकासी नियन्त्रणका लागि नियमन इकाई गठन गरिएको छैन भने १ पालिकास्तरीय वन इकाई स्थापना भएको छ । वन क्षेत्रको तारवार गर्ने काम भएको छैन । यस गाउँपालिकामा लोप हुन लागेका बालीनालीको पुनस्थापन सङ्ख्या १० रहेको छ ।

त्यसरी नै यस गाउँपालिका क्षेत्रमा पाइने जीवजन्तुहरूमा रातो बाँदर, बँदेल, वन बिरालो, लोखर्के, दुम्सी, स्याल, मलसाप्रो, रतुवा मृग आदि रहेका छन् । पन्छीहरूमा मुनाल, लामपुछ्रे, कालिज, फिस्टो, कोइली, चिवे, काग, न्याउली, रुपी, च्याखुरा, परेवा, गौंथली आदि रहेका छन् । वन संरक्षणका लागि गाउँपालिकाको संयोजकत्वमा विभिन्न पैह्रो तथा भूक्षय ग्रसित ठाउँहरू पत्ता लगाई संरक्षण गर्न आवश्यक देखिन्छ । यसको लागि सामुदायिक वृक्षारोपणलाई अभियान कै रूपमा सञ्चालन गर्न आवश्यक छ । वनमा आधारित उद्यम व्यवसायको विकास गर्न, सबै प्रकारका वनमा जडीबुटी खेतीको प्रवर्द्धन गरी तिनका व्यावसायिक उत्पादन, प्रशोधन र बजारीकरण गर्न, कृषि वनको विकास, पर्यापर्यटन व्यवसायी तथा काष्ठ फर्निचर उद्योग सञ्चालकहरूलाई सहयोग गर्न, वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका संरक्षण, पर्यापर्यटन प्रवर्द्धनका लागि गाउँपालिकामा अवस्थित ताल तथा तलैया संरक्षण गर्न, मानव तथा वन्य जन्तु द्वन्द्वका बारे सचेतना, क्षतिपूर्तिको र भौतिक संरचना निर्माण, भौतिक पूर्वाधार निर्माण र विकास आयोजनाहरूको लागि बायो इन्जिनियरिङ र वन अतिक्रमण, चोरी निकासी, डढेलोलाई निरुत्साहन र मिचाहा प्रजाति नियन्त्रण गर्न आदि पनि त्यत्तिकै महत्त्वपूर्ण देखिन्छ ।

२.७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस गाउँपालिकामा गाउँपालिका भू उपयोगको अवस्था हेर्दा १.२४ प्रतिशत खोला तथा नदी नाला र ताल तलैया क्षेत्र रहेको देखिन्छ । माडी गाउँपालिकामा बग्ने सबैभन्दा ठूलो माडी नदीमा मिसिन पुग्ने १३ भन्दा बढी सहायक खोलाहरू रहेका छन् । यस गाउँपालिकामा ताल तलैयाका नाममा वडा नं. ५ को करिब २६००

मिटर उचाइमा रहेको केसे पोखरी तथा अन्धाअन्धी ताल पर्यटकीय तथा धार्मिक रूपमा प्रख्यात छन् । जलवायुका दृष्टिले माडी गाउँपालिकाको विविधता उल्लेखनीय छ । माडी पहाडी प्रदेशको जलवायुदेखि विस्तारै उत्तरी भागको मध्यम पहाडी जलवायु सम्म फैलिएको छ । पर्यावरणीय स्वरूप यस गाउँपालिकामा माडी नदि र अन्य प्रमुख खोला र भूमिगत एवम् सतह पानी जल भण्डारका रूपमा रहेका छन् । नदी र तालहरू माडी गाउँपालिकामा अवस्थित माडी खोला यस गाउँपालिकाको मुख्य आकर्षणको केन्द्र हो यो रोल्पा जिल्लाको थवाङ गाउँपालिका देखी सुरु भएर झण्डै १३ वटा साना ठूला खोला सँगेट्दै अघि बढेको छ । यो नदि शुद्ध र प्राकृतिक पानीको अनुपम भण्डार हो । यस नदी को वरिपरि ११० थरीका वनस्पतिहरू पाइएका छन् । यहाँ १० थरीका माछाका प्रजातिहरू, ३८ प्रजातिका घुमन्ते चरा, ५ प्रजातिका पुतली, साथै २ प्रजातिका घस्रने जन्तुहरू यहाँ पाइएका छन् ।

प्राप्त तथ्याङ्क अनुसार, यस माडी गाउँपालिकामा भूक्षय संवेदनशील क्षेत्रको संरक्षण भएको वा भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन भएको देखिँदैन । बाढी तथा पहिरो नियन्त्रणकालागि करिब १ कि .मि. तटबन्ध निर्माण भएको देखिन्छ । साथै बाढी संवेदनशील क्षेत्रमा बाढी नियन्त्रण कार्यक्रम समेत भएको देखिँदैन । गाउँपालिकाले स्थानीय विपद् तथा भूसंरक्षण योजना तयार गरी कार्यान्वयन गरेको देखिँदैन तर गाउँपालिकाले करिब दुई दर्जन बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान गरेको छ । गाउँपालिकाले बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन गरेको समेत देखिँदैन ।

जलाधार संरक्षणका लागि माडी गाउँपालिकाले मौजुदा नदी तथा खोलाहरूको संरक्षण गर्ने गरि जलाधार संरक्षण योजना बनाउन र तत् अनुसार कार्यान्वयन गर्न आवश्यक छ । त्यसरी नै स्थानीय स्तरमा निजी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन, गाउँपालिका भित्रको नाप नक्सा र अभिलेखीकरण, भूमि व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि, भूमिहीन तथा सुकुम्बासीहरूलाई सार्वजनिक जग्गा व्यवस्थापन, भूमि बैकमार्फत जग्गाको चक्लाबन्दी गरी करार (लीज) प्रणालीमा भोगाधिकार उपलब्ध गराउने, गुठीको संरक्षण, अभिलेखीकरण र व्यवस्थापन, भूमिको वर्गीकरण अनुसारको भू उपयोग र भू क्षमता नक्सा र तथ्याङ्क सङ्कलन, ल्याण्ड पुलिङ, राष्ट्रिय, प्रादेशिक भू–उपयोग नीतिको स्थानीय स्तरमा कार्यान्वयन गर्न आवश्यक छ । तीनै कुराहरूमा आधारित रहेर भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू यस योजनामा प्रस्तावित गरिएका छन् ।

२.७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको रूपमा व्यवस्था गरी राज्यले उच्च प्राथमिकतामा राखेको छ । वातावरण संरक्षण सङ्घ, प्रदेश र स्थानी तहका सरकारहरूको कार्य जिम्मेवारी भित्र पर्दछ । वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रण गर्न आवश्यक हुने गर्दछ । यस गाउँपालिकामा फोहोरमैलाको व्यवस्थापन उचित रूपले हुन सकिरहेको अवस्था छैन । घर आँगन तथा भान्साबाट निस्केका फोहरमैलालाई पुर्ने, जलाउने तथा खोला खोल्सीमा लगेर पुर्ने गरेको पाइन्छ । फोहोरमैलाको उचित व्यवस्थापनको लागि फोहोरमैला सङ्कलन र थुपार्ने स्थानको अभाव रहेको देखिन्छ । गाउँपालिकाको अधिकांश जनमानसमा फोहोरमैला सम्बन्धी चेतनाको अभाव देखिन्छ । तोकिएको मापदण्ड बिनानै अवैज्ञानिक र जथाभाबी सडक निर्माण गर्ने प्रचलनले गर्दा वातावरणमा विनाश

आइरहेको अवस्था छ । बढ्दो वनजंगलको फँडानी र भइरहेको वनजंगल तथा झाडी बुट्यानको संरक्षणको अभावमा समेत स्थानीय वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ । एकीकृत र योजनाबद्ध विकासको अभाव, सहरोन्मुख क्षेत्रमा बढ्दो चाप, पर्यटकहरूको नियमित आगमन, अव्यवस्थित वस्ती विकास, पूर्वाधार विकास र वातावरण बीचको सन्तुलन कायम हुन नसक्नु, कृषि पेसाको व्यावसायिकताको नाममा अत्यधिक मात्रामा रासायनिक मल र विषादीको प्रयोगमा वृद्धि हुँदै जानु, यातायात र यातायात साधनले गर्दा ध्वनि प्रदूषणमा वृद्धि भइरहेको अवस्था छ । साथै विविध कारणवश वायु, जल तथा जमिनमा प्रदूषणको मात्रा बढ्दै गइरहेको देखिन्छ ।

उपलब्ध तथ्याङ्क अनुसार कुनै पनि वडाहरू पुर्ण सरसफाइयुक्त छैनन् । गाउँपालिकामा धुवाँमुक्त घरधुरीहरू मात्र ५ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकाले वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गाउँपालिकामा स्थानीय वातावरणमैत्री नीति बनेको छैन । फोहोरमैला विसर्जन केन्द्रहरू स्थापना र सञ्चालन भएका छैनन् । फोहोरमैला विसर्जन नीति समेत निर्माण भएको छैन । संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या २ प्रतिशत रहेका छन् । गाउँपालिकामा दिगो ल्याण्डफिल साइड को व्यवस्थापन हुन नसक्दा फोहोरमैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । डस्टबिन व्यवस्थापन भएका घरधुरीहरू १० प्रतिशत रहेका छन् । वातावरण संरक्षणका लागि खाली जङ्गल तथा नाङ्गा भिर पाखाहरूमा वृक्षारोपण गर्ने कार्यहरू भइ रहेता पनि यसको असर प्रभावकारी रूपमा देखिरहेको अवस्था छैन । वातावरण संरक्षण सम्बन्धी धेरै कार्यक्रमहरू गर्न आवश्यक रहेकाले तत् अनुसारका कार्यक्रम तथा योजनाहरू प्रस्तावित गरिएका छन् । यस गाउँपालिकामा फोहरमैला व्यवस्थापन तथा ढल सम्बन्धी कुनै ठोस योजनाहरू हालसम्म कार्यान्वयन भएको देखिँदैन । गाउँपालिकाका धेरैजसो फोहोरको व्यवस्थापन जमिनमुनि गाड्ने तथा बाहिरी खालि ठाउँ प्रयोग गर्ने गरेको देखिएको छ । बढ्दो जनसङ्ख्यासँगै फोहरमैला व्यवस्थापनमा थप चुनौतीहरू देखा पर्दै गइरहेको हालको अवस्था छ ।

ग्रामीण विकासको लागि फोहोर व्यवस्थापन पनि महत्त्वपूर्ण पक्ष रहेको हुँदा गाउँपालिकाले फोहरमैला व्यवस्थापनका लागि विभिन्न रणनीतिक योजनाहरू निर्माण गरि अघि बढ्न आवश्यक रहेको छ । सहरीकरण बढेसँगै ध्वनि प्रदूषणको समस्या सिर्जना हुन्छ । विशेषतः सडक तथा पर्यटन मार्ग वरिपरि, क्रसर उद्योग, कल कारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिन्छ । यस क्षेत्रमा पुराना सवारीका साधन, ट्याक्टरबाट निस्कने ध्वनि तथा प्रेसर हर्नका कारण ध्वनि प्रदूषण दिनानुदिन बढ्दै गएको छ । पुराना सवारी साधन, कच्ची सडक, मोटर बाटाको धूलो, कल कारखाना जस्ता साधनको प्रयोगले धूलोहरू बढेको छ । साथै गाउँपालिकाले आंशिक रूपमा वायु प्रदूषणको समस्या झेल्दै आएको छ। तसर्थ वायु प्रदूषण नियन्त्रणका लागि गाउँपालिकामा निर्देशिकासँगै अनुगमनको आवश्यकता रहेको छ । सो अनुसारका कार्यक्रमहरू यस योजनामा प्रस्तावित गरिएका छन् ।

२.७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

वि.सं. २०७९ सालको जाजरकोट भूकम्पबाट आंशिक रूपमा प्रभावित यस माडी गाउँपालिका भूकम्प, पहिरो, आगलागी, विद्युतीय खतरा, सडक दुर्घटना, चट्याङ, असिना पानी, महामारी, जङ्गली जनावरको आतङ्क जस्ता विपदहरूबाट जोखिममा रहेको छ । धनजनको क्षतिको हिसाबले ठूलो विपद्को सामना गर्न नपरेको भएपनि वर्षेनी विभिन्न स्तरका पहिरो र भू–क्षयको प्रभाव भने गाउँपालिकामा देखिने गरेको छ । विभिन्न वडाहरूमा

वर्षातको समयमा आउने बाढी, पैह्रो, असिना, तुषारो आदिका कारण जनजीवनमा पर्न जाने असरलाई न्यूनीकरण गर्दै स्थानीय जनसमुदायको जीवन सहज बनाउन आवश्यक छ । दैवी प्रकोप न्यूनीकरण तथा उद्धार समिति निर्माण गरी दैविप्रकोपका असरहरू लेखाजोखा गर्न, तथा उद्धारका लागि आवश्यक पर्ने औजार तथा सामाग्री व्यवस्थापन गर्न र विपद् व्यवस्थापन प्रभावकारी रूपमा गर्न परिणाममूखी कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य छ । गाउँपालिकामा प्रकोप नियन्त्रणको लागि योजना बनाई त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्या देखिन्छ । स्थानीय जनता र सरोकारवालाहरूमा विपद् व्यवस्थापन सम्बन्धी चेतनाको कमी रहेको छ । प्रकोप नियन्त्रण योजना निर्माण गर्न, प्रकोपबाट बच्ने उपायका बारेमा सचेतनामूलक कार्यक्रम गर्न, वडा स्तरमा सुरक्षित घरहरू निर्माण गरी सञ्चालनमा ल्याउन, सम्भावित विपदका बारेमा सचेतना अभिवृद्धि कार्यक्रम गर्न जरुरी देखिन्छ । जलवायु परिवर्तनका असरका विरुद्ध स्थानीय अनुकूलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न समेत आवश्यक छ ।

विभिन्न वार्डहरूमा वर्षातको समयमा आउने पैह्रो, खोलामा बाढी, असिना, तुषारो आदिका कारण जनजीवनमा पर्न जाने असरलाई न्यूनीकरण गर्दै समुदायको जीवन सहज बनाउने उद्देश्यले गाउँपालिकामा दैवी प्रकोप न्यूनीकरण तथा उद्धार समिति निर्माण गरि दैवी प्रकोपका असरहरू लेखाजोखा गर्ने, उद्धारका लागि आवश्यक पर्ने औजार तथा सामाग्री व्यवस्थापन गर्ने कार्य भइरहेको छ । तथापि विपद् व्यवस्थापन प्रभावकारी रूपमा गर्न परिणाममूखी कार्यक्रमहरू गर्न अपरिहार्य छ । विगतमा विपदबाट क्षति भएको रकम रू. ८ करोड रहेको देखिन्छ भने विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या २ रहेको छ । प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना भएको देखिँदैन । गाउँपालिकामा १ आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापन र सञ्चालन भएको छ । विपद् व्यवस्थापनका लागि खुल्ला क्षेत्र र स्थानको सङ्ख्या ३० रहेको छ । गाउँपालिकामा विपद् व्यवस्थापन योजना निर्माण भएको देखिँदैन । साथै स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा समेत भएको देखिँदैन । गाउँपालिकामा विपद् व्यवस्थापनमा सङ्ग-संस्थाहरू क्रियाशिल रहेको देखिँदैन । तर गाउँपालिकाले रु. १३ लाखको विपद् व्यवस्थापन स्थानीय कोष खडा गरेको छ, जसलाई एक सफल कार्यको रूपमा लिन सकिन्छ । सामान्य खोज उद्धारमा तालिमप्राप्त जनशक्ति र स्वयं सेवकको आवश्यकता रहन्छ तर गाउँपालिकामा यस्ता जनशक्ति र स्वयं सेवकहरूको अभाव देखिन्छ ।

गाउँपालिकाभित्र संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । यहाँ वर्षेनी मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ । विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका स्थानीय तथा समुदायस्तरका ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च भएता पनि जलवायु परिवर्तन अनुकूल कृषि बाली तथा प्रणालीको विकास र विस्तार हुन सकेको छैन। प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालिन योजना, आपत्कालिन नम्बरहरू लगायत विपद् का विविध पक्षहरूबारे वडा बासीहरूमा जानकारीको कमी रहेको छ । युवाहरूमा लागू पदार्थ सेवन एवं मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ । गाउँपालिकामा कच्ची घरहरू जोखिममा छन् भने, अव्यवस्थित विद्युतीय नाङ्गो तारहरूले गर्दा पनि बस्तीहरूमा जोखिम बढिरहेको छ यसका साथै बजार क्षेत्रमा सडक दुर्घटना पनि अत्यन्त बढ्दै गइरहेको छ । गाउँपालिकामा पर्याप्त रूपमा खेतीयोग्य जमिन रहेको साथै कृषि एवं पशुपालनको संभावना प्रचुर मात्रामा रहेका छन् । तर जङ्गल नजिक बस्ती एवं खेत भएका

कारण किसानहरूले बाँदर, चितुवा जस्ता जङ्गली जनावर आतङ्कको समस्या भोग्नु परेको छ । जङ्गली आतङ्कले गाउँपालिकाका प्रायजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । तसर्थ जङ्गली आतङ्कले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जङ्गल एवं जङ्गली जनावरको सुरक्षा सँगै उपयुक्त उपायहरूको खोजी गर्नु नितान्त आवश्यक छ ।

२.८ संस्थागत विकास तथा सुशासन

२.८.१ स्थानीय नीति, ऐन तथा सुशासन

माडी गाउँपालिकाले पहिलो र दोस्रो जननिर्वाचित पदाधिकारीको करिब सात वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ । हालसम्म गाउँपालिकाद्वारा तर्जुमा गरी कार्यान्वयन भएका कानुनहरू जस्तै ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका, विनियमावली, आधार संहिता आदि निर्माण गरिएका छन् जसमा ऐन, नीति, नियम, आचारसंहिता, निर्देशिका र कार्यविधि तथा मापदण्ड तयार भइ कार्यान्वयनको अभ्यासमा रहेका छन् । पालिकाद्वारा स्वीकृत नीति तथा कानुनको सङ्ख्या ४६ रहेका छन् । गाउँपालिकाले सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँ कार्यपालिकामा विभिन्न शाखाहरू स्थापना गरी सञ्चालनमा ल्याएको छ । ती शाखाहरूमा उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प, सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन, सूचना प्रविधि, र लेखा शाखा रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा कर्मचारीको कुल दरबन्दी ६२ जना रहेकोमा दरबन्दी अनुसारका कर्मचारीहरूको पदपूर्ति ५८.१८ प्रतिशत रहेको छ । मानव संसाधनको विकासका लागि गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ भने अन्य आम समुदायका युवा, महिला, कृषकहरूका क्षमता अभिवृद्धिका लागि लक्षित वर्गका कार्यक्रमहरूमा समेट्दै आएको छ ।

सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई–हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् । गाउँपालिकामा शासकीय अभ्यासलाई पारदर्शी र सहभागीतामूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधि २०७४, गाउँपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ तथा सङ्घीय सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन जस्ता कानुनी औजार मार्फत गाउँपालिकाको विकास र सेवा प्रवाहको विधिलाई पारदर्शी र जबाफदेही र सहभागिता मूलक बनाउने प्रयास गरेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीतामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचारयुक्त शासन प्रणालीलाई संस्थागत गर्न गाउँपालिका प्रयासरत छ ।

समुदायलाई गाउँपालिकाले गरेका कार्यक्रमहरूको विषयमा जानकारी गराउने, गाउँपालिकाबाट प्राप्त गर्न सकिने सेवा सुविधाका विषयमा जानकारी गराउन नागरिक बडापत्र तयार गरिएको छ । सुशासन तथा पारदर्शिताका लागि यी कार्यक्रमहरूमात्र पर्याप्त नभएका कारण यस सम्बन्धी धेरै योजना तथा कार्यक्रमहरू प्रस्तावित गरिएका

छन् । गाउँपालिकाका वार्ड कार्यालयहरूमा जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता, बसाइ सराई, अन्य विभिन्न सिफारिसहरू उपलब्ध गराउने व्यवस्थापन मिलाइएको छ । गाउँपालिकामा कार्यपालिकाको बैठक नियमित रूपमा बस्ने गरेको छ । गाउँपालिकाको औसत वार्षिक बेरुजू २.०८ प्रतिशत र औसत वार्षिक पुँजीगत खर्च ३८ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकाको आन्तरिक आय ३५ लाख रहेको देखिन्छ । गाउँपालिकाले १ आवधिक योजना तर्जुमा गरी सकेको छ । उपलब्ध तथ्याङ्क तथा जानकारी अनुसार, गाउँपालिकाको सबै वडामा अनलाइन प्रतिवेदन प्रणाली स्थापना गरिएको छ ।

यस गाउँपालिकाले १ पटक सम्म मध्यमकालीन खर्च संरचना तयार पारिसकेको छ । हालसम्म पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ ५ पटक भएको छ । गाउँपालिकाले सञ्चालित कार्यक्रमहरूको अनुगमन र कार्य प्रगति समीक्षा क्रमशः १४ र १२ पटक गरेको देखिन्छ । गाउँपालिकाको सेवाग्राही सन्तुष्टिको स्तर ८५ प्रतिशत देखिन्छ । जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको लागि २ पटक क्षमता विकास तालिम प्रदान गरिएको छ । अनलाइन सेवामा आबद्ध सुविधाको सङ्ख्या ७ रहेको छ भने सफ्टवेयरमा आधारित सेवाको सङ्ख्या २ छ । एकै दिनमा सम्पन्न गरिने सार्वजनिक सेवाको सङ्ख्या २८ रहेका छन् । पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरूका सङ्ख्या ६ रहेका छन् । आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या ६ रहेको छ । आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरूको सङ्ख्या ५ रहेको छ । गाउँपालिकामा निर्धारित समयावधि मै बजेट आउने गरेको छ । गाउँपालिकाको आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था छ । समयमा फछ्यौंट भएका वार्षिक योजनाहरू ९५ प्रतिशत रहेका छन् ।

संस्थागत विकासमा प्रभावकारी रूपमा अगाडि बढिरहेको यस गाउँपालिकाले स्थानीय सरकार संस्थागत स्व मूल्याङ्कन (LISA) मा आर्थिक वर्ष २०८०/८१ मा कूल ८१.३८ अङ्क प्राप्त गरेको छ भने वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा कूल ८२.५ अङ्क प्राप्त गरेको छ । गाउँपालिकामा ६ वटा वडा कार्यालयहरू सञ्चालनमा छन् । गाउँपालिकाको दैनिक कार्यसम्पादन र विकास निर्माण तथा योजना कार्यान्वयनका लागि गाउँपालिकामा ६२ जनाको दरबन्दी रहेको छ । गाउँपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँ कार्यपालिकामा जम्मा ६ वटा विभिन्न विषयगत समितिहरू रहेका छन् । सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमबाट निरूपण गर्ने गरिएको छ । गाउँपालिकाबाट हुने सबै आर्थिक कारोबारको लेखाङ्कन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सूत्र प्रणाली मार्फत कार्य थालनी गरिएको छ ।

सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी गाउँपालिका र गाउँपालिकाबासी बीचको परस्पर विश्वास कायम हुने गरी गाउँपालिकाबासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता गाउँपालिकाले महसुस गरेको छ । सुशासनका लागि सङ्घीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ ।

२.८.२ सङ्गठनात्मक विकास

गाउँसभा गाउँपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जस प्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी गाउँ कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा सङ्घीय शासन प्रणाली, कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

गाउँ कार्यपालिकाको प्रमुखको रूपमा गाउँपालिका अध्यक्ष र उपप्रमुखको रूपमा गाउँपालिका उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प., सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन,सूचना प्रविधि, र लेखा शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट सिफारिस सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी लागू गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् गाउँ कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाइ र सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । गाउँपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँ कार्यपालिकाका लागि नयाँ दरबन्दी सिफारिस गरेको भएपनि पूर्ण कार्यान्वयनमा भने आउन सकेको देखिँदैन । कर्मचारीले गाउँपालिकाको कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

२.८.३ स्रोत परिचालन

श्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन् । गत आ.व. को यथार्थ आय हेर्दा गाउँपालिकाले सङ्घ सरकारबाट वार्षिक रु. २५ करोड ६१ लाख तथा प्रदेश सरकारबाट वार्षिक रु. २ करोड ३४ लाख १६ हजार अनुदान रकम प्राप्त गरी लगानी गर्न सफल भएको छ । गाउँपालिकाले कुल बजेट मध्ये ६६ प्रतिशत पुँजीगत र ३४ प्रतिशत चालूमा खर्च गरेको देखिन्छ ।

गाउँपालिकामा नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान दिएको छ । गाउँपालिकाले आ.व. ०८०/८१ मा आन्तरिक आयबाट रु. ४० लाख भन्दा बढी, सङ्घ सरकार र प्रदेश सरकार गरी राजस्व बाँडफाँटबाट रु. ८ करोड ६२ लाख भन्दा बढी स्रोत परिचालन गरेको छ । यस गाउँपालिकाको कुल राजस्व बजेटमा आन्तरिक स्रोतको योगदान ४.६ प्रतिशतको हाराहारीमा रहेको छ ।

२.८.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस गाउँपालिकाले पनि नेपालको सोह्रौं योजना तथा लुम्बिनी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (तर्जुमा चरणमा रहेको) का आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो दोस्रो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ । राज्य पुनर्संरचना मार्फत माडी गाउँपालिका स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको हो ।

उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गाउँ सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ । योजना व्यवस्थापनको क्षेत्रमा यस गाउँपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । सहभागीतामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँ सभाबाट स्वीकृत बजेट तथा नीति, कार्यक्रमलाई वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । सङ्घीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

परिच्छेद-तीनः सोच तथा विकासको अवधारणा

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र लुम्बिनी प्रदेश सरकारले लिएका आ-आफ्ना दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादम्यता गर्दै माडी गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा माडी गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

३.१ पृष्ठभूमि

सङ्घीय शासन प्रणाली अनुरूप गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गरेको छ । कतिपय आर्थिक नीति कार्यान्वयन गर्न तीनै तहकाबीच एकीकृत रूपमा जानुपर्ने अपरिहार्य रहेको छ । राष्ट्रिय तथा प्रादेशिक सङ्कल्प, समृद्धि र समुन्नतिका लागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य साझेदारीका कार्यहरूलाई सँगसँगै लिएर जानुपर्ने अवस्था रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहले तर्जुमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनु आवश्यक हुन्छ । यो आवधिक विकास योजना माडी गाउँपालिकाको समग्र विकासका लागि तयार गरिएको आयोजना दस्तावेज हो, जसले निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि निश्चित अवधि भित्र गर्नुपर्ने कार्य तथा रणनीतिहरूको बारेमा विश्लेषण गरेको छ । यसले स्थानीय समुदायका जन गुनासो, आवश्यकता र ती आवश्यकता पूर्ति गर्न आवश्यक स्रोतको विश्लेषण गर्नका साथै चुनौती समाधानका क्षेत्रमा के कस्ता जोखिमहरू आउन सक्छन् भन्ने बारेमा विश्लेषण गर्दछ । गाउँपालिका भित्र आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा सुशासनको क्षेत्रमा समावेशी विकास गर्नका लागि आवधिक योजनाले अल्पकालीन तथा दीर्घकालीन महत्त्वका आयोजना बनाउने गर्दछ जसको परिणाम स्वरूप उपेक्षित वर्गले समेत विकासमा अपनत्व लिने वातावरण तयार हुन्छ । यसका लागि पनि यो योजनाको निर्माणका क्रममा सबै वर्गको साझा संलग्नतालाई मध्यनजर राख्दै वडास्तरबाट योजना सङ्कलन गरी यस आवधिक योजनामा समावेश गरिएका छन् । यस अर्थमा यो स्थानीय योजना आफैमा सहभागीतामूलक तरिकाले निर्मित योजना हो ।

३.२ प्रमुख समस्या तथा चुनौती

समस्याहरू

१. दीर्घकालीन सोचका आधारमा योजनाबद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भएतापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
२. योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
३. जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिनु ।
४. गाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो-छिटो तथा अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।

५. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।
६. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या हुनु।
७. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु ।
८. माडीको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारकोलागि वृहत्तर क्षेत्रगत योजना तयार नहुनु ।

<u>चुनौतीहरू</u>

माडी गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

१. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संसाधन विकासका कारण अपेक्षित रूपमा आन्तरिक राजस्व सङ्कलन नहुनु ।
२. धेरैजसो भू-भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनिकीकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
३. गाउँपालिकाका सबै वडाहरूमा सर्वकालीन मोटरबाटो पुऱ्याउनु ।
४. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रूपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
५. गाउँपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका फलफूल तथा जडीबुटीहरूको व्यावसायिक रूपमा खेती सुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी कृषकहरूलाई यसतर्फ दीर्घकालीन रूपमा आकर्षित गराउनु ।
६. स्थानीय स्रोत, साधन, जडीबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
७. ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
८. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
९. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
१०. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।
११. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत् राख्नु ।
१२. भ्रष्टाचार तथा फजुल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु ।

३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

१. संवैधानिक रूपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको ।
२. गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न सक्ने अवस्था रहेको ।
३. एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको प्रचुर सम्भावना रहन गएको ।
४. कृषिजन्य उत्पादित वस्तुकोलागि आवश्यक बजारको समस्या नरहेको, यस गाउँपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको ।
५. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयवासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको ।
६. अमिलो प्रजातिका फलफूल, सुन्तला, आलु, टमाटर, अदुवा, टिमुर लगायत विभिन्न मौसमी तथा बेमौसमी फलफूल एवं तरकारीहरू, मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस गाउँपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई थप आर्थिक उपलब्धि हासिल हुने अवस्था रहेको ।
७. गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुऱ्याउन सकिने अवस्था रहेको ।
८. वन जङ्गल, जडीबुटी, जलस्रोत, ढुङ्गाखानी आदि जस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको ।
९. पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको ।
१०. गाउँपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडीबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने ।
११. आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धि प्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको ।

३.४ निर्देशक सिद्धान्त

नेपालको बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार र सोहौं राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरूलाई पालन गरी गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ साथै आवधिक योजना कार्यान्वयन गर्दा सबै सरोकारवाला संस्था/निकाय तथा समूहहरूले निम्नलिखित विकासका सिद्धान्तहरूलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ ।

१. नेपालको संविधानको भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भए अनुसार पिछडिएका, उपेक्षित तथा सीमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानका लागि गाउँ विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।
२. उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ ।
३. नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा गाउँपालिकाको स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ ।
४. संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भए अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै गाउँको समृद्धि हासिल गरिनेछ ।
५. संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई गाउँको उच्च सम्भावना रहेका आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ ।
६. रणनीतिक पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ ।
७. स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, विद्युत, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश, विकास साझेदार, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिनेछ ।
८. आर्थिक-सामाजिक रूपले पछाडि परेका दलित, जनजाति, गरिब, एकल महिला, अपाङ्ग र पिछडा वर्गको सेवामा पहुँच वृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्बोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।
९. स्थानीय श्रोत, सीप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक श्रोतको दिगो उपयोग गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्ने तर्फ गाउँ विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ ।
१०. सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको माडी गाउँपालिकामा आधुनिक कृषि र पर्यटन विकास मार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्यलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नवप्रवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३.५ सोच, लक्ष्य तथा उद्देश्य

दीर्घकालीन सोच

"कृषि, पशुपक्षी, जडीबुटी र दिगो पूर्वाधार—समृद्ध माडीको आधार"

लक्ष्य

कृषि तथा पशुपक्षी विकासको आधुनिकीकरण गरी स्थानीय प्राकृतिक स्रोत साधाको भरपूर उपयोग गर्दै दिगो पूर्वाधार विकासको माध्यमबाट सामाजिक न्याय तथा सुशासन सहितको समृद्ध माडी निर्माण गर्ने ।

उद्देश्य

१. आर्थिक विकासको क्षेत्रमा उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु ।

२. मानव अधिकार र सामाजिक सुरक्षा तथा न्यायको सुनिश्चितता गर्दै स्वस्थ, शिक्षित र समतामूलक समाजको निर्माण गर्नु ।
३. स्थानीय आवश्यकता र प्राथमिकताको निर्धारण गरी भरपर्दो र दिगो पूर्वाधार विकास निर्माण गर्नु ।
४. वन तथा वातावरणको संरक्षण/सम्वर्द्धन गरी विपद् जोखिम न्यूनीकरण गर्नु ।
५. सामाजिक न्यायपूर्ण सुशासनयुक्त प्रविधिमैत्री र जनताको जीवनमा गुणात्मक सुधार सहितको शासन प्रणालीको स्थापना गर्नु ।

३.६ परिमाणात्मक लक्ष्य

तालिका ३१: अपेक्षित परिमाणात्मक उपलब्धि

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	
कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपक्षीपालनको हिस्सा	प्रतिशत	२८	२८	२८.५	२९	२९.५	३०	३०
प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (धान)	मे. टन प्रति हेक्टर	२.०५	२.१	२.३	२.५	२.७	२.८	२.८
प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (मकै)	मे. टन प्रति हेक्टर	३.५	३.६	३.७	३.८	३.९	४	४
प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (गहुँ)	मे. टन प्रति हेक्टर	२.४	२.५	२.७	३	३.१	३.२	३.२
आलु बालीको उत्पादकत्व	मे. टन प्रति हेक्टर	१३	१४	१५	१५.५	१६	१६	१६
खेतीयोग्य जमिन मध्ये सिँचित जमिन	प्रतिशत	२.६४	२.७	३	५	१५	२५	२५
सुचारु सिँचाइ आयोजना	सङ्ख्या	३५	४०	४५	५०	५५	६०	६०
उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी)	प्रतिशत	०.२४	०.२५	०.२६	०.२७	०.२९	०.३५	०.३५
उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या	सङ्ख्या	८५०	८५०	९००	९५०	१०००	१०५०	१०५०
प्रत्यक्ष रोजगारीमा वृद्धि (वार्षिक)	प्रतिशत	२	२.१	२.२	२.३	२.४	२.५	२.५
सीपमूलक तालिम प्राप्त जनशक्ति	सङ्ख्या	२६९	३००	३५०	४००	४५०	५००	५००
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या	प्रतिशत	६४	६४	६४	६५	६४	६४	६४
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या मध्ये बेरोजगार जनसङ्ख्या	प्रतिशत	६	६	५.९	५.८	५.७	५.८	५.८
कम्तीमा एक परिवार विदेशमा रहेको परिवार	परिवार	७५	८५	९५	१०५	११५	१२५	१२५
अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	६९	६९	७०	७०	७१	७१	७१

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	
३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार	प्रतिशत	८०	८५	८८	९०	९२	९३	९३
आधारभूत स्वास्थ्य केन्द्र	सङ्ख्या	२	२	२	२	२	२	२
अस्पताल	सङ्ख्या	०	१	१	१	१	१	१
बेड	सङ्ख्या	०	१५	१५	१५	१५	१५	१५
हेल्थ पोष्ट	सङ्ख्या	४	३	३	३	३	३	३
स्वास्थ्य एकाइ	सङ्ख्या	३	३	३	३	३	३	३
विशेषज्ञ चिकित्सक	सङ्ख्या	०	१	१	२	२	३	३
मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता	सङ्ख्या	३७	६०	६२	६५	६८	७०	७०
संस्थागत सुत्केरी सेवाको दायरा	प्रतिशत	५८.७	६०	६५	७०	७५	८०	८०
दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला	प्रतिशत	२६.२	६०	६५	७०	७५	८०	८०
बर्थिङ सेन्टर	सङ्ख्या	४	४	४	४	४	४	४
गर्भावस्थाको परीक्षण दर	प्रतिशत	७२	७५	८०	९०	१००	१००	१००
५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	दर	०	०	०	०	०	०	०
साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	७१	७२	७३	७४	७५	७५	७५
साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	७०	७१	७२	७३	७४	७५	७५
युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	९८	९८	९८	९९	९९	९९	९९
आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	९५	९६	९७	९८	९९	१००	१००
स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	५३	५५	६०	६५	७०	७५	७५
शौचालय भएका घरपरिवार	प्रतिशत	९९	१००	१००	१००	१००	१००	१००
पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार	प्रतिशत	६७.२४	७०	७५	८०	८५	९५	९५
३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार	प्रतिशत	८०	८२	८५	८८	९०	९५	९५
सर्वयाम सडक	कि.मि.	६५	८५	९५	११०	१३०	१५०	१५०
यातायात सुचारु सडक लम्बाइ	कि.मि.	१७०	२००	२३०	२६०	२८०	३००	३००
नियमित मर्मत संभार भएको सडकको लम्बाइ	कि. मि.	०	१०	२०	३०	५०	७०	७०
अन्तर पालिका सडक सञ्जाल विस्तार	कि.मी.	९१	१००	११०	११५	१२०	१२०	१२०

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	
विद्युतमा पहुँच प्राप्त परिवार	प्रतिशत	९५	९६	९८	९९	१००	१००	१००
रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र	प्रतिशत	७२	७२	७२	७२	७२	७२	७२
आयमूलक कार्य सञ्चालित वन क्षेत्र (कवुलियती वन)	सङ्ख्या	३	३	३	३	३	३	३
सामुदायिक वन सङ्ख्या	सङ्ख्या	९४	९४	९४	९४	९४	९४	९४

स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल

३.७ रणनीति तथा प्राथमिकता

तालिका ३२: गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू

रणनीतिहरू	प्राथमिकताहरू
उद्देश्य १: आर्थिक विकासको क्षेत्रमा उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु ।	
१.१: प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने ।	१. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ । २. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ। ३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।
१.२: विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।	१. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ । २. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ । ३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागू गरिनेछ । ४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।
उद्देश्य २: मानव अधिकार र सामाजिक सुरक्षा तथा न्यायको सुनिश्चितता गर्दै स्वस्थ, शिक्षित र समतामूलक समाजको निर्माण गर्नु ।	
२.१: शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने ।	१. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसूतीगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।

रणनीतिहरू	प्राथमिकताहरू
	२. खुला दिशामुक्त गाउँ कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ । ३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागू गरिनेछ ।
उद्देश्य ३: स्थानीय आवश्यकता र प्राथमिकताको निर्धारण गरी भरपर्दो र दिगो पूर्वाधार विकास निर्माण गर्नु ।	
३.१: गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने ।	१. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ । २. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ । ३. सडकको स्तरोन्नति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँट गरिनेछ ।
उद्देश्य ४: वातावरण संरक्षण तथा विपद् व्यवस्थापन गरी जलवायु उत्थानशीलता प्रवर्द्धन गर्नु ।	
धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलको निर्माण, संरक्षण तथा मर्मत सम्भार कार्यक्रम	५०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	१.२	९	१	३	३
पर्यटन विकासका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	९	१	३	३

४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

४.४.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नेपालमा उद्योग, वाणिज्य, र आपूर्ति विकास देशको आर्थिक विकास, रोजगारी सिर्जना, र जीवनस्तर उकास्नका लागि अत्यन्त महत्त्वपूर्ण छ। तथापि, यी क्षेत्रहरूमा धेरै सवालहरू र चुनौतीहरू छन् । नेपालमा औद्योगिक विकासको जीडीपीमा योगदान लगभग ५ प्रतिशत (२०२१ अनुमान) रहेको छ भने उद्योग क्षेत्रमा कुल श्रम शक्तिको लगभग १० प्रतिशत रोजगारीको अवसर प्रदान गरेको देखिन्छ । नेपालका जुट, चिया, कपास, सिमेन्ट, ऊनी वस्त्र, हस्तशिल्प, र खाद्य प्रशोधन आदि प्रमुख उद्योगहरूका रूपमा रहेका छन् भने लगभग २ लाख साना तथा मझौला उद्योग (SMEs) सञ्चालनमा रहेका छन्, जसले धेरै रोजगारी प्रदान गर्दछन् ।

नेपालले सन २०२१ मा हस्त शिल्प, चिया, कपास, जुट, र कार्पेट प्रमुख निर्यात सामग्री मार्फत अनुमानित १ अर्ब अमेरिकी डलर निर्यात आय सङ्कलन गरेको देखिन्छ । नेपालको कुल व्यापार लगभग १२ अर्ब अमेरिकी डलर (२०२१ अनुमान) भएकोमा लगभग १० अर्ब अमेरिकी डलर (२०२१ अनुमान) आयात भएको देखिन्छ । नेपालको प्रमुख व्यापार साझेदारका रूपमा भारत, चीन, युरोपियन युनियन, र संयुक्त राज्य अमेरिका रहेका भएता पनि कुल व्यापारको लगभग ६० प्रतिशत भारतसँग मात्र व्यापार हुने गरेको छ ।

विशेष गरी ग्रामीण क्षेत्रहरूमा कमजोर आपूर्ति शृङ्खलाको अवस्था रहनमा यातायात, भण्डारण, र वितरण प्रणालीको अभाव प्रमुख चुनौतीका रूपमा देखा परेको छ । आपूर्ति शृङ्खलाको कमजोरीले मूल्य निर्धारणमा अस्थिरता ल्याएको छ। सडक, रेल, र हवाई यातायातको अभाव तथा विद्युत आपूर्ति अनियमितताले आपूर्ति प्रणालीलाई असर गरेको छ भने जटिल नियमन र नीतिहरूले उद्योग र वाणिज्य विकासमा बाधा उत्पन्न गरेको छ तथा भ्रष्टाचारले व्यापार र उद्योग विकासमा नकारात्मक प्रभाव पारेको छ । आधुनिक प्रविधिको प्रयोग सीमित हुँदा अनुसन्धान र विकास (R&D) मा निवेशको अभाव देखिन्छ ।

राष्ट्रिय औद्योगिक नीति २०७३ ले उद्योग विकासलाई प्राथमिकता दिने, निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, र आधुनिक प्रविधिको प्रयोग बढाउने उद्देश्य राखेको छ भने व्यापार नीति २०७२ ले निर्यात बढाउने, व्यापार सुविधा प्रदान गर्ने, र अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धा बढाउने उद्देश्य राखेको छ । आपूर्ति शृङ्खला नीति २०७५ ले आपूर्ति शृङ्खलाको विकास, यातायात सुविधा बढाउने, र भण्डारण प्रणाली सुधार्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २०३० सम्ममा उद्योग, वाणिज्य, र आपूर्ति विकासलाई प्राथमिकता दिने लक्ष्य राखेको छ । नेपालले दिगो विकास लक्ष्य नं. ९ (उद्योग, नवीनता, र आधारभूत संरचना) र लक्ष्य नं. १२ (जिम्मेवार उपभोग र उत्पादन) प्राप्त गर्न उद्योग, वाणिज्य, र आपूर्ति विकासलाई प्राथमिकता दिएको छ ।

नेपालमा उद्योग, वाणिज्य, र आपूर्ति विकासको विद्यमान अवस्था, सवालहरू, र नीतिहरूको व्याख्या गर्दा तथ्याङ्क र आधारहरू समावेश गर्नु आवश्यक छ । यी तथ्याङ्क र आधारहरूले नेपालमा उद्योग, वाणिज्य, र आपूर्ति विकासको अवस्था, चुनौतीहरू, र भविष्यका दिशाहरू बुझ्न मद्दत गर्दछ । सरकारी नीतिहरू, अन्तर्राष्ट्रिय सहयोग, र निजी क्षेत्रको सहभागिताले नेपालमा उद्योग, वाणिज्य, र आपूर्ति विकासलाई अझ प्रभावकारी बनाउन सक्छ ।

४.४.२ समस्या तथा चुनौती

- औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु ।
- व्यावसायिक तालिमको व्यवस्था गर्नु ।
- उद्योग स्थापना गर्दा विभिन्न कारणबाट लागत खर्च बढ्न जानु ।
- श्रम नीति उद्योगमैत्री बनाउनु ।
- औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु ।
- सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु ।
- औद्योगिक नीतिका प्रावधानहरूलाई आर्थिक ऐनले सम्बोधन गर्नु ।
- विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु ।
- दक्ष जनशक्तिको अभाव, बजार व्यवस्थापन, आवश्यक पूँजीको जगेर्ना, उपलब्ध अवसरहरूको उपयोग गर्नु।
- सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकाससँग आत्मसाथ गर्न सक्ने क्षमता अभिवृद्धि गर्नु ।
- गाउँपालिका तहमा तुलनात्मक रूपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु ।
- निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु ।
- मागअनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु ।

४.४.३ संभावना तथा अवसर

- जनसमुदायमा उद्योगको आवश्यकता बारे चेतना अभिवृद्धि हुने ।
- उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने ।
- उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाईँसराइ कम भई स्व—स्थानको विकासमा समुदायहरू समर्पित हुने ।
- स्थानीय कच्चा पदार्थको सदुपयोग हुने ।
- पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्ने ।
- स्थानीय तहमा रोजगार सिर्जना हुनु ।

- स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु ।

४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

माडी गाउँपालिकामा औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा वृद्धि, गरी निर्यात प्रवर्द्धन मार्फत पालिकाको अर्थतन्त्रको अभिवृद्धि गर्न सहयोग गर्ने ।

उद्देश्य

१. गाउँपालिका भित्र उद्यमशीलता अभिवृद्धि गर्न प्रोत्साहित गर्दै लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा गरी रोजगारीका अवसर सिर्जना गर्नु ।
२. गुणस्तरीय स्थानीय उत्पादनको माध्यमबाट व्यापार घाटा कम गर्नु ।
३. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

रणनीति तथा कार्यनीति

तालिका ३९: उद्योग तथा वाणिज्यका रणनीति तथा कार्यनीतिहरू

रणनीति	कार्यनीति
उद्देश्य १: गाउँपालिका भित्र उद्यमशीलता अभिवृद्धि गर्न प्रोत्साहित गर्दै लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा गरी रोजगारीका अवसर सिर्जना गर्नु ।	
२.१.१: यस गाउँपालिकामा स्थापना तथा सञ्चालन हुने उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।	१. गाउँपालिकाको भूगोल र उपयुक्त स्थानको छनौट गरी एकीकृत उद्योगका स्थापनाकोलागि पहल गरिनेछ । २. औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा सुधार ल्याइनेछ । ३. उद्योग स्थापना र सञ्चालनमा सार्वजनिक—निजी साझेदारीको प्रवर्द्धन गर्न व्यवसाय मञ्चको स्थापना गरिनेछ ।
२.१.२: स्थानीय स्रोत एवम् सीपको उपयोग भौगोलिक स्थितिको अध्ययन गरी लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।	१. गरिबी निवारणकालागि लघु उद्यम विकास कार्यक्रमलाई गाउँपालिकाका सबै वडाहरूमा विस्तार गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय क्षमता विकास गर्दै लगिनेछ । २. एक वडा एक विशेष उत्पादन सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ । ३. स्थानीय तहमा पाइने अल्लो, लोक्ता, केरा, वेत, बाँस जस्ता प्राकृतिक रेसामा आधारित वस्तुहरूको उद्यमशीलता प्रवर्द्धनकालागि यस्ता वस्तुको सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना गर्न सहयोग गरिनेछ ।
उद्देश्य २: गुणस्तरीय स्थानीय उत्पादनको माध्यमबाट व्यापार घाटा कम गर्नु ।	
२.२.१: स्थानीय उत्पादनलाई गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक रूपमा औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने ।	१. स्थानीय तहमा उपलब्ध बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधीजन्य वस्तुको उत्पादन र निकासीमा विशेष जोड दिइनेछ । २. गाउँपालिकामा केही स्थानहरू पहिचान गरेर हस्तकला क्षेत्र स्थापना गरी परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।

रणनीति	कार्यनीति
	३. व्यावसायिक लागत घटाउन तथा प्रक्रियागत सरलीकरण गर्नकालागि उद्योग तथा कम्पनी प्रशासनमा सूचना प्रविधिको उपयोगलाई प्रभावकारी बनाइनेछ । ४. प्रदेश तथा सङ्घीय सरकारसँगको समन्वयमा औद्योगिक उत्पादनको गुणस्तरमा थप सुधार गर्न आवश्यकता अनुसार गुणस्तर परीक्षण क्षमता वृद्धि गरिनेछ ।
उद्देश्य ३: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।	
२.३.१: तुलनात्मक वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।	१. वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ । २. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आबद्ध गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादन गरिनेछ ।

४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति											
सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी)	प्रतिशत	०.२४	०.२५	०.२६	०.२७	०.२९	०.३५	०.३५		
उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप)	सङ्ख्या	८५०	८५०	९००	९५०	१०००	१०५०	१०५०		
प्रत्यक्ष रोजगारीमा वृद्धि (वार्षिक)	प्रतिशत	२	२.१	२.२	२.३	२.४	२.५	२.५		
सीपमूलक तालिम प्राप्त जनशक्ति	सङ्ख्या	२६९	३००	३५०	४००	४५०	५००	५००		
घरेलु तथा साना उद्योग दर्ता	सङ्ख्या	२	२	५	६	७	१०	१०		
मझौला उद्योग दर्ता	सङ्ख्या	५	५	६	७	८	१०	१०		
स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग	सङ्ख्या	६	६	७	८	९	१०	१०		
स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग	सङ्ख्या	१	१	२	२	३	३	३		
विभिन्न ठाउँमा हाट बजार सञ्चालन	सङ्ख्या	१	१	२	३	४	६	६		
निकासीजन्य कच्चा पदार्थको परिमाण	मे. टन	३०००	३०००	३०२०	३०४०	३०७०	४०००	४०००		
विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन	सङ्ख्या	६	६	६	६	६	६	६		
उत्पादन र बजारीकरण सहकारी संस्था	सङ्ख्या	२	२	२	४	४	६	६		
थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना	सङ्ख्या	१५०	१५०	१६०	१७०	१८०	१९०	१९०		
सुपथ मूल्य पसल	सङ्ख्या	०	०	१	१	२	३	३		
सहकारी पसल	सङ्ख्या	०	०	१	१	२	३	३		
होलसेल पसलको सङ्ख्या	सङ्ख्या	२०	२०	२१	२१	२२	२३	२३		
स्थानीय बजार र आपूर्ति अनुगमन	सङ्ख्या	१०	११	१२	१३	१४	१५	१५		

४.४.६ प्रमुख आयोजना तथा कार्यक्रम

उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
फलफूलको जुस उत्पादन तालिम तथा उद्योग निर्माण सहायता कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५०० **	०.१३
मसला उद्योग सञ्चालन तथा बजारीकरण कार्यक्रम	पटक		२				५००	५००	**१००० **	०.०५
आरन उद्योगको आधुनिकीकरण कार्यक्रम	एकमुस्ट			५००					**५०० **	०.०३
स्थानीय आर्थिक विकास योजना तर्जुमा	एकमुस्ट		१		१०००				**१००० **	०.०५
अध्यक्षसँग उद्यमशीलता कार्यक्रम (युवाहरूको लागि तालिम र प्रविधि सहयोग)	जना		१५	१५००	१७००	२०००	२२००	२५००	**९९०० **	०.५३
लघु तथा घरेलु उद्यम विकास कार्यक्रम (प्रविधि हस्तान्तरण, नयाँ लघु उद्यम सृजना लगायत)	सङ्ख्या			१०००	१२००	१४००	१५००	१५००	**६६०० **	०.३५
दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन)	जना		५०	१०००	१०००	१०००	१०००	१०००	**५००० **	०.२७
निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५०० **	०.१३

उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
गाउँपालिकाको उद्यम विकास ईकाइको संस्थागत क्षमता विकास कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
उद्योग विकासको संभाव्यता अध्ययन	सङ्ख्या		१			५००			५००	०.०३
उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा बजेट				७०००	७९००	७९००	८२००	८५००	३९५००	२.११

४.४.७ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति विकासको सङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
फलफूलको जुस उत्पादन तालिम तथा उद्योग निर्माण सहायता कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३
मसला उद्योग सञ्चालन तथा बजारीकरण कार्यक्रम	१०००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३
आरन उद्योगको आधुनिकीकरण कार्यक्रम	५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३
स्थानीय आर्थिक विकास योजना तर्जुमा	१०००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
अध्यक्षसँग उद्यमशीलता कार्यक्रम (युवाहरूको लागि तालिम र प्रविधि सहयोग)	९९००	सङ्घ/प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३
लघु तथा घरेलु उद्यम विकास कार्यक्रम (प्रविधि हस्तान्तरण, नयाँ लघु उद्यम सृजना लगायत)	६६००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन)	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम	२५००	पालिका	गाउँ सभाको निर्णय	१.२	८	२	३	३
गाउँपालिकाको उद्यम विकास ईकाइको संस्थागत क्षमता विकास कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३
स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३
उद्योग विकासको संभाव्यता अध्ययन	५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३
उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	३	३

४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

४.५.१ पृष्ठभूमि

नेपालको संविधानले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने १६ औं राष्ट्रिय योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा लिएको छ । नेपाल सरकारले स्वदेशमा रोजगारी सिर्जना र वैदेशिक रोजगारी दुवै पक्षलाई प्राथमिकतामा राखेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो बनाउन सीप विकास, गन्तव्य मुलुकका बारेमा आधारभूत जानकारी, वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान, पूँजी उपयोगका लागि विविध कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगार तथा बेरोजगार श्रमशक्तिका बारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ ।

नेपालमा श्रम, रोजगारी, र सामाजिक सुरक्षा विकास देशको आर्थिक विकास, गरिबी निवारण, र सामाजिक न्यायका लागि अत्यन्त महत्त्वपूर्ण छ । तथापि, यी क्षेत्रहरूमा धेरै सवालहरू र चुनौतीहरू छन् । नेपालमा लगभग १ करोड ६० लाख कुल श्रम शक्ति (सन २०२१) रहेको अनुमान छ भने रोजगारी दर करिब ८९ प्रतिशत र बेरोजगारी दर करिब ११ प्रतिशत रहेको छ । रोजगारीको प्रकारका आधारमा हेर्ने हो भने कुल रोजगारीको करिब ६० प्रतिशत कृषि क्षेत्र, करिब १० प्रतिशत उद्योग क्षेत्र र करिब ३० प्रतिशत सेवा क्षेत्रले योगदान गरेको देखिन्छ ।

राष्ट्रिय आयको एक प्रमुख हिस्साको रूपमा रहेको विदेशी रोजगारीबाट सन २०२१ मा प्राप्त रकम करिब ८ अर्ब अमेरिकी डलर थियो भने विदेशी रोजगारीमा ४० लाख बढी नेपाली संलग्न रहेको देखिन्छ । नेपालमा सामाजिक १० लाख भन्दा बढी व्यक्तिहरूले सामाजिक सुरक्षा कोषमा सदस्यता लिएका छन् भने ४० लाख बढी जनसङ्ख्याले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरेका छन् । ५० लाख बढी व्यक्तिहरू स्वास्थ्य बीमा योजनामा आबद्ध भएका छन् भने कुल जनसङ्ख्याको २० प्रतिशत स्वास्थ्य बीमा कवरेज रहेको छ ।

नेपालमा कुल रोजगारीको करिब ८० प्रतिशत अनौपचारिक रोजगारीले ओगटेको छ र धेरै जसो श्रमिकहरूले न्यूनतम मजदुरी भन्दा कम आयमा काम गर्न बाध्य छन् । धेरै श्रमिकहरूले श्रम अधिकार उल्लङ्घनको सामना गर्दै छन् भने करिब १० लाख बालबालिकाहरू बाल श्रममा संलग्न रहेको देखिन्छ ।

राष्ट्रिय श्रम नीति, २०७५ ले श्रमिकहरूको अधिकार संरक्षण, रोजगारी सिर्जना, र श्रमिकहरूको कल्याणलाई प्राथमिकता दिने उद्देश्य राखेको छ । राष्ट्रिय रोजगारी नीति, २०७६ ले रोजगारी सिर्जना, कौशल विकास, र उद्यमशीतालाई प्रोत्साहित गर्ने उद्देश्य राखेको छ । सामाजिक सुरक्षा नीति, २०७५ ले सामाजिक सुरक्षा कोषको विस्तार, स्वास्थ्य बीमा योजना सुधार, र वृद्धा भत्ता बढाउने उद्देश्य राखेको छ। नेपाल सरकारले २०३० सम्ममा रोजगारी दर बढाएर ९५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । नेपालले दिगो विकास लक्ष्य नं. ८ (उचित रोजगारी र आर्थिक विकास) र लक्ष्य नं. १० (असमानता कम गर्ने) प्राप्त गर्न श्रम, रोजगारी, र सामाजिक सुरक्षा विकासलाई प्राथमिकता दिएको छ ।

४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जानेक्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाई सराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । पालिकामा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

४.५.३ संभावना तथा असर

आर्थिक रूपले जनसाङ्ख्यिक लाभ लिन सकिने जनसङ्ख्याको बाहुल्य रहेको छ । जसको परिचालन मार्फत म्याग्दे गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सीपयुक्त, व्यावसायिक जनशक्तिको विकासबाट रोजगारीको सिर्जना भएको हुने

उद्देश्य

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु ।
२. वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु ।

रणनीति र कार्यनीति

तालिका ४०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु ।	

रणनीतिहरू	कार्यनीतिहरू
१.१ युवाहरूमा व्यावसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने ।	१. बेरोजगार युवालाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरिनेछ । २. कृषि, पशुपंक्षीपालन, माछापालन एवं बहुमूल्य जडीबुटीका क्षेत्रमा बेरोजगार युवाहरूलाई प्राविधिक ज्ञान तथा व्यावसायिक खेती सम्बन्धी क्षमता विकास तालिम तथा प्रशिक्षणहरू सञ्चालन गरिनेछ । ३. प्राविधिक शिक्षालयसँग सहकार्य गर्दै बेरोजगार युवाहरू व्यवहारिक, प्राविधिक ज्ञान तथा सीप हासिल गर्न प्रोत्साहित गरिनेछ । ४. बजारको मागका आधारमा छोटो अवधिका व्यावसायिक सीप विकास तालिमहरू सञ्चालन गरिनेछ ।
१.२ निजी क्षेत्रसँग सहकार्य गरी रोजगारी सिर्जना गर्ने ।	१. गाउँपालिकामा रोजगारी सूचना केन्द्र स्थापना गरी बेरोजगार तथा अर्ध बेरोजगार श्रमशक्ति एवं रोजगारदाताको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिनेछ । २. निजी क्षेत्रको मागका आधारमा श्रमशक्ति आपूर्ति हुने व्यवस्था मिलाइनेछ । यसका लागि व्यावसायिक क्षमता तथा सीप विकास, पुर्नताजगी तालिमहरू सञ्चालन गरी प्रतिस्पर्धी बनाइनेछ । ३. निजी क्षेत्रसँग सहकार्य गर्दै ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्न प्रोत्साहित गर्दै आवश्यक सुविधाहरू प्रदान गरिनेछ । ४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । ५. बैंक, वित्तीय संस्थासँग सहकार्य गर्दै स्व—रोजगारीताका लागि स्टार्टअप लोन तथा बैंक कर्जाका लागि सहजीकरण गरिनेछ ।
उद्देश्य २: वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु ।	
२.१ वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।	१. वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित गर्न सहायता कक्ष सञ्चालनमा ल्याइनेछ । २. गन्तव्य मुलुकका बारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय जस्ता विषयहरूमा अभिमुखीकरण एवं प्रशिक्षण गरिनेछ । ३. मान्यता प्राप्त संस्थाहरू वाट होटेल सञ्चालन, भौतिक संरचना निर्माण लगायतका मुख्य-मुख्य विषयहरूमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सहयोग गरिनेछ । ४. गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरूमा पीडित पक्षलाई कानुनी सहायता उपलब्ध गराई अनावश्यक तनावबाट मुक्त गराइनेछ ।
२.२ विप्रेषणलाई पूँजी उत्पादन क्षेत्रमा लगानी गर्ने ।	१. सम्बन्धित परिवारहरूलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

रणनीतिहरू	कार्यनीतिहरू
	२. सम्बन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्रहरू (तरकारी उत्पादन लगायत नगदे बालीहरू) मा लगानी गर्न वा सो क्षेत्रमा व्यावसायिकता विकास गर्न उद्यमशीलता कार्यक्रमहरू सञ्चालन गरिनेछ । ३. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव एवं पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

श्रम, रोजगारी र सामाजिक सुरक्षा											
सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या	प्रतिशत	६४	६४	६४	६५	६४	६४	६४		
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या मध्ये बेरोजगार जनसङ्ख्या	प्रतिशत	६	६	५.९	५.८	५.७	५.८	५.८		
कम्तीमा एक परिवार विदेशमा रहेको परिवार	परिवार	७५	८५	९५	१०५	११५	१२५	१२५		
वैदेशिक रोजगारी संलग्न घरपरिवारहरूलाई उद्यम विकास सहयोग	सङ्ख्या	२४	२६	२८	३०	३२	३४	३४		
सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह	सङ्ख्या	५००	६००	७००	८००	९००	१०००	१०००		
वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मनोसामाजिक परामर्श सेवा प्रदान	पटक	०	१	१	१	१	१	५		
विप्रेषण (करोडमा)	रुपैयाँ	४२	४३	४४	४५	४६	४७	४७		
आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये)	प्रतिशत	९८	१००	१००	१००	१००	१००	१००		
कृषि तथा पशु बिमामा आबद्ध परिवार	प्रतिशत	८	१०	१२	१४	१६	१८	१८		
सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण	सङ्ख्या	१	१	१	१	१	१	१		
सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणाली व्यवस्थापन	सङ्ख्या	१	१	१	१	१	१	१		

४.५.६ प्रमुख आयोजना तथा कार्यक्रम

श्रम, रोजगारी र सामाजिक सुरक्षा										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
सीप विकास तालिम सञ्चालन	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३

श्रम, रोजगारी र सामाजिक सुरक्षा										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
रोजगारी सिर्जनाका लागि सहायता अभियान सञ्चालन	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
स्वरोजगार प्रोत्साहन कार्यक्रम	जना		५०	५००	५००	५००	५००	५००	२५००	०.१३
रोजगारको अवसर क्षेत्र पहिचानका लागि रोजगार सूचना केन्द्र स्थापना तथा सञ्चालन	सङ्ख्या		१				१०००	२०००	३०००	०.१६
वैदेशिक रोजगारीमा फर्केका व्यक्तिहरूको लागि मनोपरामर्श कक्षा सञ्चालन	एकमुस्ट			५००		५००		५००	१५००	०.०८
सहकारी क्षमता विकास कार्यक्रम	पटक		३	५००	५००	५००	५००	५००	२५००	०.१३
वित्तिय तालिम, कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय तथा युवा उद्यमशीलता विकास कार्यक्रम	जना		२५०	५००	५००	५००	५००	५००	२५००	०.१३
गाउँपालिका रोजगार कार्यक्रम सञ्चालन (सीप, उद्यम, तथा आयमुलक-सालवसालि)	जना		५०	५००	५००	५००	५००	५००	२५००	०.१३
उत्कृष्ट सहकारीलाई पुरस्कार कार्यक्रम	सङ्ख्या		५	५००	५००	५००	५००	५००	२५००	०.१३
वैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम	पटक		२	५००		५००			१०००	०.०५
वैदेशिक रोजगारबाट फर्केकाहरूको लागी सीपमूलक	एकमुस्ट				५००	१०००	१०००	१०००	३५००	०.१९

श्रम, रोजगारी र सामाजिक सुरक्षा										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
\स्वरोजगार मूलक तालिम नमुना प्याकेज कार्यक्रम										
श्रम, रोजगारी र सामाजिक सुरक्षाका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा बजेट				५०००	४५००	६०००	६०००	७५००	२९०००	१.५५

४.५.७ श्रम, रोजगारी र सामाजिक सुरक्षा विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
सीप विकास तालिम सञ्चालन	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
रोजगारी सिर्जनाका लागि सहायता अभियान सञ्चालन	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
स्वरोजगार प्रोत्साहन कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
रोजगारको अवसर क्षेत्र पहिचानका लागि रोजगार सूचना केन्द्र स्थापना तथा सञ्चालन	३०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
वैदेशिक रोजगारीमा फर्केका व्यक्तिहरूको लागि मनोपरामर्श कक्षा सञ्चालन	१५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
सहकारी क्षमता विकास कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
वित्तीय तालिम, कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय तथा युवा उद्यमशीलता विकास कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
गाउँपालिका रोजगार कार्यक्रम सञ्चालन (सीप, उद्यम, तथा आयमूलक-सालवसालि)	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
उत्कृष्ट सहकारीलाई पुरस्कार कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
वैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम	१०००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
वैदेशिक रोजगारबाट फर्केकाहरूको लागी सीपमूलक \स्वरोजगार मूलक तालिम नमुना प्याकेज कार्यक्रम	३५००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३
श्रम, रोजगारी र सामाजिक सुरक्षाका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	१.२	८	२	२	३

परिच्छेद-पाँचः सामाजिक क्षेत्र

५.१ स्वास्थ्य तथा पोषण

५.१.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा बालबालिकाको कुपोषण, परिवार नियोजन तथा मातृ शिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा सहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन माडी गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाई पुरा गर्ने नीति लिइएको छ ।

नेपालमा स्वास्थ्य र पोषण विकास देशको सामाजिक-आर्थिक विकास, मानव पूँजी निर्माण, र जनस्वास्थ्य सुधारका लागि अत्यन्त महत्त्वपूर्ण छ । तथापि, यी क्षेत्रहरूमा धेरै सवालहरू र चुनौतीहरू छन् । नेपालमा करिब ९० प्रतिशत जनसङ्ख्याको स्वास्थ्य सुविधा/सेवामा पहुँच रहेको छ भने ५,००० भन्दा बढी सरकारी स्वास्थ्य संस्थाहरू (सामुदायिक स्वास्थ्य केन्द्र, अस्पताल र स्वास्थ्य चौकी) ले जनस्वास्थ्य सेवा प्रदायकका रूपमा सेवा प्रदान गरिरहेका छन् जसमा ५०,००० बढी स्वास्थ्य सेवा कर्मचारी (डाक्टर, नर्स, स्वास्थ्य सहायक) निरन्तर सेवारत छन् । करिब ७२ वर्ष औसत आयु पुगेको अवस्थामा शिशु मृत्यु दर प्रति १,००० जीवित जन्ममा २७ रहेको छ भने मातृ मृत्यु दर प्रति १००,००० जीवित जन्ममा १८६ रहेको छ । मलेरिया, टीबी, र डायरिया जस्ता रोगहरू नियन्त्रणमा छन्, तर क्यान्सर, मृगौला रोग जस्ता रोगहरूले चुनौती दिँदै आएका छन् ।

नेपालमा पोषण विकासको विद्यमान अवस्थालाई नियाल्ने हो भने, करिब ३६ प्रतिशत बालबालिकाहरूमा कुपोषण रहेको जसमा करिब ३६ प्रतिशत बालबालिकाहरूमा स्टन्टिङ (अल्पविकास) को समस्या देखिएको, करिब १० प्रतिशत बालबालिकाहरूमा वेस्टिङ (कमजोरी) रहेको र करिब ५३ प्रतिशत महिलाहरूमा रक्तअल्पता भएको देखिन्छ । नेपाल सरकारले पोषण प्रवर्द्धन कार्यक्रम मार्फत बालबालिका र गर्भवती महिलाहरूलाई पोषण सहयोग प्रदान गरिरहेको छ भने ९५ प्रतिशत भन्दा बढी बालबालिकाहरू भिटामिन ए लिइरहेका छन् ।

नेपालमा अझ पनि धेरै स्वास्थ्य संस्थाहरूमा उपकरण, औषधि र कर्मचारीको अभाव छ भने ग्रामीण क्षेत्रहरूमा दक्ष स्वास्थ्यकर्मी आपूर्ति हुन सकेको छैन ।बालबालिका र महिलाहरूमा कुपोषणको उच्च दर रहेको तथा ग्रामीण क्षेत्रहरूमा खाद्य सुरक्षाको अभाव छ भने गरिबीले स्वास्थ्य र पोषण सेवा पहुँचमा बाधा उत्पन्न गरेको छ साथै धेरै परिवारहरू स्वास्थ्य खर्चको बोझ झेल्न असमर्थ छन् ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले स्वास्थ्य सेवाको गुणस्तर सुधार, स्वास्थ्य बीमा विस्तार, र आपत्कालिन स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्य राखेको छ । स्वास्थ्य बीमा योजना, २०७५ ले गरिब र सुकुम्बासीलाई निःशुल्क स्वास्थ्य बीमा प्रदान गर्ने उद्देश्य राखेको छ । पोषण प्रवर्द्धन कार्यक्रम, २०७२ ले बालबालिका र महिलाहरूलाई पोषण सहयोग प्रदान गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २०३० सम्ममा सबै नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य राखेको छ । नेपालले दिगो विकास लक्ष्य नं. ३ (उत्तम स्वास्थ्य र खुशी) र लक्ष्य नं. २ (खाद्य सुरक्षा र पोषण) प्राप्त गर्न स्वास्थ्य र पोषण विकासलाई प्राथमिकता दिएको छ । नेपालमा स्वास्थ्य र पोषण विकासको विद्यमान अवस्था, सवालहरू, र नीतिहरूको व्याख्या गर्दा तथ्याङ्क र आधारहरू समावेश गर्नु आवश्यक छ। सरकारी नीतिहरू, अन्तर्राष्ट्रिय सहयोग, र सामुदायिक सहभागिताले नेपालमा स्वास्थ्य र पोषण विकासलाई अझ प्रभावकारी बनाउन सक्छ ।

५.१.२ समस्या तथा चुनौती

- स्वास्थ्य चौकीका भवनहरू साँगुरा र अपर्याप्त अवस्थामा रहेको ।
- सबैलाई पायक पर्ने ठाउँमा भवनहरू नभएको ।
- स्वास्थ्यचौकीहरूमा आवश्यक आधुनिक उपकरण र औषधीहरू उपलब्ध नभएको ।
- आवश्यकता अनुसार शाखाहरू विस्तार गर्न नसकिएको ।
- कतिपय वडामा जनशक्तिको अभावमा बर्थिङ् सेन्टर सञ्चालन गर्न नसकिएको ।
- पर्याप्त सङ्ख्यामा जनशक्ति उपलब्ध हुन नसकेको ।
- कर्मचारीहरू सरुवा भइ रहने हुँदा सेवा प्रवाहमा समस्या हुने गरेको ।
- सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसकेको ।
- कतिपय वडामा नयाँ संरचना निर्माण गर्नु परेको अवस्थामा पर्याप्त जग्गा नभएको ।

५.१.३ संभावना तथा अवसर

- विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनु ।
- रोगको निदान गर्नकोलागि न्यूनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु ।
- समयमै औषधी प्राप्त गर्न नसक्नु ।
- जनशक्ति आवश्यकता अनुसार उपलब्ध नहुनु ।
- स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति सरुवा भई रहनु ।
- पाखो तथा भिरालो जमिनमा भौतिक संरचना बनाउन कठिन हुनु ।
- बजेट र जनशक्तिको अभावमा पायक पर्ने स्थानमा स्वास्थ्य चौकीका शाखाहरू, बर्थिङ् सेन्टर लगायत घुम्ती स्वास्थ्यसेवा दिन नसक्नु ।
- आवश्यकता अनुसार औषधीहरूको आपूर्ति बढाउन नसक्नु ।
- भौगोलिक बिकटताले अपाङ्ग, वृद्ध, बृद्धालाई सहज पहुँच पुऱ्याउन नसक्नु ।

५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

पायकपर्ने स्थानहरूमा भौतिक संरचना निर्माण गरी सेवा प्रवाहको क्षमतामा वृद्धि गर्ने ।

उद्देश्य

१. माडीका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।

२. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

३. स्वास्थ्य सेवा सुधारकालागि थप लगानी वातावरण सिर्जना गरी आयुर्वेदिक स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ४१: स्वास्थ्यका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: माडीका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।	
२.१.१: गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने ।	१. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्नसक्ने व्यवस्था मिलाइनेछ । २. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ । ३. आवश्यक दक्ष स्वास्थ्य जनशक्ति उत्पादनका लागि योजना निमार्ण गरिनेछ। ४. नेपाल सरकारको नीति अनुरूप यस गाउँपालिकामा आधारभूत अस्पताल निर्माण प्रक्रिया अघि बढाइनेछ । ५. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ । ६. स्वास्थ्य सम्बन्धी अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ । ७. स्वास्थ्य तथा पोषणबारे व्यापक जनचेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ । ८. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । ९. स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ । १०.स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ । ११.ल्याब सेवा सञ्चालनका आवश्यक पहल अघि बढाइनेछ ।

२.१.२: पालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने ।	१. पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरिनेछ । २. स्वीकृत दरबन्दी अनुसार जनशक्ति पुग, अपुग भएका स्वास्थ्य संस्थाहरूको विवरण तयार पारिनेछ । ३. दरबन्दी अपुग भएका स्वास्थ्य संस्थाहरूमा जनशक्ति माग र व्यवस्थापनकोलागि पालिकाको स्वास्थ्य हेर्ने तोकिएको शाखाबाट पहल गरिनेछ । ४. पालिकाले निजी स्रोतबाट जनशक्ति थप गर्ने अवस्था भएमा तोकिएको विधि र प्रक्रियाबाट आवश्यक सङ्ख्यामा विज्ञापन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ । ५. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मी हरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
उद्देश्य २: स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।	
२.२.१: पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने ।	१. गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ । २. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहु क्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । ३. "सुनौला हजार दिन" सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइनेछ। ४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ ।
२.२.२: मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।	१. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ । २. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवाका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।
उद्देश्य ३: स्वास्थ्य सेवा सुधारकालागि थप लगानी वातावरण सिर्जना गरी आयुर्वेदिक स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।	
२.३.१: स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने ।	१. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्ग—संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ । २. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । ३. भौगोलिक अवस्थिति र जनसङ्ख्याको आधारमा प्रचलित भवन संहिता अनुसार स्वास्थ्य संस्थाहरू निर्माण गरिनुका साथै ती

	संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ ।
२.३.२: माडीमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरूको संरक्षण एवम् व्यवस्थित विकास गर्ने ।	१. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधी उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरूलाई नियमन गरिनेछ । २. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ ।

५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	६९	६९	७०	७०	७१	७१	७१		
३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार	प्रतिशत	८०	८५	८८	९०	९२	९३	९३		
आधारभूत स्वास्थ्य केन्द्र	सङ्ख्या	२	२	२	२	२	२	२		
अस्पताल	सङ्ख्या	०	१	१	१	१	१	१		
बेड	सङ्ख्या	०	१५	१५	१५	१५	१५	१५		
हेल्थ पोष्ट	सङ्ख्या	४	३	३	३	३	३	३		
स्वास्थ्य एकाइ	सङ्ख्या	३	३	३	३	३	३	३		
विशेषज्ञ चिकित्सक	सङ्ख्या	०	१	१	२	२	३	३		
मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता	सङ्ख्या	३७	६०	६२	६५	६८	७०	७०		
संस्थागत सुत्केरी सेवाको दायरा	प्रतिशत	५८.७	६०	६५	७०	७५	८०	८०		
दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला	प्रतिशत	२६.२	६०	६५	७०	७५	८०	८०		
बर्थिङ सेन्टर	सङ्ख्या	४	४	४	४	४	४	४		
गर्भावस्थाको परीक्षण दर	प्रतिशत	७२	७५	८०	९०	१००	१००	१००		
५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	दर	०	०	०	०	०	०	०		
शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	दर	०	०	०	०	०	०	०		
नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	दर	०	०	०	०	०	०	०		
पूर्ण खोप	प्रतिशत	९१.५	१००	१००	१००	१००	१००	१००		
भिटामिन ए खाने बालबालिका	प्रतिशत	९६	१००	१००	१००	१००	१००	१००		
झाडा पखालाको संक्रमण दर	प्रतिशत	४	४	३	२	१	०	०		
महिला स्वास्थ्य स्वयं सेविका	सङ्ख्या	३६	३६	३६	३६	३६	३६	३६		
सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन	सङ्ख्या	६	९	९	९	९	९	९		

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
आधुनिक उपकरण सहितका स्वास्थ्य भवन	सङ्ख्या	०	१	१	१	१	१	१		
आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था	सङ्ख्या	७	१०	१०	१०	१०	१०	१०		
परिवार नियोजनका साधन प्रयोग गर्ने दम्पती	प्रतिशत	८	१०	२०	३०	५०	७०	७०		
सवारी साधन युक्त स्वास्थ्य संस्था	सङ्ख्या	०	१	२	३	४	५	५		
स्वास्थ्य बीमा गर्ने परिवार	प्रतिशत	१	५	१०	२५	५०	८०	८०		
एम्बुलेन्स सञ्चालन	सङ्ख्या	२	३	३	३	३	३	३		
पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधी	सङ्ख्या	९८	९८	९८	९८	९८	९८	९८		
एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला	प्रतिशत	५५	६०	६५	७०	८०	८५	८५		
स्वास्थ्य शिविर सञ्चालन	सङ्ख्या	२	३	४	५	६	७	७		
घुमन्ते स्वास्थ्य सेवा	पटक	०	१	२	३	४	५	५		
दक्ष स्वास्थ्य सेवा तालिम	सङ्ख्या	०	१	२	३	४	५	५		
प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था	सङ्ख्या	५	६	६	६	६	६	६		
कुपोषण प्रभावित जनसङ्ख्या	प्रतिशत	०.६	०.५	०.४	०.२	०	०	०		
आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	६८	७०	७२	७५	७८	८०	८०		
सुत्केरी -स्याहार भत्ता पाउने महिला	सङ्ख्या	१६४	१८०	१८०	१८०	१८०	१८०	१८०		
करेसाबारी भएको घरपरिवार	प्रतिशत	७८	८०	८२	८५	८८	९०	९०		
आफ्नो उत्पादनबाट वर्षभरि खान पुग्ने घरधुरी	प्रतिशत	१३	१४	१५	१६	१७	१८	१८		
प्रतिव्यक्ति खाद्य उत्पादन	किलोग्राम	१८०	१९०	२००	२२०	२५०	३००	३००		
कम्तीमा एक गाई/भैंसी भएको परिवार	प्रतिशत	७२	७३	७४	७५	७६	७७	७७		
कम्तीमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार	प्रतिशत	८८	८८	८८	८८	८८	८८	८८		
उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	३१	२९	२६	२२	१८	१४	१४		

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
उपभोगको दुई तिहाइ खानामा खर्च गर्ने जनसङ्ख्या	प्रतिशत	७२	७२	७२	७२	७२	७२	७२		

५.१.६ प्रमुख आयोजना तथा कार्यक्रम

स्वास्थ्य तथा पोषण										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
स्वास्थ्य सेवा अन्तर्गतका दरबन्दी पदपूर्तिका लागि O&M सर्भे	सङ्ख्या		१	५००					५००	०.०३
बर्थिङ सेन्टरको मापदण्ड अनुसारको स्तरोन्नती	एकमुस्ट			१०००	१०००	१०००			३०००	०.१६
स्तनपान कक्ष निर्माण (६ स्थान)	सङ्ख्या		६			१०००	१०००	१०००	३०००	०.१६
बर्थिङ सेन्टरमा दक्ष जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास र मापदण्ड बमोजिमको औषधि उपकरण र औजारको खरिद तथा व्यवस्थापन	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण (माडी ५ चरिकोट र माडी १ पेदिखोला)	सङ्ख्या		२				५०००	५०००	१००००	०.५४
स्वास्थ्य चौकी भवन तला थप र मर्मत सम्भार (तालावाङ)	सङ्ख्या		१		१५००	१५००			३०००	०.१६

स्वास्थ्य तथा पोषण										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
सबै स्वास्थ्य संस्थाहरूमा सङ्क्रमण रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.१३
गाउँघर क्लिनिक भवन निर्माण र व्यवस्थापन (१२ स्थान)	सङ्ख्या		**१२**	३०००	६०००	६०००	९०००	१२०००	**३६०००**	१.९३
स्ट्रेचर खरिद (४० वटा)	सङ्ख्या		४०	५००	५००	५००			**१५००**	०.०८
घर्ती गाउँ स्वास्थ्य चौकीमा सादा एक्सरे मेसिन र Auto analyzer मेसिन खरिद र जडान	एकमुस्ट							१०००	**१०००**	०.०५
एम्बुलेन्स खरिद तथा सञ्चालन (१ वटा)	सङ्ख्या		**१**				२५००		**२५००**	०.१३
स्वास्थ्य प्रयोगशाला सेट खरिद र स्थापना (घोर्नेटी)	एकमुस्ट			२०००					**२०००**	०.११
गुणस्तरीय स्वास्थ्य तथा पोषण सम्बन्धी विशेष अभियान सञ्चालन	पटक			५००	५००	५००	५००	५००	**२५००**	०.१३
पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका निर्माणका लागि विशेष कार्यक्रम सञ्चालन	पटक			५००	५००	५००	५००	५००	**२५००**	०.१३
स्वास्थ्य संस्थामा सबै प्रकारका औषधि तथा अन्य उपकरणहरूको उपलब्धताका लागि आवश्यक बजेट विनियोजन	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.२७
स्वास्थ्य नीति, प्रोफाइल र गुरुयोजना निर्माण	सङ्ख्या		**३**	५००	५००	१५००			**२५००**	०.१३

स्वास्थ्य तथा पोषण										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
पूर्ण खोप, पूर्ण गर्भ जाँच, पूर्ण संस्थागत डेलीभरि, पूर्ण उत्तर प्रसूति जाँच, क्षयरोग मुक्त पालिका कुपोषण मुक्त पालिका आदिका लागि स्वास्थ्यतर्फ विशेष कार्यक्रम सञ्चालन	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.२७
१५ सैया अस्पतालको शीघ्र निर्माण सम्पन्नता तथा सञ्चालन	सङ्ख्या			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.२७
महामारी रोकथाम, मानसिक स्वास्थ्य र डिजिटल स्वास्थ्य सेवाको सुरुवात	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.१३
माडी गाउँपालिकाका स्वास्थ्य चौकीमा आवश्यक फर्निचर, कार्यालय सामाग्री र आवश्यक कोठाको व्यवस्थापन	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.१३
स्वास्थ्य तथा पोषणका सालबसाली कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.२७
स्वास्थ्य तथा पोषणको जम्मा बजेट				**१५०००**	**१७०००**	**१९०००**	**२५०००**	**२६५००**	**१०२५००**	५.४८

५.१.७ स्वास्थ्य तथा पोषण विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
स्वास्थ्य सेवा अन्तर्गतका दरबन्दी पदपूर्तिका लागि द्व&त्त सर्भे	५००	पालिका	गाउँ सभाको निर्णय	२.१	३	२	२	३
बर्थिङ सेन्टरको मापदण्ड अनुसारको स्तरोन्नती	३०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	३	२	२	३
स्तनपान कक्ष निर्माण (६ स्थान)	३०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	३	२	२	३
बर्थिङ सेन्टरमा दक्ष जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास र मापदण्ड बमोजिमको औषधि उपकरण र औजारको खरिद तथा व्यवस्थापन	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	२	३
सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण (माडी ५ चरिकोट र माडी १ पेदिखोला)	१००००	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	३	२	२	३
स्वास्थ्य चौकी भवन तला थप र मर्मत सम्भार (तालावाङ)	३०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	३	२	२	३
सबै स्वास्थ्य संस्थाहरूमा सङ्क्रमण रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	२	३
गाउँघर क्लिनिक भवन निर्माण र व्यवस्थापन (१२ स्थान)	३६०००	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	३	२	२	३
स्ट्रेचर खरिद (४० वटा)	१५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	२	३
घर्ती गाउँ स्वास्थ्य चौकीमा सादा एक्सरे मेसिन खरिद र जडान	१०००	पालिका	घर्ती गाउँ	२.१	३	२	२	३
एम्बुलेन्स खरिद तथा सञ्चालन (१ वटा)	२५००	पालिका	गाउँ सभाको निर्णय	२.१	३	२	२	३
स्वास्थ्य प्रयोगशाला सेट खरिद र स्थापना (घोर्नेटी)	२०००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	२	३

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
गुणस्तरीय स्वास्थ्य तथा पोषण सम्बन्धी विशेष अभियान सञ्चालन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	३	३
पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका निर्माणका लागि विशेष कार्यक्रम सञ्चालन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	१	३
स्वास्थ्य संस्थामा सबै प्रकारका औषधि तथा अन्य उपकरणहरूको उपलब्धताका लागि आवश्यक बजेट विनियोजन	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	१	३
स्वास्थ्य नीति, प्रोफाइल र गुरुयोजना निर्माण	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	३	३
पूर्ण खोप, पूर्ण गर्भ जाँच, पूर्ण संस्थागत डेलीभरि, पूर्ण उत्तर प्रसूति जाँच, क्षयरोग मुक्त पालिका कुपोषण मुक्त पालिका आदिका लागि स्वास्थ्यतर्फ विशेष कार्यक्रम सञ्चालन	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	२	३
१५ सैया अस्पतालको शीघ्र निर्माण सम्पन्नता तथा सञ्चालन	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	१	३
महामारी रोकथाम, मानसिक स्वास्थ्य र डिजिटल स्वास्थ्य सेवाको सुरुवात	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	१	३
माडी गाउँपालिकाका स्वास्थ्य चौकीमा आवश्यक फर्निचर, कार्यालय सामाग्री र आवश्यक कोठाको व्यवस्थापन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	२	३
स्वास्थ्य तथा पोषणका सालबसाली कार्यक्रम	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	३	२	२	३

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

५.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामाग्री विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरूको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरूका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

नेपालमा शिक्षा विकास देशको सामाजिक, आर्थिक, र मानव पूँजी विकासका लागि अत्यन्त महत्त्वपूर्ण छ । तथापि, यस क्षेत्रमा धेरै सवालहरू र चुनौतीहरू छन् । नेपालमा शिक्षा विकासको विद्यमान अवस्था विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कूल साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको देखिन्छ । करिब ९८ प्रतिशत विद्यालय जाने उमेरका बालबालिका प्राथमिक शिक्षाको पहुँचमा रहेकोमा करिब ७५ प्रतिशत को मात्र माध्यमिक शिक्षामा पहुँचमा रहेको तथा उच्च शिक्षामा करिब २५ प्रतिशत मात्र अध्ययनरत रहेको विभिन्न तथ्याङ्कले देखाउँछ ।

नेपालमा ३५,००० भन्दा बढी विद्यालयहरू (सरकारी र निजी) ले आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्न प्रतक्ष्य योगदान गरिरहेका छन् भने १,५०० बढी कलेजहरू (सरकारी र निजी) ले उच्च शिक्षा प्रदान गर्न प्रतक्ष्य योगदान गरिरहेका छन् र करिब एक दर्जन विश्वविद्यालयहरू शिक्षा विकासको हिस्सेदार रहेका छन् । शिक्षक विद्यार्थीको अनुपात हेर्दा प्राथमिक शिक्षामा करिब १:३० (एक शिक्षक बराबरी ३० विद्यार्थी) र माध्यमिक शिक्षामा करिब १:४० (एक शिक्षक बराबरी ४० विद्यार्थी) रहेको देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले शिक्षाको गुणस्तर सुधार, शिक्षा पहुँच बढाउने, र शिक्षक प्रशिक्षणलाई प्राथमिकता दिने उद्देश्य राखेको छ भने विद्यालय शिक्षा कार्यक्रम, २०७२ ले बालबालिकाहरूलाई निःशुल्क शिक्षा प्रदान गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २०३० सम्ममा सबै नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । नेपालले दिगो विकास लक्ष्य नं. ४ (उत्तम शिक्षा) प्राप्त गर्न शिक्षा विकासलाई प्राथमिकता दिएको छ । नेपालमा शिक्षा विकासको विद्यमान अवस्था, सवालहरू, र नीतिहरूको व्याख्या गर्दा तथ्याङ्क र आधारहरू समावेश गर्नु आवश्यक छ । सरकारी नीतिहरू, अन्तर्राष्ट्रिय सहयोग, र सामुदायिक सहभागिताले नेपालमा शिक्षा विकासलाई अझ प्रभावकारी बनाउन सक्छ ।

५.२.२ समस्या तथा चुनौती

- सबै तहको शिक्षालाई सीपमूलक, समावेशी र गुणस्तरीय बनाउनु ।
- खासगरी आर्थिक—सामाजिक रूपले पछाडि परेका सीमान्तकृत समुदाय तथा दुर्गम र पिछडिएका क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु (सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिरै रहिरहनु)।
- पूर्वाधार र लगानीको अनुपातमा शैक्षिक उपलब्धिमा उल्लेख्य वृद्धि गर्नु ।
- शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाई जीवनोपयोगी र प्राविधिक शिक्षाको विस्तार गर्नु ।
- शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासनको प्रत्याभूति दिनु ।

- राजनीतिक प्रभावबाट शिक्षा क्षेत्रलाई मुक्त पार्नु ।
- स्थानीय तहको शैक्षिक प्रशासनिक संरचनाको प्रभावकारी परिचालन गर्नु ।
- संविधानको मर्म र भावना अनुरूप स्थानीय सरकारको शिक्षासम्बन्धी जिम्मेवारी र अधिकार बहन गर्न आवश्यक पर्ने संस्थागत क्षमता निर्माण तथा विकास गर्नु ।
- भौगोलिक बिकटता र मौसमको समस्या हुनु ।
- दरबन्दी अनुसार विषय शिक्षकको अभाव हुँदा जनशक्ति परिचालनमा समस्या हुनु ।
- शिक्षण संस्थामा यातायात सेवाको सहज पहुँचको कमी हुनु ।
- केही अभिभावकको न्यून आयस्रोत हुनु र त्यसता अभिभावकहरूमा शिक्षाको महत्त्वप्रति जनचेतना बढाउन नसक्नु ।
- सरकारी भन्दा निजी विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नु ।
- अङ्ग्रेजी माध्यम र विद्यालयमा विविध सुविधाको अभावमा सरकारी विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या घट्दै जानु ।
- पूर्वाधार निर्माणकालागि पर्याप्त मात्रामा बजेटको अभाव हुनु ।
- स्थानीय स्तर अनुकूल उपयुक्त पाठ्यक्रम निर्माण र लागू नहुनु ।
- शिक्षक विद्यालयमा नियमित उपस्थित नहुनु ।
- छरिएको बस्ती र भौगोलिक विकटता रहनु ।
- विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु ।
- शिक्षा र रोजगारी बीच तालमेल कायम गर्नु ।
- प्रतिभा पलायन रोक्नु ।
- प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु, बालविकासका शिक्षकहरूको क्षमता र सुविधा न्यून हुनु ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालय भर्ना भइनसक्नु ।
- विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु ।
- माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु ।
- शिक्षा र रोजगारीबीच तालमेल हुन नसक्नु ।
- शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्दै जानु ।
- सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिरै रहिरहनु ।
- शिक्षामा पर्याप्त लगानी नहुनु ।
- विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहूँच विस्तार पर्याप्त नहुनु ।
- शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु ।
- शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु ।
- सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु ।

- निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवाभन्दा नाफाउन्मुख हुनु ।

५.२.३ संभावना तथा अवसर

- साक्षरताको स्तर राम्रो हुनु ।
- समुदायमा प्राविधिक शिक्षाप्रतिको बढ्दो आकर्षण र जागरुकता ।
- महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू रहनु ।
- शैक्षिक पूर्वाधारको विकास तथा सूचना प्रविधिको उपलब्धता र पहुँचमा वृद्धि हुनु ।
- गैसस तथा नागरिक समाजको शिक्षामा चाख र संलग्नता बढ्नु ।
- माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु ।
- संविधानले नै शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्नु ।
- दिगो विकासका लक्ष्यहरूप्रति सबै तहका सरकारको प्रतिबद्धता रहनु ।
- स्थानीय तहमा शासकीय संरचना स्थापना र क्रियाशिल भइसक्नु ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाकोलागि पहिलो पटक छुट्टै ऐनको निर्माण हुनु ।
- दिगो विकास लक्ष्य, २०३० प्राप्तिकालागि नेपाल सरकार तथा प्रदेश सरकारले गरेका प्रतिबद्धता अनुरूप सुस्पष्ट मार्गचित्र तय हुनु ।
- हालसम्म हासिल भएका शैक्षिक उपलब्धि तथा मौजुदा संयन्त्रलाई शिक्षासँग जोडी प्राकृतिक स्रोत साधन तथा रैथाने ज्ञान, सीप र प्रविधि उपयोगको प्रचुर सम्भावना रहनु ।
- प्राविधिक तथा व्यावसायिक सीपप्रतिको युवाको आकर्षण रहनु ।
- शैक्षिक गुणस्तर माथि उकास्न विद्यमान विभिन्न स्रोत र साधनहरूको प्रयोग गरी सुधार गर्न सकिनु ।
- अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिनु ।
- शैक्षिक विकासमा टेवा पुऱ्याई आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउन सकिनु ।
- पर्याप्त जग्गा जमिन उपलब्धता भएको कारणले आवश्यक शैक्षिक पूर्वाधार निर्माण गर्न सकिनु ।
- प्राविधिक शिक्षालय स्थापना गर्न उपयुक्त परिवेश रहनु ।

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने ।

उद्देश्य

१. दक्ष जनशक्ति उत्पादनकालागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गरिने तथा तालिमको व्यवस्था गर्नु।
२. सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।

४. गाउँपालिकामा सामाजिक तथा शैक्षिक विकासकालागि उच्च अध्ययन संस्थाको स्थापना गर्नु ।

५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउनु ।

रणनीति र कार्यनीति

तालिका ४२: शिक्षाका रणनीति तथा कार्यनीतिहरू

रणनीति	कार्यनीति
उद्देश्य १: दक्ष जनशक्ति उत्पादनकालागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गरिने तथा तालिमको व्यवस्था गर्नु ।	
१.१.१: विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने ।	१. गाउँपालिका शिक्षा नीतिको तर्जुमा,ऐन तथा नियमावलीको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ । २. गाउँपालिकाका सबै विद्यालयहरूमा शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी गाउँपालिकाको नेटवर्कम रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ । ३. शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि गरिनेछ । ४. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यक परेमा गाउ शिक्षा समिति र वडा शिक्षा समितिको सिफारिसमा मर्जिङ् गरिनेछ । ५. विद्यालयमा दिइने ननसेलरी रकम शैक्षिक सामग्री निर्माण र प्रयोगमा खर्च भएनभएको गाउँपालिकाको शिक्षा शाखा/वडा मार्फत नियमित अनुगमन गरिनेछ । ६. अनुमति भए तापनि आवश्यक दरवन्दी विना सञ्चालन भएका विद्यालयहरूलाई शिक्षक व्यवस्थापनकालागि पटके अनुदान दिन वडामा कार्ययोजना बनाई वडा/गाउँपालिकाबाट रकम उपलब्ध गराइनेछ । ७. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गाउँपालिका मार्फत गरिनेछ । ८. सबै विद्यालयहरूमा अन्तर—विद्यालय भ्रमण गराई सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ । ९. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ । १०. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको स्थापना गरिनेछ । ११. शिक्षा प्रणालीमा कार्यरत सबै प्रकारका जनशक्तिको पेसागत जवाफदेहिता, सदाचारिता तथा नैतिकता जस्ता सेवा प्रवाहका आधारभूत मापदण्ड पालनाकालागि आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ । १२. शैक्षिक गुणस्तरका आधारमा राम्रा र नराम्रा विद्यालयको वर्गीकरण गरी, एक अर्कामा अनुगमन गर्न लगाइनेछ ।

	१३. सामुदायिक, संस्थागत लगायत सबै प्रकारका विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । १४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ । १५. शिक्षकले हरेक हप्ता, विद्यालयले हरेक महिना एवम् गाउँपालिकाले त्रैमासिक रूपमा विद्यार्थी मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिनेछ । उत्तरपुस्तिका परीक्षण अन्तर विद्यालयमा गरिनेछ । १६. बालविकास केन्द्रका शिक्षक र सबै तहका महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ । १७. माध्यमिक तहमा विषयगत शिक्षकको दरवन्दीको निकै अभाव भएको सन्दर्भमा तत्काल शिक्षक परिपूर्ति गर्ने प्रयोजनकालागि क्याम्पस तहमा उत्कृष्ठता हासिल गरेका योग्य स्वयंसेवी शिक्षकको व्यवस्था र परिचालनकालागि प्रदेश सरकारसँग समन्वय गरिनेछ। १८. गुणस्तरीय सिकाइ सुनिश्चित गर्नकालागि घरमा पढ्ने वातावरण तयार गर्न तथा विद्यालयमा आवश्यक सरसल्लाह र सहयोगकालागि अभिभावकहरूलाई सचेतीकरण गर्न अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । १९. सङ्गीत र खेलकुद शिक्षालाई प्रवर्द्धन गर्न गाउँपालिकामा कम्तीमा एकवटा सङ्गीत तथा खेलकुद विशेष कार्यक्रम सञ्चालन गर्न छनोट गरिएको उपयुक्त विद्यालयलाई प्रदेश सरकारसँग समन्वय गरी प्राविधिक तथा भौतिक सहायता उपलब्ध गराइनेछ । २०. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नकालागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास गरिनेछ ।
१.१.२: गुणस्तरीय शिक्षाकोलागि तालिमको संस्थागत विकास गर्ने ।	१. गुणस्तरीय शिक्षाकोलागि शिक्षकहरूको पेसागत दक्षतामा अभिवृद्धि गर्न शिक्षा तथा मानव विकास केन्द्रसँग समन्वय गरी कार्यरत शिक्षकहरू तालिम दिन एक "मानव विकास तालिम केन्द्र" सञ्चालन गरिनेछ । २. स्थानीय आवश्यकताको आधारमा तालिमको पाठ्यक्रमको मोड्युल बनाई सञ्चालनमा ल्याइनेछ । ३. शिक्षकहरूको पेसागत तथा विषयगत सङ्गाल निर्माण गरी विज्ञ प्रशिक्षक तयार गरिने र स्थानीय मागमा आधारित तालिम सञ्चालन गरिनेछ । ४. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ । ५. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

	६. आधारभूत तहको प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेसागत दक्षता बढाइनेछ ।
१.१.३: सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउन सार्वजनिक विद्यालयमा उचित व्यवस्थापन र बजेट व्यवस्था गरिनेछ ।	१. प्रत्येक विषयका विषयविज्ञद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ । २. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ । ३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहाने विद्यालयका शिक्षकलाई आवश्यक भाषागत तालिमको व्यवस्था गरिनेछ । ४. प्रत्येक भर्ना समयमा घरदैलो कार्यक्रम राखी अभिभावकहरूलाई शिक्षाको अनिवार्यताबारे जानकारी गराउदै सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराइनेछ। ५. शिक्षा सम्बन्धी गठित समितिलाई सक्रिय गराइनेछ । ६. विद्यार्थीको रुचि, आवश्यकता र चाहानालाई ध्यानमा राखी स्थानीय समुदायको संस्कृति झल्किने खालका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ । ७. पूर्व प्राथमिकतह र बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रमा नै तयार गर्ने व्यवस्था गरिनेछ । ८. प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको व्यवस्था गरिनेछ। ९. निजी विद्यालयमा छोराछोरी पढाउन रुचाउने प्रवृत्तिलाई निरुत्साहित गर्न सार्वजनिक शिक्षण संस्थाहरूको स्तरोन्नति गरिनेछ ।
१.१.४: विद्यालयको पूर्वाधार निर्माण गर्ने।	१. बालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ। २. विद्यालयको पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ। ३. प्रत्येक विद्यालयमा सुरक्षित तथा स्वस्थकर शौचालयको पर्याप्त व्यवस्था गरिनेछ । छात्र र छात्राकालागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गरिनेछ । ४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ । ५. विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ ।
उद्देश्य २: सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।	
१.२.१: सबै नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गरिनुका साथै सबै बालबालिकाहरूकालागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउने ।	१. प्रत्येक बालबालिकालाई सामुदायिक विद्यालय मार्फत निशुल्क र अनिवार्य आधारूभत शिक्षा उपलब्ध गराइनेछ । २. दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रहरूका विद्यालयलाई नमुना आवासीय विद्यालयका रूपमा रूपान्तरण गरिनेछ । बाटो नभएको ठाउँमा बाटो र सम्भव भएको ठाउँमा आवश्यक परे स्कुलबसको व्यवस्था समेत गरिनेछ । ३. गाउँ शिक्षा समिति र वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय सेवा क्षेत्र भित्रका सरोकारवालाहरूको भेला गराइ आधारभूत शिक्षामा पहुँच नपुगेकाको पहिचान गरी तथ्याङ्क सङ्कलन गरिनेछ र शिक्षामा पहुँच नपुग्नको कारण पत्ता लगाइनेछ ।

	४. वडाकार्यालयको सहयोगमा निरन्तर रूपमा विद्यालयमा आफ्ना छोराछोरी पठाउने अभिभावक, स्वयम् विद्यार्थी र कक्षा शिक्षक लगायतलाई सम्मानका कार्यक्रम बनाइनेछ। ५. वडाकार्यालयहरू मार्फत, आधारभूत तहकालागि दिवा खाजाको व्यवस्था गरिनेछ । ६. गाउँपालिका स्तरमा एक शिक्षा कोषको स्थापना गरी गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक तथा शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ। ७. वडाकार्यालयहरूबाट आवश्यकता अनुसार अनौपचारिक शिक्षा कक्षा र बालविकास केन्द्रको स्थापना गरिनेछ । ८. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाकालागि रोजगारी अभियान सञ्चालन गरिनेछ । ९. गाउँपालिकाको कुल बजेटको कम्तीमा २५ प्रतिशत प्राथमिकताका साथ शिक्षामा लगानी गरिनेछ । १०. विपन्न परिवारका अभिभावकहरूलाई आफ्ना छोराछोरीलाई विद्यालयमा नियमित पढ्न तथा सिक्न पठाए वापत पुरस्कार तथा प्रोत्साहन स्वरूप सम्मान गरिनेछ । ११. हेलचक्रयाइ वा वेवास्ता गरी बालबालिकाहरूलाई नियमित विद्यालय नपठाउने अभिभावकहरूलाई नियमित विद्यालय नपठाउदाँसम्म गाउँपालिका र वडाकार्यालयबाट प्रदान गरिने सबै सुविधाबाट वञ्चित गरिनेछ । १२. आधारभूत तह सम्मको शिक्षा पढाउन नसक्ने अभिभावकका छोराछोरीलाई छात्रवृत्ति, पुस्तक, पोशाकको व्यवस्था गरिनेछ । १३. अभिभावकविहीन बालबालिकाको सुरक्षा सहित अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गाउँपालिकाले गर्नेछ । १४. एसइइ भन्दा माथिको अध्ययनकालागि डिस्टिङ्सन भन्दा माथि ल्याउने गरिब विपन्न परिवारका विद्यार्थीलाई गाउँपालिकाले विद्यार्थीले तिर्ने शिक्षण-शुल्कको ५० %सम्म व्यहोर्ने व्यवस्था गरिने छ ।
१.२.२: दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने ।	१. वडा अध्यक्षको संयोजकत्वमा शिक्षक, अभिभावक सम्मिलित समिति गठन गरी दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित बालबालिकाको पहिचान गरिनेछ। २. दलित, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न बालबालिकाहरूलाई पहिचान गरी उचित छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराई आधारभूत तह देखि उच्च शिक्षा सम्मको शिक्षा निःशुल्क गरिनेछ । ३. दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाकोलागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।

	४. विपन्न तथा लक्षित वर्गका बालबालिकाहरूलाई प्रोत्साहन गर्न उनीहरूको शिक्षाप्रतिको इच्छा, मिहिनत र नतिजाका आधारमा उचित छात्रवृत्ति तथा आर्थिक सुविधाहरू उपलब्ध गराइनेछ । ५. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेषछात्रवृत्ति कोषको स्थापना गरिनेछ । ६. परिचयपत्र नपाएका अपाङ्गता भएका बालबालिकालाई परिचयपत्र प्रदान गरिनेछ । ७. दलित र अपाङ्गता भएका बालबालिकालाई उच्च शिक्षाकालागि गाउँपालिकाले वडाको सिफारिसमा सम्बन्धीत क्याम्पस, प्रदेश तथा सङ्घहरूमा सिफारिस गरिनेछ । ८. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाकालागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । ९. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा गाउँपालिकाबाट व्यवस्थापन गरिनेछ । १०. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ ।
१.२.३: अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाकालागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने ।	१. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने अथवा नचाहने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न तथा व्यक्तिका स्वआर्जित ज्ञान, सीपलाई प्रमाणीकरण (**Certification**) गर्न समानान्तर र समकक्षी खुल्ला तथा वैकल्पिक शिक्षा प्रणाली स्थापनाकालागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ । २. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नवसाक्षर, विभिन्न व्यवसायकर्मी, बीचैमा विद्यालय छाडेका युवा, अनुकूल समयमा सिक्न चाहने व्यक्ति, फरक सिकाइ आवश्यकता र रुचि भएका व्यक्तिलगायतका बहुलक्षित समूहका नागरिकलाई मागमा आधारित प्रविधि तथा वित्तीय साक्षरता जस्ता शिक्षा प्याकेज प्रदेश सरकारसँग समन्वय गरी सञ्चालन गरिनेछ। ३. गाउँपालिका भित्र ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ । ४. एक विद्यालय एक पुस्तकालय तथा एकवडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्नेबानीको विकास गरी सबैकालागि आजीवन सिकाईको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ । ५. विशेष कारणले नियमित विद्यालय वा क्याम्पस जान नसक्ने विद्यार्थीहरूकालागि सूचना प्रविधिमा आधारित खुल्ला तथा दूर शिक्षा (अनलाइन तथा डिस्ट्यान्स लनिर्ङ)लाई प्रवर्द्धन गरिनेछ । ६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण स्थानीय, टेलीभिजन तथा एफएम मार्फत गर्ने व्यवस्था गरिनेछ ।

उद्देश्य ३: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउने ।	
१.३.१: सबै विद्यार्थीलाई आधारभूत प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्ने ।	१. आधारभूत तहको प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्न विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । २. विद्यालयलाई वातावरणीय दृष्टिले जीवन्त प्रयोगशाला बनाउन भौतिक तथा प्राविधिक पक्षको विकास गरी सुदृढीकरण गरिनेछ । ३. विद्यालय शिक्षामा जीवनोपयोगी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ ।
१.३.२: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने ।	१. गाउँपालिकामा दक्ष प्राविधिक जनशक्तिको माग र आपूर्ति अवस्थाबारे अध्ययन गरिनेछ । २. प्रत्येक वडामा कम्तीमा एक माध्यमिक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९—१२ को प्राविधिक धार सञ्चालन गरिनेछ । ३. साधारण विषय पढाउने विद्यालयलाई बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक विषयको पढाइ थप गर्न प्रोत्साहन, पहल र स्रोतकालागि आवश्यक सहयोग गरिनेछ । ४. विद्यालयमा प्रयोगात्मक कक्षाकालागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ । ५. माध्यमिक तह (कक्षा ११—१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।
उद्देश्य ४: गाउँपालिकामा समग्र शैक्षिक विकासकालागि उच्च अध्ययन संस्थाको स्थापना गरिनेछ ।	
१.४.१: उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने ।	१. गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासकालागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, बहुप्राविधिक शिक्षालय र बहुसङ्काय क्याम्पस स्थापनाको पहलकालागि सम्भाव्यता अध्ययन गरिनेछ । २. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिका भित्र कम्तीमा एउटा प्राविधिक क्याम्पस र एक पोलीटेक्नीकल शिक्षालय स्थापना गरिनेछ । ३. विभिन्न सङ्कायमा उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिका भित्र कम्तीमा एउटा बहुमुखी क्याम्पस स्थापना गरिनेछ ।
उद्देश्य ५: संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाइनेछ ।	
१.५.१: संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी गरी सेवामूलक बनाउने ।	१. प्रत्येक कक्षामा १५ प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ । २. गाउँ शिक्षा शाखाबाट विद्यालय सञ्चालन तथा व्यवस्थापनको नियमित अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेस गरिनेछ । ३. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ । ४. संस्थागत विद्यालयहरूको नियमनकालागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ ।

५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	७१	७२	७३	७४	७५	७५	७५		
साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	७०	७१	७२	७३	७४	७५	७५		
युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	९८	९८	९८	९९	९९	९९	९९		
बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर	प्रतिशत	९८								
आधारभूत तह (१,८) मा लैङ्गिक समानता	महिला प्रति सय पुरुष	९२	९२	९३	९४	९५	९६	९६		
उच्च शिक्षामा कुल विद्यार्थी	सङ्ख्या	२५०	२६०	२७०	२८०	२९०	३००	३००		
माध्यमिक तह (९-१२) मा खुद भर्नादर	प्रतिशत	५२	५५	६०	६५	७०	७५	७५		
माध्यमिक तह (९-१२) मा कुल भर्नादर	प्रतिशत	४६	५०	५५	६०	६५	७०	७०		
आधारभूत तह (१-८) मा कुल भर्नादर	प्रतिशत	९४	९४	९५	९५	९६	९७	९७		
आधारभूत तह (१-८) मा खुद भर्नादर	प्रतिशत	९१	९१	९२	९३	९४	९५	९५		
आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी	प्रतिशत	२	१.५	१	०.५	०	०	०		
विद्यालय छाड्ने विद्यार्थीको दर आधारभूत तह	प्रतिशत	८	७	५	४	३	१	१		
विद्यालय शिक्षा (१-८) शिक्षक- विद्यार्थी अनुपात	अनुपात	१:२१	१:२०	१:२०	१:२०	१:२०	१:२०	१:२०		
विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थी अनुपात	अनुपात	१:२२	१:२०	१:२०	१:२०	१:२०	१:२०	१:२०		
प्राविधिक धारका विद्यालय सञ्चालन	सङ्ख्या	१	१	१	१	१	१	१		
प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या	सङ्ख्या	१५	२५	३५	५०	६०	७०	७०		
प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू	सङ्ख्या	१	१	१	२	२	२	२		

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
बाल क्लब गठन भएका विद्यालय	सङ्ख्या	१५	२०	२५	३३	३३	३३	३३		
कम्प्युटर प्रयोगशाला भएका विद्यालय	सङ्ख्या	९	९	१०	१२	१४	१४	१४		
विज्ञान प्रयोगशाला भएका विद्यालय	सङ्ख्या	६	६	६	६	६	६	६		
इन्टरनेट तथा ई- शिक्षा सुविधा भएका विद्यालय	सङ्ख्या	६	६	६	६	६	६	६		
छात्रामैत्री विद्यालय	सङ्ख्या	१४	१५	२०	२५	३३	३३	३३		
अपाङ्गतामैत्री विद्यालय	सङ्ख्या	३०	३३	३३	३३	३३	३३	३३		
आवासीय विद्यालय	सङ्ख्या	०	१	१	२	२	२	२		
माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय	सङ्ख्या	२	३	४	५	६	६	६		
सामुदायिक विद्यालय	सङ्ख्या	३३	३३	३३	३३	३३	३३	३३		
संस्थागत विद्यालय	सङ्ख्या	२	२	२	२	२	२	२		
प्राविधिक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी	सङ्ख्या	३	५	१०	१०	१०	१०	१०		
प्राविधिक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी	सङ्ख्या	०	५	५	५	५	५	५		

५.२.६ प्रमुख आयोजना तथा कार्यक्रम

शिक्षा, विज्ञान तथा नवप्रवर्तन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि (ICT) तालिम सञ्चालन	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
सुविधायुक्त बाल-विकास कक्षा कोठा व्यवस्थापन	सङ्ख्या		३०	१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७

शिक्षा, विज्ञान तथा नवप्रवर्तन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
युवाका लागि लोकसेवा तथा शिक्षा सेवा आयोग कक्षा सञ्चालन	पटक		३			५००	५००	५००	१५००	०.०८
कक्षा ११ र १२ मा गणित, अङ्ग्रेजी र विज्ञान विषय लिई पढ्ने स्थानीय विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था	जना		५०	५००	५००	५००	५००	५००	२५००	०.१३
उच्च शिक्षा स्नातक पढ्ने गरिब दलित तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था (१० जना वार्षिक)	जना		५०	५००	५००	५००	५००	५००	२५००	०.१३
शिक्षकहरूलाई रूम्घ र पुनर्ताजगी तालिमको व्यवस्था	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
सबै विद्यालयहरूमा उच्च गतिको इन्टरनेट र विद्युतीय औजार उपकरणको व्यवस्थापन	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान (निजी शिक्षक प्रतिस्थापन)	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
सबै विद्यालयमा बालमैत्री शौचालय निर्माण	सङ्ख्या		२५	१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिताको आयोजना	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३

शिक्षा, विज्ञान तथा नवप्रवर्तन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
आधारभूत तह सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन, अद्यावधिक तथा व्यवस्थापन	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
शिक्षा, विज्ञान तथा नवप्रवर्तनको सालबसाली कार्यक्रम	एकमुस्ट			२०००	२५००	३०००	३५००	४०००	१५०००	०.८०
शिक्षा, विज्ञान तथा नवप्रवर्तनको जम्मा बजेट				**९५००**	**१०००० **	**११०००**	**११५००**	**१२०००**	**५१५००**	२.७६

५.२.७ शिक्षा, विज्ञान तथा नवप्रवर्तन विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि (ञरू) तालिम सञ्चालन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	२	३
सुविधायुक्त बाल-विकास कक्षा कोठा व्यवस्थापन	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	२	३
युवाका लागि लोकसेवा तथा शिक्षा सेवा आयोग कक्षा सञ्चालन	१५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	१	३
कक्षा ११ र १२ मा गणित, अङ्ग्रेजी र विज्ञान विषय लिई पढ्ने स्थानीय विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था	२५००	पालिका	गाउँ सभाको निर्णय	२.१	४	२	३	३
उच्च शिक्षा स्नातक पढ्ने गरिब दलित तथा जेहेन्दार विद्यार्थीलाई	२५००	पालिका	गाउँ सभाको निर्णय	२.१	४	२	३	३

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
छात्रवृत्तिको व्यवस्था (१० जना वार्षिक)								
शिक्षकहरूलाई रूम्घ र पुनर्ताजगी तालिमको व्यवस्था	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	३	३
सबै विद्यालयहरूमा उच्च गतिको इन्टरनेट र विद्युतीय औजार उपकरणको व्यवस्थापन	५०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	३	३
सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान (निजी शिक्षक प्रतिस्थापन)	५०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	४	२	३	३
सबै विद्यालयमा बालमैत्री शौचालय निर्माण	५०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	४	२	३	३
अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिताको आयोजना	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	३	३
आधारभूत तह सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन	२५००	पालिका	गाउँ सभाको निर्णय	२.१	४	२	२	३
विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन, अद्यावधिक तथा व्यवस्थापन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	३	३
शिक्षा, विज्ञान तथा नवप्रवर्तनको सालबसाली कार्यक्रम	१५०००	सङ्घ/प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	२.१	४	२	२	३

५.३ खानेपानी तथा सरसफाइ

५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधान, २०७४ मा नागरिकहरूको मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्त्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नेपालमा पानी, सरसफाइ र स्वच्छता (वाश) क्षेत्रको विकासले गत केही वर्षमा उल्लेख्य प्रगति गरेको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) र युनिसेफको २०२३ को प्रतिवेदन अनुसार, नेपालको लगभग ९४ प्रतिशत जनताले आधारभूत पिउने पानीको पहुँच प्राप्त गरेका छन्। तथापि, विशेष गरी ग्रामीण क्षेत्रहरूमा गुणस्तरीय पानीको पहुँच अझै चुनौतीपूर्ण छ । सरसफाइको अवस्थामा सुधार भएको छ, र हाल देशको ९२ प्रतिशत जनताले आधारभूत सरसफाइ सुविधा प्रयोग गरिरहेका छन् । तर, खुला दिसा पद्धति अझै पनि केही क्षेत्रहरूमा प्रचलनमा छ, जसले स्वास्थ्यमा नकारात्मक असर गर्न सक्छ । स्वच्छताको क्षेत्रमा, नेपालले उल्लेख्य प्रगति गरेको छ, र हाल ९५ प्रतिशत जनताले हात धुने अभ्यास गर्छन्।

सरकारले वाश क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ। "नेपालको राष्ट्रिय स्वच्छता र सरसफाइ नीति, २०८०" ले २०३० सम्ममा सबै नागरिकलाई गुणस्तरीय पानी र सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । यस नीतिले सामुदायिक सहभागिता, लैङ्गिक समानता र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने रणनीतिहरू समेटेको छ। साथै, "सतत विकास लक्ष्य (एसडीजी) ६" को अन्तर्गत सबैलाई पानी र सरसफाइको पहुँच सुनिश्चित गर्ने प्रयास गरिएको छ। यसका साथै, "नेपालका लागि वाश क्षेत्रको एकीकृत योजना, २०७८" ले वाश क्षेत्रमा समन्वय बढाउने र स्रोतहरूको प्रभावकारी उपयोग गर्ने लक्ष्य राखेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले वाश क्षेत्रको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले ग्रामीण क्षेत्रमा पानी र सरसफाई सुविधाको पहुँच बढाउने, स्वच्छताको अभ्यासलाई प्रवर्द्धन गर्ने र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । साथै, "जलवायु अनुकूल वाश कार्यक्रम" ले टिकाऊ वाश सुविधाहरू विकास गर्ने योजना बनाएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर वाश क्षेत्रमा ठूला पूर्वाधार परियोजनाहरू सुरु गरेको छ। यी प्रयासहरूले नेपालमा पानी, सरसफाइ र स्वच्छताको अवस्था अझ सुधार्ने र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने अपेक्षा छ ।

५.३.२ समस्या तथा चुनौती

- गाउँपालिकाका उच्च पहाडी भूभागमा रहेका बस्तीहरूमा पानीको स्रोतको अभावमा सुविधा विस्तार गर्न कठिनाइ हुनु ।

- सहरी तथा ग्रामीण क्षेत्रका बस्तीहरूको आवश्यकता अनुसारको खानेपानीको स्रोतहरूको व्यवस्था गर्न नसकिनु ।
- बढ्दो सहरीकरण र बसाइँसराइबाट खानेपानी, सरसफाइ र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्न कठिन हुनु ।
- भू बनौट र भौगोलिक जटिलताले पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको व्यवस्थापन गर्न कठिन हुनु ।
- योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनकोलागि उच्चस्तरको जनशक्ति नभएकोले आयोजनामा प्राविधिक अवरोध भएमा अरूको भर पर्नु पर्ने अवस्था रहनु ।
- पालिका र प्रदेश स्तरीय योजनाहरू नियामानुसार ठेक्का, बोल-कबोल प्रक्रिया मार्फत जानुपर्ने भएकोले सम्पन्न हुन समय लाग्नु ।
- पहाडी भूभाग, भिरालो जमिन र एकीकृत बस्ती नभएकोले खानेपानीको धारा हरेक घरधुरीमा पुऱ्याउन कठिन हुनु ।
- पालिका अन्तर्गतका उच्चभूभागमा रहेका घरधुरीलाई लिफ्टिङ प्रविधिबाट खानेपानी पुऱ्याउन आर्थिक तथा प्राविधिक रूपले कठिन हुनु ।
- कतिपय वडामा खानेपानीको स्रोतकोलागि अन्य वडामा भरपर्नु पर्दा कानुनी अड्चन आउने सम्भावना रहनु ।
- टोल र समुदायस्तरमा फोहरमैला व्यवस्थापनकोलागि दीर्घकालीन योजनाका साथ कार्यान्वयनमा समस्या आउनु ।

५.३.३ संभावना तथा अवसर

- गाउँपालिका क्षेत्रमा रहेका खानेपानीको थप स्रोतहरूको पहिचान तथा उपयोग गरी खानेपानीको योजनाहरू सम्पन्न गर्न सकिने ।
- गाउँपालिकाले राखेको लक्ष अनुसार एक परिवार एक धाराको नारा कार्यान्वयन तर्फ अघि बढ्न सकिने ।
- गुरुयोजना बनाई खानेपानीको विकास तथा व्यवस्थापन गर्न सकिने ।
- आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी साझेधारीमा काम गर्न सकिने ।
- आयोजनाको छनोट, व्यवस्थापन र सञ्चालनमा उपभोक्ता तथा समुदायको स्वामित्व कायम गर्न सकिने।
- शौचालय र सरसफाइको उचित प्रबन्धबाट मानव समुदायमा लाग्नसक्ने विभिन्न संक्रामक रोगहरूबाट बचाउन सकिने ।
- शहरी क्षेत्रबाट निस्किने फोहरमैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको समेत सहभागिता बढाउन सकिने ।

५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

गाउँपालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

उद्देश्य

१. गाउँपालिकाका वडाहरूमा आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. मध्यम देखि उच्च गुणस्तर सहितको खानेपानी सुविधाको पहुँचमा क्रमशः वृद्धि गर्नु ।
३. हरेक घरमा एक शौचालय तथा घरेलु फोहरमैलाको व्यवस्थापन गर्नु ।
४. समुदायमा फोहर सङ्कलनको व्यवस्था मिलाई स्वस्थकर वातावरण कायम गर्नु ।

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ४३: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: गाउँपालिकाका वडाहरूमा आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।	
३.१.१: आधारभूत खानेपानीको पहुँच नभएका वडाका बस्तीहरूमा प्राथमिकताका साथ पहुँच विस्तार गर्ने । विद्यमान खानेपानीका स्रोतहरूको विवरण तयार पार्ने ।	१. विद्यमान खानेपानीका स्रोतहरूको विवरण तयार पारिनेछ । २. नयाँ वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ । ३. विद्यमान र वैकल्पिक स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ । ४. विद्यमान तथा नयाँ स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ । ५. एकघर एक धारा कार्यक्रम लागू गरिनेछ । ६. आधारभूत खानेपानीको पहुँच वृद्धिकोलागि ठाउँ ठाउँमा पानी ट्याङ्कीको सम्भ्याव्यता अध्ययन गरिनेछ । ७. नयाँ संरचनाकोलागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ। ८. संरचना निर्माणको लागत अनुमान तयार गरिनेछ । ९. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ । १०.संरचना निर्माणकोलागि करार सम्झौता गरिनेछ । ११.निर्माण कार्य बिना अबरोध सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ ।
उद्देश्य २: मध्यम देखि उच्च गुणस्तर सहितको खानेपानी सुविधाको पहुँचमा क्रमश वृद्धि गर्नु ।	
३.२.१: आधारभूत खानेपानीको पहुँच पुगेका स्थानहरूमा पानीको थप गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने ।	१. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ । २. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ । ३. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण समिति गठन गरिनेछ। ४. संरचना निर्माणकोलागि प्राविधिकबाट लागत इस्टिमेट गराइनेछ। ५. थप संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ। ६. संरचना निर्माणकोलागि नियमानुसार करार सम्झौता गरिनेछ । ७. निर्माणकार्य समयमै सम्पन्न गरी टोल र घरधुरीमा क्रमश गुणस्तरीय खानेपानीको वितरण शुरु गरिनेछ ।

	८. गुणस्तरीय खानेपानीको पहुँच विस्तारको निमित सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ। ९. पहुँच विस्तारको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ । १०.खानेपानीका उपभोक्ताहरूको पानीको खपतको हिसाबले वर्गीकरण गरी शुल्क निर्धारण समिति गठन गरी बैज्ञानिक शुल्क निर्धारण गरिनेछ। ११.खानेपानी आयोजनाहरूको मर्मत सम्भार तथा दिगो व्यवस्थापनकोलागि खानेपानी उपभोक्ता तथा समुदायको क्षमता वृद्धि गरिनेछ । १२.खानेपानीको रेखदेख, अनुगमन र सञ्चालनकोलागि आवश्यकता अनुसारको जनशक्तिको व्यवस्था गरिनेछ ।
उद्देश्य ३: हरेक घर र समुदायमा स्वस्थकर वातावरणको सिर्जना गर्नु ।	
३.३.१: प्रत्येक घरमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने।	१. प्रत्येक घरधुरीमा आधारभूत शौचालय भए नभएको यकिन गर्न विवरण सङ्कलन गरिनेछ । २. मापदण्ड बमोजिम निर्माण नभएका वा निर्माण भए तापनि समुचित प्रयोगमा नआएका शौचालय भएका घरधुरीको सूची बनाइनेछ । ३. मापदण्ड अनुरूप निर्माण नभएका शौचालयहरूलाई प्रयोगमा आउनेगरी पुनर्निर्माण गर्न सम्बन्धीत घरधनीलाई प्रोत्साहन तथा परामर्श दिइनेछ। ४. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ । ५. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ । ६. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ । ७. समुदायका सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ । ८. विद्यालय, सेवाकेन्द्रहरू, हाट बजार लाग्ने स्थानहरूमा फोहर सङ्कलनकोलागि भाँडोको व्यवस्था गरिनेछ । ९. गाउँ टोल सरसफाइकोलागि उपोभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ । १०.फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ। ११.समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।
उद्देश्य ४: समुदायमा फोहर सङ्कलनको व्यवस्था मिलाई स्वस्थकर वातावरण कायम गर्ने ।	
३.४.१: समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई	१. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ । २. उत्सर्जनको विवरणको आधारमा त्यस्ता ठाउँहरूको वर्गीकरण गरी फोहरमैला व्यवस्थापनको अलग अलग गुरुयोजना बनाइनेछ।

अधिकतम स्वच्छता कायम गर्ने ।	३. फोहरमैलाको मात्रा कम गर्नकोलागि "थ्रीआर"(3R: Reuse, Recycle, Reduction) प्रक्रियाबाट फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई अभियानको रूपमा अघि बढाइनेछ । ४. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ । ५. प्रत्येक घनाबस्ती, बजार र बजारोन्मुख ठाउँहरूमा डम्पिङ् साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ । ६. निजी क्षेत्रसँगको सहकार्यमा सहरी क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । ७. विद्यालयका विद्यार्थी तथा समुदायका अन्य लक्षित वर्गलाई सरसफाइ सम्बन्धी तालिमहरू सञ्चालन गरी जनचेतना बढाइनेछ।

५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

खानेपानी तथा सरसफाइ											
सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	९५	९६	९७	९८	९९	१००	१००		
स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	५३	५५	६०	६५	७०	७५	७५		
शौचालय भएका घरपरिवार	प्रतिशत	९९	१००	१००	१००	१००	१००	१००		
पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार	प्रतिशत	६७.२४	७०	७५	८०	८५	९५	९५		
खानेपानीको स्रोत संरक्षण	सङ्ख्या	१५	२०	२५	३०	३५	४०	४०		
सेप्टिट्यांकी सहितको शौचालय भएको परिवार	प्रतिशत	१०	१५	२०	२५	३०	३५	३५		
साधारण शौचालय भएको परिवार	प्रतिशत	१६	१५	१२	८	५	३	३		
सार्वजनिक शौचालय	सङ्ख्या	६	६	७	७	८	८	८		
जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने	प्रतिशत	९४	९६	९८	१००	१००	१००	१००		
उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी	प्रतिशत	८९	९०	९२	९५	९७	९९	९९		

५.३.६ प्रमुख आयोजना तथा कार्यक्रम

खानेपानी तथा सरसफाइ										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
एक घर एक धार निर्माण पूर्णता	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
पूर्ण सरसफाइयुक्त पालिका घोषणा अभियान सञ्चालन	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
मुहान संरक्षण तथा खानेपानीका संरचना मर्मत सम्भार	सङ्ख्या		५०	५००	५००	५००	५००	५००	२५००	०.१३

खानेपानी गुणस्तर मापन केन्द्र स्थापना तथा सञ्चालन	सङ्ख्या		१					२०००	२०००	०.११
विपन्न घरपरिवारका लागि शौचालय निर्माण सामाग्री सहायता कार्यक्रम (९० घर)	सङ्ख्या		९०	५००	७००	१०००	१२००	११००	४५००	०.२४
सबै विद्यालयमा गठन भएका बाल क्लबहरूलाई स्वास्थ्य तथा सरसफाइ सम्बन्धी तालिम तथा अभिमुखिकरण	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
फोहोर व्यवस्थापनका लागि उचित स्थानमा विसर्जन तथा रिसाइक्लिङ केन्द्र स्थापना	सङ्ख्या		१				२०००	३०००	५०००	०.२७
हब्रझ प्लान कार्यान्वयन तथा अद्यावधिक	सङ्ख्या		१	५००					५००	०.०३
गाउँपालिका तथा वडा स्तरमा गठन हब्रझ समन्वय समितिको कार्यक्रमको नियमन तथा अनुगमन	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
गाउँपालिका मुख्य बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि बजार सरसफाइ समितिहरूलाई अभिमुखिकरण	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
सुधारिएको चुलो प्रवर्धन कार्यक्रमको निरन्तरता	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
खानेपानी तथा सरसफाइका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
खानेपानी तथा सरसफाइको जम्मा बजेट				**५५००**	**५२००**	**५५००**	**७७००**	**१०६००**	**३४५००**	१.८५

५.३.७ खानेपानी तथा सरसफाइ विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
एक घर एक धार निर्माण पूर्णता	५००००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	६	५	२	१
पूर्ण सरसफाइयुक्त पालिका घोषणा अभियान सञ्चालन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१
मुहान संरक्षण तथा खानेपानीका संरचना मर्मत सम्भार	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१
खानेपानी गुणस्तर मापन केन्द्र स्थापना तथा सञ्चालन	२०००	पालिका	गाउँ सभाको निर्णय	२.१	६	५	२	१
विपन्न घरपरिवारका लागि शौचालय निर्माण सामाग्री सहायता कार्यक्रम (९० घर)	४५००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	६	५	२	१
सबै विद्यालयमा गठन भएका बाल क्लबहरूलाई स्वास्थ्य तथा सरसफाइ सम्बन्धी तालिम तथा अभिमुखिकरण	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१
फोहोर व्यवस्थापनका लागि उचित स्थानमा विसर्जन तथा रिसाइक्लिङ केन्द्र स्थापना	५००००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	२.१	६	५	२	१
हब्रझ प्लान कार्यान्वयन तथा अद्यावधिक	५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१
गाउँपालिका तथा वडा स्तरमा गठन हब्रझ समन्वय समितिको कार्यक्रमको नियमन तथा अनुगमन	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
गाउँपालिका मुख्य बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि बजार सरसफाइ समितिहरूलाई अभिमुखिकरण	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१
सुधारिएको चुलो प्रवर्धन कार्यक्रमको निरन्तरता	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१
खानेपानी तथा सरसफाइका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	२.१	६	५	२	१

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

५.४.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवा खाजा, आश्रय केन्द्र सञ्चालन एवं पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरू सङ्घ एवं प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

नेपालमा महिला, बालबालिका, जेष्ठनागरिक र अपाङ्गता भएका व्यक्तिहरूको विकासको क्षेत्रमा गत केही वर्षमा उल्लेख्य प्रगति भएको छ । महिलाहरूको अवस्थामा सुधार आएको छ, र हाल महिलाहरूको साक्षरता दर ५७.४ प्रतिशत छ भने संसदमा महिला प्रतिनिधित्व ३३ प्रतिशत छ । बालबालिकाको अधिकार र संरक्षणमा ध्यान दिइएको छ, र बाल मृत्यु दर प्रति १,००० जीवित जन्ममा २७ मा झरेको छ । जेष्ठनागरिकहरूको लागि सामाजिक सुरक्षा योजनाहरू विस्तार भएका छन्, जसमा मासिक भत्ता र स्वास्थ्य सेवा समावेश छन्। अपाङ्गता भएका व्यक्तिहरूको लागि पनि विशेष शिक्षा, पुनर्स्थापना कार्यक्रम र रोजगारीका अवसरहरू बढेका छन् । तथापि, ग्रामीण क्षेत्रहरूमा यी समूहहरूले भेदभाव र सुविधाको अभाव जस्ता चुनौतीहरूको सामना गर्नु परिरहेको छ ।

सरकारले यी समूहहरूको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ। "नेपालको संविधान" ले महिला, बालबालिका, जेष्ठनागरिक र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सुरक्षालाई संवैधानिक ग्यारेन्टी प्रदान गरेको छ । "राष्ट्रिय महिला आयोग ऐन, २०७४" र "बाल अधिकार ऐन, २०७५" ले महिला र बालबालिकाको अधिकार संरक्षण गर्ने व्यवस्था गरेको छ । जेष्ठनागरिकहरूको लागि "जेष्ठनागरिक नीति, २०७७" ले सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र सम्मानजनक जीवनयापनको व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको लागि "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" ले शिक्षा, रोजगारी र पुनर्स्थापनाको अवसर सुनिश्चित गरेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले यी समूहहरूको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले महिला सशक्तिकरण, बालबालिकाको संरक्षण, जेष्ठनागरिकहरूको सामाजिक सुरक्षा र अपाङ्गता भएका व्यक्तिहरूको समावेशी विकासमा ध्यान केन्द्रित गरेको छ। साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत लैङ्गिक समानता, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने प्रयास गरिएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर यी समूहहरूको अवस्था सुधार्ने ठूला कार्यक्रमहरू सुरु गरेको छ । यी प्रयासहरूले नेपालमा समावेशी विकासलाई अझ बढावा दिने र सबैलाई समान अवसर प्रदान गर्ने अपेक्षा छ ।

५.४.२ समस्या तथा चुनौती

- महिला तथा वञ्चितीकरणमा परेका सीमान्तीकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु ।
- जातीय र वर्गीय विभेद अन्त्य गर्नु ।

- लैङ्गिक हिंसा तथा घरेलु हिंसा अन्त्य गर्नु ।
- विपन्न, सीमान्तीकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु ।
- बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु तथा अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु ।
- सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिकता सम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु ।
- लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु ।
- राज्य संयन्त्रहरूमा लैङ्गिक परीक्षण, लैससास विश्लेषण, अनुगमन र मूल्याङ्कनको प्रणालीलाई संस्थागत गर्नु ।
- लैङ्गिक बजेट प्रणालीको अवलम्बन गर्नु ।
- लैससासको दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन गर्नु।
- विकृति र विसङ्गति विद्यमान रहनु ।
- लैङ्गिक समानता र समावेशीकरणको कार्यक्रम बस्तीस्तरसम्म पुऱ्याउन नसक्नु ।
- अन्धविश्वास, जातीगत संकुचितता निर्मूल नहुनु ।
- कानुनलाई अक्षरशः पालना गर्न नसक्नु ।

५.४.३ संभावना तथा अवसर

- लैससास सम्बन्धी सुस्पष्ट संवैधानिक व्यवस्था, नीति तथा रणनीति तयार हुनु ।
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६९—७४) कार्यस्थलमा हुने यौनजन्य व्यवहार (निवारण) ऐन, २०७१ कार्यान्वयनमा हुनु ।
- लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालनमा हुनु ।
- समाज निर्माणकालागि महिला, पुरुष, बालबालिका, दलित, अपाङ्ग सबैको चासो र समान सहभागिता भएको।
- छुवाछूत र भेदभावको अवस्था न्यूनीकरण गर्ने प्रयास भएको ।
- सामाजिक सहिष्णुताको विकास हुँदै आएको ।
- लैङ्गिक हिंसाको अन्त्यमा जोड दिइएको ।
- समाजमा मिलेर बस्ने व्यवहारको विकास भएको ।
- मैत्रीपूर्ण वातावरण बनाउन सहज भएको ।
- समाजमा सबै लैङ्गिक समानतामा चासो लिदै अगाडि बढिरहेको ।
- सबै वडामा सबै जातजातिहरूमा समावेशीकरण सहभागिता लागू हुँदै आएको ।
- समाजसेवी, बुद्धिजीवी, शिक्षक र कर्मचारी स्वैच्छिक रूपमा काम गर्दै आएको ।

५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

महिला तथा वञ्चितीकरणमा परेका समूहको अर्थपूर्ण सहभागिता, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम भई लैङ्गिक एवम् सामाजिक विभेदको अन्त्य भएको हुने ।

उद्देश्य

१. लैङ्गिक समता, सशक्तीकरण तथा सामाजिक समावेशीकरण प्रणाली, संरचनाको स्थापना तथा विस्तार गर्नु।
२. वञ्चितीकरणमा परेका महिलाहरूको सशक्तीकरण तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु र महिलाले भोग्नु परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्नु ।
३. बालबालिका तथा किशोर किशोरीहरूले भोग्न परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्नु ।
४. विपन्न, ज्येष्ठनागरिक, जोखिममा परेका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, लोपोन्मुख र सीमान्तीकृत जातजातिसम्म प्रभावकारी रूपमा सामाजिक सुरक्षा पुऱ्याउनु ।
५. लैससासको परीक्षण गर्नु ।

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ४४: लैससासका रणनीति तथा कार्यनीतिहरू

रणनीति	कार्यनीति
उद्देश्य १: लैङ्गिक समता, सशक्तीकरण तथा सामाजिक समावेशीकरण प्रणाली, संरचनाको स्थापना तथा विस्तार गर्नु।	
५.१.१: लैससास कार्यविधि र संयन्त्रको स्थापना गरी क्रियाशील बनाउने ।	१. लैससास सम्बन्धी कार्यविधि तथा संयन्त्र स्थापना गरिनेछ । २. लैससास सम्बन्धी अभिलेख व्यवस्थापनका गरिनेछ । ३. लैससासका सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ । ४. समावेशी तथा लैङ्गिक समानता मूलक सामाजिक विकासकालागि स्वयंसेवकहरू परिचालन गरिनेछ । ५. शासन प्रणालीको सबै तह र प्रक्रियामा वञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ । ६. लक्षित समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानकालागि विभिन्न सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन गरिनेछ । ७. खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत सेवा र उपलब्ध स्रोत साधनमा लक्षित समुदायको पहुँच बढाउनकालागि आवश्यक नीतिगत र संरचनागत सुधार गरिनेछ । ८. लक्षित समुदायहरूको सशक्तीकरण तथा सामाजिक सुरक्षाकालागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गरिनेछ । ९. लक्षित वर्ग सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, सेवा सुविधा, अनुगमनमा ती वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

उद्देश्य २: वञ्चितीकरणमा परेका महिलाहरूको सशक्तीकरण तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु र महिलाले भोग्नु परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्नु ।	
५.२.१: महिलाहरूको सशक्तीकरण र समावेशीकरणमा जोड दिने ।	१. महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र अर्थपूर्ण सहभागिता बढाउँदै लगिनेछ । २. लैङ्गिक हिंसाको अन्त्यकालागि लैङ्गिक हिंसा न्यूनीकरण कोषको स्थापना र सञ्चालन गरिनेछ । ३. मानव बेचविखन तथा लैङ्गिक हिंसाबाट प्रभावितहरूको संरक्षण र पुनर्स्थापनाकालागि पुनर्स्थापना केन्द्रहरूको स्थापना र सञ्चालन गरिनेछ। ४. सहयोगको आवश्यकता भएका एकल महिलाको जीविकोपार्जनकालागि सहयोग गरिनेछ । ५. जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी उद्यमहरू प्रवर्द्धन तथा उत्पादित वस्तुहरूलाई बजार सम्म पुऱ्याउन महिला, उत्पिडित समूहहरूलाई प्राथमिकता दिई आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
उद्देश्य ३: बालबालिका तथा किशोर किशोरीहरूले भोग्न परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्ने	
५.३.१: बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने।	१. बाल श्रमिक र सडक बालबालिकाहरूको उद्धार र संरक्षणकोलागि आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्था गरिनेछ । २. साना बालबालिका तथा किशोर किशोरीहरूमाथि हुने दुर्व्यवहार, हिंसा र भेदभाव अन्त्यकोलागि समुदाय, विद्यालय, निजी क्षेत्र, सञ्चार जगत र बालअधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गरिनेछ । ३. कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र बाल सुधार गृहको व्यवस्था लगायत आवश्यक व्यवस्था मिलाइनेछ । ४. यस गाउँपालिकालाई नै बालमैत्री बनाउने आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ । ५. बालश्रम गाउँपालिका घोषणा गरी वैकल्पिक जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ ।
उद्देश्य ४: ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, विपन्न, जोखिममा परेका लोपोन्मुख र सीमान्तीकृत जातजातिसम्म प्रभावकारी रूपमा सामाजिक सुरक्षा पुऱ्याउनु ।	
५.४.१: ज्येष्ठनागरिकहरूको सम्मान र संरक्षण गर्ने।	१. ज्येष्ठनागरिकहरूको संरक्षण सम्बन्धी विद्यमान कानुनहरूको पालना गर्ने व्यवस्था गरिनेछ । २. हिंसा, दुव्यवहार र भेदभावमा परेका मानसिक तनावमा रहेका, परेका, अशक्त, परिवारविहीन र विपन्न ज्येष्ठनागरिकहरूको संरक्षणकालागि दिवा सेवा केन्द्र र बृद्धाश्रमहरू मार्फत सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ । ३. ज्येष्ठनागरिकहरूको अनुभव, सीप र ज्ञानलाई विकास निर्माणमा उपयोग गर्ने नीति लिइनेछ ।
५.४.२: अपाङ्गता भएका नागरिकहरूको संरक्षण र सशक्तीकरण गर्ने।	१. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आय–आर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा अपाङ्गता भएका नागरिकहरूको पहुँच सुनिश्चित गरिनेछ । २. विकासमा अपाङ्गता भएका नागरिकहरूको सहभागिता बढाउँदै लगिनेछ ।

	३. अपाङ्ग नागरिकहरूको सशक्तीकरणकालागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
५.४.३: यौनिक अल्पसङ्ख्यकहरूको अधिकार सुनिश्चित गर्ने ।	१. यौनिक अल्पसङ्ख्यकहरू माथि हुने हिंसा, दुर्व्यवहार र सामाजिक भेदभाव अन्त्यकालागि नागरिक संस्था, सञ्चार जगत तथा सरोकारवाला अन्य संस्थाहरूसँग सहकार्य गरिनेछ । २. आधारभू शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा यौनिक अल्पसङ्ख्यकहरूको पहुँच सुनिश्चित गरिनेछ ।
५.४.४: दलित समुदायको सशक्तीकरण र विकास गर्ने ।	१. दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । २. परम्परागत सीप तथा ज्ञानहरूलाई आधुनिकीकरण र व्यावसायीकरण गर्न आवश्यक पर्ने बीउ पुँजी, तालिम तथा प्रविधिको व्यवस्था गरिनेछ । ३. जातीय भेदभाव अन्त्यकालागि नागरिक समाज, गैर सरकारी सङ्घसंस्था र गाउँपालिकामा सक्रिय रहेका सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ । ४. समुदायको विकासमा दलित समदायको अर्थपूर्ण सहभागितालाई संस्थागत गरिनेछ । ५. छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिनेछ । ६. एक टोल एक उत्पादन, एक घर एक रोजगार, टोल टोलमा सहकारी घर घरमा रोजगारी, एक गाउँ एक पुस्तकालय, एक खेलकुद मैदान, एक विद्यालय कार्यक्रम मार्फत दलित जाति उत्थान तथा गरिब घरधुरी सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ ।
५.४.५: विपन्न वर्गको सशक्तीकरण र विकास गर्ने ।	१. गाउँपालिकाभित्र हरेक प्रकारका विकास–निर्माण तथा योजनाहरू तर्जुमा गर्दा विपन्न वर्ग लक्षित कानुनहरूको पालना गर्ने व्यवस्था गरिनेछ । २. विपन्न वर्गको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणको कार्यक्रहरू सञ्चालन गरिनेछ । ३. आधारभतू शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य हरेक सेवा–सुविधाहरूमा विपन्न र सीमान्तीकृत समुदायको पहुँच सुनिश्चित गरिनेछ । ४. विपन्न वर्ग लक्षित कार्यक्रम र आयोजनाहरूको पहिचान, योजना तर्जुमा र कायान्वयनमा विपन्न वर्गका सहभागितालाई सुनिश्चित गरिनेछ । ५. विपन्न समुदायहरूको पहिचान तथा परिचयपत्र वितरण गर्ने नीति लिई छनौट गरिएका स्थानहरूमा आर्थिक विकासका लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५.४.६: लोपोन्मुख र सीमान्तीकृत समुदायको सशक्तीकरण विकास गर्ने ।	१. लोपोन्मुख र सीमान्तीकृत समुदायको संरक्षण सम्बन्धी कानुनहरूको पालना गर्ने सम्बन्धी व्यवस्था गरिनेछ । २. लोपोन्मुख र सीमान्तीकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणको विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । ३. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आय आर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न र सीमान्तीकृत समुदायको पहुँच सुनिश्चित गरिनेछ ।

	४. लोपोन्मुख र सीमान्तीकृत समदाय लक्षित कार्यक्रम र आयोजनाहरूको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा उनीहरूको सहभागितालाई सुनिश्चित गरिनेछ । ५. सञ्चार माध्यमहरूलाई लोपोन्मुख समूहको भाषा,संस्कृतिहरू संरक्षणमा प्रोत्साहन गरिनेछ । ६. परम्परागत पेसा (नाँचगान, हस्तकला, शिकार खेल्ने आदि) को सम्मान गर्दै ती पेसाहरूको विकास, संरक्षण र सम्वर्द्धनकोलागि विशेष नीति बनाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ । ७. भाषा, संस्कृति तथा सम्पदाहरूको अध्ययन अनुसन्धान, संरक्षण र सम्वर्द्धनका निम्ति संस्थागत व्यवस्था गरिनेछ ।
उद्देश्य ५: लैससासको परीक्षण गर्नु ।	
सरकारले सूचना सञ्चार तथा प्रविधिको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ । "सूचना तथा सञ्चार प्रविधि नीति, २०७२" ले डिजिटल नेपाल निर्माण गर्ने, इ-गभर्नेन्सलाई बढावा दिने र सूचना प्रविधिको प्रयोगबाट आर्थिक विकास गर्ने लक्ष्य राखेको छ । यस नीतिले इन्टरनेट पहुँच विस्तार, साइबर सुरक्षा सुदृढीकरण र डिजिटल साक्षरता बढाउने रणनीतिहरू समेटेको छ । साथै, "राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०" ले साइबर अपराध नियन्त्रण गर्ने, डिजिटल सुरक्षा सुनिश्चित गर्ने र साइबर सुरक्षा जागरूकता बढाउने लक्ष्य राखेको छ । यसका साथै, "राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९" ले स्वास्थ्य सेवामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले सूचना सञ्चार तथा प्रविधिको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले डिजिटल इन्फ्रास्ट्रक्चर विस्तार, इ-गभर्नेन्स प्रवर्द्धन र सूचना प्रविधिको प्रयोगबाट रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ । साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत सबैलाई सुलभ र सस्तो इन्टरनेट सेवा उपलब्ध गराउने प्रयास गरिएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर डिजिटल नेपाल निर्माणका लागि ठूला कार्यक्रमहरू सुरु गरेको छ । यी प्रयासहरूले नेपालमा सूचना सञ्चार तथा प्रविधिको विकासलाई अझ गतिशील बनाउने र डिजिटल खाडल पूरा गर्ने अपेक्षा छ ।

६.४.२ समस्या तथा चुनौती

- भौगोलिक बिकटता हुनु ।
- सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवम् कानुनी रिक्तता पुरा गर्नु ।
- पर्याप्त स्रोत (बजेट) सङ्कलन तथा त्यसको परिचालनमा समस्या आउन सक्नु ।
- गाउँपालिका भित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार पार्नु र सञ्चार माध्यमहरूलाई ग्रामीण भेग सम्म विस्तार गर्नु ।
- विभिन्न क्षेत्रहरू (शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन आदि) का नीतिगत अस्पष्टता हुनु ।
- अप्टिकल फाइबर विस्तारमा ढिलाइ हुनु ।

- सेवा प्रवाहकोलागि बस्ती छरिएर रहनु ।
- सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरुपयोग नियन्त्रण गर्नु ।
- सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोग गर्नु ।
- तात्कालिक अवस्थामा प्राविधिकहरूको अभाव हुनु ।
- श्रमजीवी पत्रकारहरूको हक हित संरक्षण गर्नु ।
- विद्युत प्रसारण भरपर्दो नहुनु साथै प्रायः स्थानहरूमा 2-Phase Line मात्र हुनु ।
- गाउँपालिका को ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्नु ।
- साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु ।
- विद्युतीय सञ्चार माध्यमको अनुगमन गर्नु, त्यसको गुणस्तर, त्यसमा गरेको लगानी, प्रयोग भएको प्रविधि र जनशक्तिको बारेमा अनुगमन गर्नु ।

६.४.३ संभावना तथा अवसर

- सञ्चार तथा सूचना प्रविधिलाई विद्यमान योजना तथा नीति अनुरूप गाउँपालिका लाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिने ।
- सूचना तथा सञ्चार प्रविधिकोलागि स्थानीयस्तरमा जनशक्ति निर्माण हुने।
- गाउँपालिका का बिकट क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई चालू नीति, योजना तथा कार्यक्रम अनुरूप सम्पूर्ण विद्यालय, स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक स्थानहरूमा सहज पहुँचको व्यवस्था एवम् विस्तार गर्न सकिने ।
- पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने ।
- ब्रोडब्यान्ड इन्टरनेटको प्रयोग र अनलाइन प्रकाशनको बढ्दो प्रयोगले सूचनाको पहुँचमा सहज हुनु ।
- प्रशासनिक लगायत दैनिक कामकाजकालागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत सहज एवम् चुस्त बनाउन सकिने ।
- सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु ।
- आकर्षक भू-वातावरण तथा भू बनौटको प्रचुर उपयोग गरी सूचना प्रविधिको अधिकतम विकास गर्न सकिने ।
- इन्टरनेट लगायत आधुनिक सूचना प्रविधिको प्रयोग तथा विकासमा स्थानीय युवा साथै बुद्धिजीवीहरू उत्सुक हुँदै जानु

६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सूचना तथा आमसञ्चार प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।
२. सम्पूर्ण नागरिकहरूको इन्टरनेट सेवामा सर्वसुलभ तथा नियमित पहुँच स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।
३. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधि र सेवाहरू शत प्रतिशत सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।
४. विज्ञापन बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्धन गर्नु।

रणनीति तथा कार्यनीति

तालिका ४९: सञ्चारका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।	
६.१.१: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित गर्ने ।	१. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ । २. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ । ३. गाउँपालिका का सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ । ४. सङ्घीय, प्रदेश सरकार र स्थानीय तहसँग सहकार्य यरी आवश्यक सबै वडाहरूमा ई—भिलेज स्थापना गरिनेछ । ५. विद्यमान हुलाक सेवालाई आधुनिकीकरण गर्दै हुलाक सेवा प्रभावकारी बनाइनेछ। ६. गाउँपालिकाको केन्द्रमा सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ । ७. गाउँपालिका का सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा पढ्न पाउने व्यवस्था मिलाइनेछ ।
उद्देश्य २: सम्पूर्ण नागरिकहरूको इन्टरनेट सेवामा सर्वसुलभ तथा नियमित पहुँच स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।	
६.२.१: सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने ।	१. गाउँपालिका का सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ । २. स्थानीय स्तरसम्म ब्रोडब्यान्ड सेवा विस्तार गरिनेछ । ३. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ । ४. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।

	५. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यावसायिक बनाइनेछ । ६. गाउँपालिका का सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ ।
उद्देश्य ३: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधि र सेवाहरू शतप्रतिशत सबै नागरिकको पहुचमा पुऱ्याउनु ।	
६.३.१: समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्न दक्ष जनशक्ति तयार गर्ने ।	१. सञ्चार तथा सूचना प्रविधिको विकासकालागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ । २. डिजिटल डिभाइड कम गर्नकोलागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । ३. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ । ४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ । ५. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ । ६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ ।
उद्देश्य ४: विज्ञापन, बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्धन गर्नु।	
६.४.१: बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने ।	१. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ । २. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ । ३. गाउँपालिका को केन्द्रमा एक टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसि स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ । ४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ । ५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ ।

६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सञ्चार तथा सूचना प्रविधि											
सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
मोबाइल नेटवर्क कभरेज क्षेत्र	प्रतिशत	९०	९२	९५	९८	१००	१००	१००		
इन्टरनेटमा पहुँच प्राप्त परिवार	प्रतिशत	४०	६०	८०	९०	१००	१००	१००		
उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति	प्रतिशत	०	५	२५	४०	६०	९०	९०		
टेलिफोनलाइन/मोबाइल भएको परिवार	प्रतिशत	९९	९९	१००	१००	१००	१००	१००		
अप्टिकल फाइबरको बिस्तार	प्रतिशत	२०	२५	३०	४०	५०	६०	६०		
सूचना प्रविधि नियमन कानुन निर्माण	सङ्ख्या	०	१	१	१	१	१	१		
इन्टरनेट उपलब्ध भएका विद्यालय	प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००		
इन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू	प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००		
फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू	सङ्ख्या	०	१	२	३	४	६	६		
ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू	सङ्ख्या	०	१	३	१०	१५	१९	१९		
डिजिटल सूचना पाटी	सङ्ख्या	१	३	५	७	१०	२०	२०		
सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी	प्रतिशत	९९	१००	१००	१००	१००	१००	१००		
राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय	सङ्ख्या	०	०	०	०	०	०	०		

६.४.६ प्रमुख आयोजना तथा कार्यक्रम

सूचना, सञ्चार तथा प्रविधि										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
NTC टावर निर्माण	सङ्ख्या		३	५००					५००	०.०३

सूचना, सञ्चार तथा प्रविधि										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
Digital नागरिक बडापत्र	सङ्ख्या		३०	५००	५००	५००	५००	१०००	३०००	०.१६
सबै वडामा फाइवरनेट सेवा विस्तार	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
सूचना, सञ्चार तथा प्रविधिका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
सूचना, सञ्चार र प्रविधिको जम्मा बजेट				**२०००**	**१५००**	**१५००**	**१५००**	**२०००**	**८५००**	०.४५

६.४.७ सूचना, सञ्चार र प्रविधि विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
NTC टावर निर्माण	५००	पालिका	गाउँ सभाको निर्णय	३.१	९	१	३	३
Digital नागरिक बडापत्र	३०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	३.१	९	१	३	३
सबै वडामा फाइवरनेट सेवा विस्तार	२५००	पालिका	गाउँ सभाको निर्णय	३.१	९	१	३	३
सूचना, सञ्चार तथा प्रविधिका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	३.१	९	१	३	३

परिच्छेद-सातः वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

७.१ वन तथा जैविक विविधता

७.१.१ पृष्ठभूमि

नेपालमा वन तथा जैविक विविधताको विकासले गत केही वर्षमा उल्लेख्य प्रगति गरेको छ । नेपालको कुल भूभागको लगभग ४४.७४% वनले ढाकेको छ, जसमा संरक्षित वन, सामुदायिक वन र सरकारी वन समावेश छन् । देशले जैविक विविधताको दृष्टिले धनी मानिन्छ, जसमा ११८ प्रकारका इकोसिस्टम, २०८ प्रकारका स्तनधारी प्रजाति, ८६७ प्रकारका चरा प्रजाति र ६,५०० भन्दा बढी फूल फुल्ने बोट प्रजातिहरू पाइन्छन् । तथापि, वनको कटान, अवैध सिकार र जलवायु परिवर्तनले वन तथा जैविक विविधतालाई खतरा उत्पन्न गरेको छ । सामुदायिक वनले वन संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ, र हाल २२,२६६ सामुदायिक वन समूहहरूले २.२ मिलियन हेक्टर वन क्षेत्र व्यवस्थापन गरिरहेका छन् ।

सरकारले वन तथा जैविक विविधताको संरक्षण र विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । "राष्ट्रिय कृषि वन नीति, २०७६" ले कृषि वनलाई प्रोत्साहन गर्ने, वनजन्य उत्पादनको सतत उपयोग गर्ने र सामुदायिक सहभागिता बढाउने लक्ष्य राखेको छ । यस नीतिले वन क्षेत्रमा कृषि वनको विस्तार गर्ने र वनजन्य उत्पादनबाट स्थानीय समुदायलाई आर्थिक लाभ पुगाउने रणनीतिहरू समेटेको छ । साथै, "जडिबुटी एवं गैरकाष्ठ वन पैदावर विकास नीति, २०६१" ले जडीबुटी र गैरकाष्ठ वन पैदावरको संरक्षण, उत्पादन र व्यापारलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ । यस नीतिले जैविक विविधताको संरक्षण र स्थानीय समुदायको आर्थिक विकासलाई सम्बोधन गरेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले वन तथा जैविक विविधताको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले वन क्षेत्रको विस्तार गर्ने, संरक्षित क्षेत्रहरूको व्यवस्थापन सुदृढ बनाउने र जैविक विविधताको संरक्षण गर्ने लक्ष्य राखेको छ । साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत वन तथा जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर वन तथा जैविक विविधता संरक्षणका लागि ठूला कार्यक्रमहरू सुरु गरेको छ । यी प्रयासहरूले नेपालमा वन तथा जैविक विविधताको संरक्षणलाई अझ प्रभावकारी बनाउने र प्राकृतिक स्रोतहरूको सतत उपयोग सुनिश्चित गर्ने अपेक्षा छ ।

७.१.२ समस्या तथा चुनौती

- डढेलो नियन्त्रण गर्नु ।
- वन संरक्षणकालागि स्थानीय तहमा क्षमता र जिम्मेवारी वृद्धि गर्नु ।
- भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु ।
- दक्ष जनशक्तिको अभाव ।
- स्थानीय जनतामा वन तथा भूसंरक्षणबारे ज्ञानको कमी ।

- उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको ।
- वनको व्यवस्थापन तथा विकासमा राज्यको लगानी यथेष्ट नभएको ।
- अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनाश र खण्डिकरण हुने गरेको ।
- वन फँडानी पूर्ण रूपमा नियन्त्रण हुन नसकेको ।
- वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण ।
- मानव वन्यजन्तु द्वन्द्व ।
- वन तथा भूसंरक्षणमा दक्ष जनशक्ति गाउँपालिका क्षेत्रमा उपलब्ध नभएको ।
- स्थानीय जनतामा वन तथा भूसंरक्षणबारेको राम्रो ज्ञान नभएको ।
- जनचेतनाको अभाव र लापरवाहीबाट डढेलो लाग्ने गरेको ।
- वन संरक्षणकालागि आवश्यक आधुनिक भौतिक औजार (Pruning saw, Power chain saw) आदिको कमी ।
- आरा, बन्चरो जस्ता परम्परागत औजार पनि पर्याप्त सङ्ख्यामा नरहेका ।
- महत्त्वपूर्ण जडीबुटीहरूको अन्वेषण र प्रशोधन हुन नसकेको ।
- उत्पादित काठको व्यावसायिक प्रयोग हुन नसकेको ।
- नियमित रूपमा फँडानीबाट प्राप्त हुने आम्दानी बाहेक सामुदायिक वनका अन्य आर्थिक स्रोत नभएका ।
- जडीबुटी निकासी गर्न कानुनी समस्या ।
- भूसंरक्षणको सेवा प्रवाह गर्ने कार्यालयको सङ्ख्यामा संरचनागत रूपमा सङ्कुचन ।
- डिभिजन तथा सबडिभिजन वन कार्यालयबाट यथेष्ट अनुगमन नहुनु ।

७.१.३ संभावना तथा अवसर

- गाउँपालिका क्षेत्रस्थित वनहरू मानववस्तीबाट नजिक रहेकाले वनको स्रोत परिचालन तथा प्रयोगका निम्ति सहज वातावरण छ ।
- गाउँपालिका क्षेत्रमा पुरानो प्राकृतिक वन रहेका ।
- वन संरक्षणको केही चेतना स्थानीय जनतामा रहेको ।
- स्थानीय उपभोक्ताहरूबीच मेलमिलापको वातावरण भएकाले स्रोत परिचालनमा सहजता छ ।
- वन क्षेत्रलाई जोड्न विभिन्न वडाहरूमा मोटरबाटो हुँदा वन पैदावारको सङ्कलनका निम्ति सहज छ ।
- प्राकृतिक रूपमै उम्रने धेरै प्रजातिका जडीबुटी तथा अन्य काठहरू प्रशस्त भएकाले वृक्षारोपणमा धेरै रकम खर्च गर्नु नपर्ने ।
- महत्त्वपूर्ण जडीबुटीहरूको बजारको राम्रो सम्भावना भएको ।
- स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावना ।
- प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण हुन गई पर्यटन व्यवसायको विकास हुने ।
- समुदायमा आधारित वन व्यवस्थापन मार्फत स्थानीय जनताको जीवनयापन सहज हुने ।

- वन, जलाधार, कृषि, पशुविकास, सिँचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिने ।

७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

माडी क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार गर्ने ।

उद्देश्य

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु ।
२. वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गरी व्यवसायीकरण गर्नु ।
३. भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्नु ।
४. उपलब्ध वित्तीय स्रोतसाधनको समुचित व्यवस्थापन गर्नु ।

रणनीति तथा कार्यनीति

तालिका ५०: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु ।	
१.१.१: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने ।	१. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ । २. वनको सीमा निर्धारण गरी तारवार गरिनेछ । ३. गाउँपालिकाभित्रका खाली भूभागमा वृक्षारोपण गरिनेछ । ४. गाउँपालिकाभित्र वन नर्सरी स्थापना गरिनेछ । ५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ । ६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ । ७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
उद्देश्य २: वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्धन गरी व्यवसायीकरण गर्नु ।	
१.२.१: वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यावसायीकरण गर्ने ।	१. वनभित्रका मृत, क्षतिग्रस्त र रोगग्रस्त रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ । २. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयां रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ । ३. गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा वजारीकरण गरिनेछ । ४. गाउँपालिका क्षेत्रभित्र जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ । ५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय जनतालाई प्रेरित गरिनेछ । ६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा ब्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाउने, आर्थिक सहयोग गरिनेछ ।

१.२.२: केन्द्र र प्रदेश सरकारका कार्यक्रमहरूबाट प्राप्त अवसरहरूको सदुपयोग गर्ने ।	१. वन तथा भूसंरक्षण मन्त्रालय तथा प्रदेशको वन मन्त्रालयले स्थानीय तहमा वन तथा भूसंरक्षणकालागि तय गरेका नीति र कार्यक्रमबारे अद्यावधिक जानकारी राखी तिनीहरूबाट लाभान्वित हुनेछ ।
१.३.३: स्थानीय स्तरका सरोकारवालाहरूबीच समन्वय कायम गर्ने ।	१. निकटका स्थानीय तह, सबडिभिजन वन कार्यालय तथा जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिहरूसँग गाउँपालिकाले समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
उद्देश्य ३: भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्नु ।	
१.३.१: जनताको सहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व वृद्धि गर्ने ।	१. बाटोहरूमुनि भूक्षय रोक्न अग्रिसो लगायत प्राविधिक रूपले उपयुक्त बिरुवाहरू लगाइनेछ । पैयुँ, चिउरी, लाकुरी जस्ता मह आउने जातका बिरुवा भएमा मौरीपालनमा समेत टेवा पुग्नेछ । २. माटोको गुणस्तर वृद्धि गर्न कृषि शाखासँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ । ३. कृषियोग्य जमिनलाई पहिरोबाट जोगाउन तटबन्ध गर्ने, ग्याभिन जाली भरिनेछ ।
उद्देश्य ४: आवश्यक वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु ।	
१.४.१: बाह्य स्रोतसाधनको खोजी ।	१. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ । २. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।
१.४.२: आन्तरिक स्रोतसाधनको परिचालन ।	१. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ । २. वनजन्य उद्योगको विकास र व्यावसायिकरणकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ ।

७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

वन तथा जैविक विविधता										
सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र	प्रतिशत	७२	७२	७२	७२	७२	७२	७२		
सामुदायिक वनबाट प्राप्त हुने राजस्व वृद्धि	प्रतिशत	०	१०	१०	१०	१०	१०	१०		
स्थानीय फर्निचर उद्योग	सङ्ख्या	३	४	५	७	१०	१५	१५		
आयमूलक कार्य सञ्चालित वन क्षेत्र (कवुलियती वन)	सङ्ख्या	३	३	३	३	३	३	३		
सामुदायिक वन सङ्ख्या	सङ्ख्या	९४	९४	९४	९४	९४	९४	९४		
सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिवृद्धि तालिम	पटक	१०	११	१२	१३	१४	१५	१५		
वार्षिक वृक्षारोपण (वार्षिक)	सङ्ख्या	१०००	२०००	३०००	४०००	५०००	६०००	६०००		
चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन	सङ्ख्या	०	१	१	१	१	१	१		
पालिकास्तरीय वन इकाई स्थापना	सङ्ख्या	१	१	१	१	१	१	१		
जैविक विविधता युक्त क्षेत्र	सङ्ख्या	०	०	०	०	०	०	०		
वन क्षेत्रको तारबार	कि.मि.	०	२	५	७	१०	१५	१५		
लोप हुन लागेका बालीनालीको पुनर्स्थापन (बाली नाली को सङ्ख्या)	सङ्ख्या	०	१	३	५	७	९	९		

७.१.६ प्रमुख आयोजना तथा कार्यक्रम

वन तथा जैविक विविधता										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
सामुदायिक वन उपभोक्ता समूहको क्षमता विकास तालिम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
सामुदायिक वन उपभोक्ता समिति दर्ता (९ वटा)	सङ्ख्या		९		९००				९००	०.०५
वन संरक्षणका लागि काँढेतार निर्माण (२५ कि. मि.)	कि मि		२५	५००	५००	५००	५००	५००	२५००	०.१३
सामुदायिक वनहरूमा फलफूल वृक्षारोपण	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
सामुदायिक वन उपभोक्ता समूह नर्सरी स्थापना तथा व्यवस्थापन	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
पहिरो रोकथामका लागि वृक्षरोपण कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.१३
वन तथा जैविक विविधताका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
वन र जैविक विविधता जम्मा बजेट				**३०००**	**३९००**	**३०००**	**३०००**	**३०००**	**१५९००**	०.८५

७.१.७ वन र जैविक विविधता विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
सामुदायिक वन उपभोक्ता समूहको क्षमता विकास तालिम	२५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१२	३	३	१
सामुदायिक वन उपभोक्ता समिति दर्ता (९ वटा)	९००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१२	३	३	१
वन संरक्षणका लागि काँढेतार निर्माण (२५ कि. मि.)	२५००	पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
सामुदायिक वनहरूमा फलफूल वृक्षारोपण	२५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१२	३	३	१
सामुदायिक वन उपभोक्ता समूह नर्सरी स्थापना तथा व्यवस्थापन	२५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१२	३	३	१
पहिरो रोकथामका लागि वृक्षरोपण कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१२	३	३	१
वन तथा जैविक विविधताका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१२	३	३	१

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

७.२.१ पृष्ठभूमि

नेपालमा भू संरक्षण तथा जलाधार संरक्षणको विकासले गत केही वर्षमा उल्लेख्य प्रगति गरेको छ । नेपालको पहाडी र हिमाली भूभागमा माटोको कटान, पहिरो र भूस्खलन जस्ता समस्याहरूले गर्दा भू संरक्षण चुनौतीपूर्ण बनेको छ । हालसम्म, देशभरि लगभग १.५ मिलियन हेक्टर भूमिमा भू संरक्षणका कार्यक्रमहरू कार्यान्वयनमा छन् । जलाधार संरक्षणको क्षेत्रमा पनि प्रगति भएको छ, र हाल २५ वटा प्रमुख जलाधार क्षेत्रहरूमा संरक्षणका कार्यक्रमहरू सञ्चालनमा छन् । तथापि, जलवायु परिवर्तन, अनियोजित विकास र प्राकृतिक प्रकोपहरूले भू संरक्षण तथा जलाधार संरक्षणलाई चुनौतीपूर्ण बनाएको छ । सामुदायिक सहभागिता र स्थानीय स्तरमा संरक्षणका कार्यक्रमहरूले यस क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ ।

सरकारले भू संरक्षण तथा जलाधार संरक्षणलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ। "राष्ट्रिय जलस्रोत नीति, २०७७" ले जलाधार संरक्षण, जलस्रोतको सतत उपयोग र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । यस नीतिले जलाधार क्षेत्रमा सामुदायिक सहभागिता बढाउने र जलस्रोतको गुणस्तर सुधार्ने रणनीतिहरू समेटेको छ । साथै, "भू संरक्षण ऐन, २०७९" ले भू क्षरण नियन्त्रण गर्ने, पहिरो र भूस्खलनबाट बचाउने र भू संरक्षणका कार्यक्रमहरूलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले भू संरक्षण तथा जलाधार संरक्षणलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ। यस योजनाले भू क्षरण नियन्त्रण गर्ने, जलाधार संरक्षणका कार्यक्रमहरू विस्तार गर्ने र सामुदायिक सहभागिता बढाउने लक्ष्य राखेको छ। साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत भू संरक्षण र जलाधार संरक्षणलाई प्राथमिकता दिइएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर भू संरक्षण तथा जलाधार संरक्षणका लागि ठूला कार्यक्रमहरू सुरु गरेको छ । यी प्रयासहरूले नेपालमा भू संरक्षण तथा जलाधार संरक्षणलाई अझ प्रभावकारी बनाउने र प्राकृतिक स्रोतहरूको सतत उपयोग सुनिश्चित गर्ने अपेक्षा छ ।

७.२.२ समस्या तथा चुनौती

- अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनाश, जथाभाबी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्याहरू देखिएका छन्,
- अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको छ,
- मानव वस्तिको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि संरक्षणमा थप चुनौती बनेको छ,
- नदी कटानले ठूलो क्षति पुगेको छ,
- मोटर बाटोहरूमा पहिरो गइरहने हुँदा यातायातमा समस्या भएको छ ।

७.२.३ संभावना तथा अवसर

- गाउँपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र गाउँपालिकाको बस्ती विकास गर्न सकिने,
- गाउँ बासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी गाउँपालिका अन्तर्गतका सबै खोला खोल्सीमा सङ्लो पानी बगाउनको लागि गाउँपालिकासँग भएको सोचलाई सम्भावनाको रूपमा लिन सकिन,
- गाउँपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाइ पर्यटकीय सम्भावनाको भरपुर फाइदा लिन सकिने,

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

दिगो व्यवस्थापनबाट भू तथा जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन भएको हुने

उद्देश्य

१. बाढी पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु
२. जलस्रोत क्षेत्रहरूको संरक्षण, सम्वर्द्धन गर्दै जलस्रोतबाट आयआर्जनको श्रोत बनाउनु

रणनीति र कार्यनीति

तालिका ५१: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: बाढी पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु	
१.१: बाढी पहिरो तथा भू—क्षय नियन्त्रण तथा रोकथाम गर्ने	१. भू—क्षय, बाढी पहिरो प्रभावित क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिनेछ । २. भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरूमा बाँस, बाबियो, अम्रिसो रोपण गर्दै बायो इन्जिनियरिङ प्रविधिबाट भू—क्षयलाई नियन्त्रण गरिनेछ । ३. जथाभाबी सडक निर्माण गर्ने, भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गर्ने, वन विनास गर्ने जस्ता कार्यहरूलाई पूर्णतः निरुत्साहित एवं निषेध गरिनेछ । ४. अति संवेदनशील क्षेत्रका वस्तिलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्दै सम्भावित क्षतिबाट सुरक्षित राखिनेछ । ५. संवेदनशील क्षेत्र तथा भू—क्षय प्रभावित क्षेत्र नजिकका वस्तिहरूमा आपत्कालिन अवस्था वारे जानकारीका लागि पूर्व सूचना दिने मेशिन उपकरणहरू जडान गरी सम्भावित क्षतिलाई न्यूनीकरण गरिनेछ ।
१.२: भू—संरक्षण एवं सम्वर्द्धन गर्ने	१. भू—उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । २. ठाडो एवं भिरालो भूभागमा आइइइ, इआइए जस्ता वातावरणीय लगायत भौगोलिक अवस्थाका बारेमा विस्तृत अध्ययन पश्चात् मात्रै भौतिक संरचनाहरू निर्माण गरी त्यस्ता भूभागहरूको संरक्षण गरिनेछ ।

रणनीतिहरू	कार्यनीतिहरू
	३. वर्षातको भलपानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियो हारको व्यवस्थापन एवं गरा सुधार जस्ता कार्यबाट भूमिको दिगो संरक्षण गरिनेछ । ४. जमिनको भित्री सतह सुक्खा हुन गई पानीको मुहान सुक्ने र जमिन समेत भासिने हुँदा स्वीकृती विना र अव्यवस्थित एवं जथाभाबी निर्माण हुने डिपवोरिङ गर्ने अभ्यास माथि नियन्त्रण गरिनेछ ।
उद्देश्य २: जलस्रोत क्षेत्रहरूको संरक्षण, सम्वर्द्धन गर्दै जलस्रोतबाट आयआर्जनको श्रोत बनाउनु	
२.१: जलस्रोतको दिगो संरक्षण, सम्वर्द्धन गर्ने	१. पालिका क्षेत्रभित्र जलस्रोत तथा जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, नियमन एवं संरक्षण गरिनेछ । यसका लागि जलाधार संरक्षण ऐन, कानुनहरू निर्माण गरिनेछ । २. पानी मुहान, पानी पोखरी, सिमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारबार, पर्खाल, रिटेनिङवाल, वृक्षारोपण एवं रिचार्ज पोखरीहरू निर्माण गरी संरक्षण एवं सम्वर्द्धन गरिनेछ । ३. पानीमुहान, पोखरी, तालतलैया, खोलामा पानीको मात्रा यथेष्ट र स्थिर राख्न अध्ययनका आधारमा जलाशयहरू निर्माण गरिनेछ र वर्षातको पानी सञ्चय गरी पानी भरण गर्ने भूमिगत सतह पानी पुर्नभरण गर्ने व्यवस्था मिलाइनेछ । ४. नदी तथा खोला किनारामा तटबन्ध निर्माण गरिनेछ । ठूला प्रकृतिका वर–पिपल लगायतका रुखहरू वृक्षारोपण गरी नदी खोला किनारमा हुने भूक्षयलाई न्यूनीकरण गरिनेछ ।
२.२: जलस्रोतहरूलाई बहुउपयोगी बनाउँदै आय श्रोतको रूपमा विकास गर्ने	१. नदी तथा खोला किनार तथा नदी उकास क्षेत्रमा व्यावसायिक रूपमा कृषि–वन खेती गर्न स्थानीयहरूलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ । २. सम्भाव्यताका आधारमा गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा पानीपोखरी, पानीट्याङ्की निर्माण गरी कृषि भूमिमा नियमित सिँचाइको व्यवस्था मिलाइनेछ । ३. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै गाउँपालिका क्षेत्रभित्रका प्रसिद्ध ताल तथा झरना, पौडीपोखरी, स्नानकुण्ड एवं मनोरञ्जन पार्कहरू निर्माण गरी आन्तरिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ । ४. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै वर्षाको पानी भण्डारण, नदी खोलाबाट सा–साना जलाशय निर्माण गरी सङ्कलित पानीलाई प्रशोधनको व्यवस्था मिलाई खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।

७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

भूसंरक्षण तथा जलाधार व्यवस्थापन										
सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
संरक्षित भूक्षय संवेदनशील क्षेत्र	सङ्ख्या	०	१	२	३	३	३	३		
भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन	सङ्ख्या	०	१	१	१	१	१	१		
संरक्षित जलाधार क्षेत्र	सङ्ख्या	०	१	२	३	४	५	५		
बाढी तथा पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण	कि.मि.	१	२	४	६	८	१०	१०		
संवेदनशील क्षेत्रको बाढी नियन्त्रण	कि.मि	१	२	३	४	५	६	६		
स्थानीय विपद् तथा भूसंरक्षण योजना	सङ्ख्या	०	१	१	१	१	१	१		
बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान	सङ्ख्या	१५	१४	१३	१२	११	१०	१०		
बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन	सङ्ख्या	०	१	२	३	४	५	५		

७.२.६ प्रमुख आयोजना तथा कार्यक्रम

भूसंरक्षण तथा जलाधार व्यवस्थापन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
परम्परागत पानी पोखरी संरक्षण (६० वटा)	सङ्ख्या		६०	५००	५००	५००	५००	१०००	३०००	०.१६
ग्याविङ तार जाली बक्स तथा मेशनेरी वाल निर्माण (ओखेनी, घोर्नेटी राजखर्क चौतारा प्रा वि झिनुवा पेदिखोला भित्तावाङ)	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
तटबन्धन निर्माण (ल्याङ्गेवोट देखि रिसम्जासम्म १ कि मि)	कि मि		१		५०००				५०००	०.२७

भूसंरक्षण तथा जलाधार व्यवस्थापन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
पहिरो रोकथाम ग्याबियन तारजाली बक्स वाल निर्माण (१५ स्थान)	सङ्ख्या		१५	५००	१०००	१०००	१०००	१०००	४५००	०.२४
तटबन्धन निर्माण ग्याबियन तारजाली बक्स वाल सहित (ब्याङखोला ३ कि मि)	कि मि		३			५०००	५०००	५०००	१५०००	०.८०
तटबन्धन निर्माण (बारम्खोला, लरिखोला, खाङखुरीखोला र डिमुरखोला किनार)	कि मि		५	५०००	५०००	५०००	५०००	५०००	२५०००	१.३४
रिचार्ज पोखरी निर्माण (दहवाङ, बल्ले, झिम्फुका लगायत ७ वटा)	सङ्ख्या		५	५००	५००	५००	१०००	१०००	३५००	०.१९
पहिरो नियन्त्रणका लागि ग्याबियन तार जाली बक्स वाल निर्माण तथा वृक्षारोपण (बेर्साबाङ, डाँडागाउँ, रिजावाङ र मलामपानी)	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.२७
चट्याङ प्रतिरोधक अर्थिङ निर्माण (पुलवाङ धुरी, ताङधारा)	सङ्ख्या		३	५००	५००	५००			१५००	०.०८

७.२.७ भूसंरक्षण तथा जलाधार व्यवस्थापन विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
परम्परागत पानी पोखरी संरक्षण (६० वटा)	३०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
ग्याविङ तार जाली बक्स तथा मेशनेरी वाल निर्माण (ओखेनी, घोर्नेटी राजखर्क चौतारा प्रा वि झिनुवा पेदिखोला भित्तावाङ)	५०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
तटबन्धन निर्माण (ल्याङ्गेवोट देखि रिसम्जासम्म १ कि मि)	५०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
पहिरो रोकथाम ग्यावियन तारजाली बक्स वाल निर्माण (१५ स्थान)	४५००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
तटबन्धन निर्माण ग्यावियन तारजाली बक्स वाल सहित (ब्याङखोला ३ कि मि)	१५०००	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
तटबन्धन निर्माण (बारम्खोला, लरिखोला, खाङखुरीखोला र डिमुरखोला किनार)	२५०००	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
रिचार्ज पोखरी निर्माण (दहवाङ, बल्ले, झिम्फुका लगायत ७ वटा)	३५००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
पहिरो नियन्त्रणका लागि ग्यावियन तार जाली बक्स वाल निर्माण तथा वृक्षारोपण (बेर्साबाङ, डाँडागाउँ, रिजावाङ र मलामपानी)	५०००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
चट्याङ प्रतिरोधक अर्थिङ निर्माण (पुलवाङ धुरी, ताङधारा)	१५००	पालिका	गाउँ सभाको निर्णय	४.१	१२	३	३	१
भूसंरक्षण तथा जलाधार व्यवस्थापनका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१२	३	३	१

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासमा वातावरण पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदूषण गर्नेले दायित्व व्यहोर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवं पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति राज्यबाट अङ्गीकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाइ तथा फोहरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नेपालमा वातावरण तथा फोहोरमैला व्यवस्थापनको क्षेत्रमा गत केही वर्षमा उल्लेख्य प्रगति भएको छ । तथापि, बढ्दो सहरीकरण, औद्योगिकीकरण र जनसंख्या वृद्धिले वातावरणीय चुनौतीहरू बढाएका छन् । हालसम्म, नेपालमा प्रतिदिन उत्पादन हुने फोहोरमैलाको मात्रा लगभग २,८०० टन छ, जसमा ५६ प्रतिशत जैविक फोहोरमैला र १६ प्रतिशत प्लास्टिकजन्य फोहोरमैला समावेश छ । काठमाडौं उपत्यकामा मात्र प्रतिदिन ५०० टन फोहोरमैला उत्पादन हुन्छ, तर यसको व्यवस्थापनमा ठूलो चुनौती छ । वायु प्रदूषण, विशेष गरी सिजनको समयमा, नेपालको प्रमुख समस्या बनेको छ । सरकारले वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ ।

सरकारले वातावरण तथा फोहोरमैला व्यवस्थापनलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । "वातावरण संरक्षण ऐन, २०७६" ले वातावरणीय प्रदूषण नियन्त्रण गर्ने, प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने र सतत विकासलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ । यस ऐनले वायु, पानी र माटो प्रदूषण नियन्त्रण गर्ने, फोहोरमैला व्यवस्थापन सुधार्ने र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने व्यवस्था गरेको छ । साथै, "फोहोरमैला व्यवस्थापन ऐन, २०६८" ले फोहोरमैलाको सङ्कलन, पृथकिकरण, र पुनः प्रयोगलाई नियमन गर्ने व्यवस्था गरेको छ । यस ऐनले फोहोरमैलाको व्यवस्थापनमा सामुदायिक सहभागिता बढाउने र प्रदूषण नियन्त्रण गर्ने लक्ष्य राखेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले वातावरण तथा फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले वायु प्रदूषण नियन्त्रण गर्ने, फोहोरमैलाको व्यवस्थापन सुधार्ने र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत वातावरणीय संरक्षण र प्रदूषण नियन्त्रणलाई प्राथमिकता दिइएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनका लागि ठूला कार्यक्रमहरू सुरु गरेको छ । यी प्रयासहरूले नेपालमा वातावरणीय संरक्षण र फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने र स्वच्छ तथा दिगो रूपमा वातावरण संरक्षण गर्ने अपेक्षा छ ।

७.३.२ समस्या तथा चुनौती

गाउँपालिकाभित्र विभिन्न वस्तिहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु आदि प्रमुख समस्या र चुनौतीका रूपमा रहेको छन् ।

फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्सीका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति हाम्रो समाजमा नयाँ होइन । यसरी फालिएको फोहर वर्षाका समयमा पानीले बगाएर खोला खोल्सी तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।

७.३.३ संभावना तथा अवसर

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने आदि रहेका छन् । त्यसैगरी सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेका छन् ।

७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार गर्ने ।

उद्देश्य

१. आधारभूत सरसफाइ सुविधाको पहुँच सम्पूर्ण घरधुरीमा र गुणस्तरीय सरसफाइको पहुँच कम्तीमा ९० प्रतिशत घरधुरीमा पुऱ्याउनु ।
२. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।

रणनीति तथा कार्यनीति

तालिका ५२: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू

उद्देश्य १: आधारभूत सरसफाइ सुविधाको पहुँच सम्पूर्ण घरधुरीमा र गुणस्तरीय सरसफाइको पहुँच कम्तिमा ९० प्रतिशत घरधुरीमा पुऱ्याउनु ।	
३.१.१: आधारभूत सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने ।	१. मापदण्ड बमोजिम निर्माण नभएका वा निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सरसफाइ सम्बन्धी संरचनाहरूको विवरण तयार गरिनेछ । २. मापदण्ड अनुरूप निर्माण नभएका संरचनाहरूलाई गुणस्तर कायम हुनेगरी पुनर्निर्माण गर्न सम्बन्धित घरधनीलाई प्रोत्साहन तथा परामर्श दिइनेछ । ३. घरबाट निस्कीने अन्य फोहरको गुणस्तरीय व्यवस्थापनकोलागि सम्बन्धित घर परिवारलाई आवश्यक प्रक्षिक्षणको व्यवस्था गरिनेछ । ४. समुदायका सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ । ५. विद्यालय, सेवाकेन्द्रहरू, हाट बजार लाग्ने स्थानहरूमा फोहर सङ्कलनकोलागि भाँडोको व्यवस्था गरिनेछ । ६. गाउँ टोल सरसफाइकोलागि उपोभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ । ७. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । ८. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।
उद्देश्य २: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।	
३.२.१: समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई अधिकतम स्वच्छता कायम गर्ने ।	१. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ । २. उत्सर्जनको विवरणको आधारमा त्यस्ता ठाउँहरूको वर्गीकरण गरी फोहरमैला व्यवस्थापनको अलग अलग गुरुयोजना बनाइनेछ । ३. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ । ४. प्रत्येक घनाबस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ । ५. निजी क्षेत्रसँगको सहकार्यमा शहरी क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । ६. विद्यालयका विद्यार्थी तथा समुदायका अन्य लक्षित वर्गलाई सरसफाइ सम्बन्धी तालिमहरू सञ्चालन गरी जनचेतना बढाइनेछ ।

७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

वातावरण तथा फोहोरमैला व्यवस्थापन											
सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
पुर्ण सरसफाइयुक्त वडा	सङ्ख्या	०	१	२	३	४	६	६		
धुवाँमुक्त घरधुरी	प्रतिशत	५	७	९	११	१४	१८	१८		
फोहोरमैला विसर्जन केन्द्र	सङ्ख्या	१	१	१	१	१	१	१		
फोहोरमैला विसर्जन नीति	सङ्ख्या	०	१	१	१	१	१	१		
संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या	प्रतिशत	२	१	१	०	०	०	०		
गाउँटोल सरसफाइको लागि उपभोक्ता समिति	सङ्ख्या	२५	२५	२५	२५	२५	२५	२५		
डस्टबिन व्यवस्थापन भएका घरधुरी	प्रतिशत	१०	१५	२०	२५	३०	३५	३५		
फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति	सङ्ख्या	०	३	५	८	१०	१२	१२		
फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार	प्रतिशत	९०	९१	९२	९३	९४	९५	९५		
स्थानीय वातावरणमैत्री नीति	सङ्ख्या	१	१	१	१	१	१	१		
वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या	सङ्ख्या	०	१	२	३	४	६	५		
प्रदूषण मापन केन्द्र	सङ्ख्या	०	०	०	१	१	१	१		

७.३.६ प्रमुख आयोजना तथा कार्यक्रम

वातावरण तथा फोहोरमैला व्यवस्थापन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
प्लास्टिक निषेध, फोहोर मैला वर्गीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित वडा	पटक		१	३००	३००	३००	३००	३००	१५००	०.०८

वातावरण तथा फोहोरमैला व्यवस्थापन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
तथा टोल सरसफाइ प्रतिस्पर्धा गराउने र पुरस्कृत गर्ने										
एक वडा एक ग्रिन पार्क निर्माण तथा सञ्चालन	सङ्ख्या		८	७००	८००	१०००	११००	१२००	४८००	०.२६
प्लाष्टिक मुक्त गाउँपालिका निर्माण अभियान	पटक		५	३००	३००	३००	३००	३००	१५००	०.०८
सरसफाइ सम्बन्धी सरोकारवालाहरूको अध्ययन भ्रमण कार्यक्रम	पटक		५	१५०	१६०	१७०	१८०	१९०	८५०	०.०५
मुख्य बजार क्षेत्रहरू र सार्वजनिक स्थानमा डष्ट विन, कम्पोष्ट विन र खाडलको व्यवस्था गर्ने	स्थान		२८	७५०	७५०	७५०	७५०	७५०	३७५०	०.२०
फोहरमैला प्रशोधन केन्द्र निर्माण	पटक		१	०	०	५००	२०००	३०००	५५००	०.२९
मुख्य बजार/वस्ति क्षेत्रहरूको व्यवस्थित फोहर संकलन र व्यवस्थापन	एकमुस्ट			४०००					४०००	०.२१
विकास निर्माण कार्यको विभिन्न किसिमका वातावरणीय अध्ययन	पटक		१०	१०००	१०००	१२००	१२००	२०००	६४००	०.३४
वातावरणीय परिवर्तन र यसले कृषि उत्पादनमा पारेको प्रभाव सम्बन्धी अध्ययन	पटक		२	०	४००	०	०	५००	९००	०.०५

वातावरण तथा फोहोरमैला व्यवस्थापन										
कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा बजेट	
वातावरण तथा फोहोरमैला व्यवस्थापनका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.१३
वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा बजेट				७४००	३९१०	४४२०	६०३०	८४४०	३०२००	१.६२

७.३.७ वातावरण तथा फोहरमैला व्यवस्थापन विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
प्लास्टिक निषेध, फोहोर मैला वर्गीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित वडा तथा टोल सरसफाइ प्रतिस्पर्धा गराउने र पुरस्कृत गर्ने	१५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१३	७	३	१
एक वडा एक ग्रिन पार्क निर्माण तथा सञ्चालन	४८००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१३	७	३	१
प्लास्टिक मुक्त गाउँपालिका निर्माण अभियान	१५००	पालिका	गाउँ सभाको निर्णय	४.१	१३	७	३	१
सरसफाइ सम्बन्धी सरोकारवालाहरूको अध्ययन भ्रमण कार्यक्रम	८५०	पालिका	कार्यपालिकाको निर्णय	४.१	१३	७	३	१
मुख्य बजार क्षेत्रहरू र सार्वजनिक स्थानमा डष्ट विन, कम्पोष्ट विन र खाडलको व्यवस्था गर्ने	३७५०	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	४.१	१३	७	३	१
फोहरमैला प्रशोधन केन्द्र निर्माण	५५००	प्रदेश/पालिका	गाउँ सभाको निर्णय	४.१	१३	७	३	१
मुख्य बजार/वस्ति क्षेत्रहरूको व्यवस्थित फोहर संकलन र व्यवस्थापन	४०००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	४.१	१३	७	३	१

कार्यक्रमहरू	जम्मा बजेट	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय दीर्घकालीन लक्ष्य रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
विकास निर्माण कार्यको विभिन्न किसिमका वातावरणीय अध्ययन	६४००	प्रदेश/पालिका	कार्यपालिकाको निर्णय	४.१	१३	७	३	१
वातावरणीय परिवर्तन र यसले कृषि उत्पादनमा पारेको प्रभाव सम्बन्धी अध्ययन	९००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१३	७	३	१
वातावरण तथा फोहोरमैला व्यवस्थापनका सालबसाली कार्यक्रम	२५००	पालिका	कार्यपालिकाको निर्णय	४.१	१३	७	३	१

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

७.४.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्यले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना एवं तयारी गर्ने, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने नीति अङ्गीकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरूबाट जलवायु परिवर्तन सम्बन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात् र विपद् को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम वस्तिहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ति स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

नेपालमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता (**Climate Resilience**) को क्षेत्रमा गत केही वर्षमा उल्लेख्य प्रगति भएको छ । नेपाल भूकम्प, पहिरो, बाढी, खडेरी जस्ता प्राकृतिक विपद्हरूको उच्च जोखिममा रहेको देश हो । हालसम्म, देशभरि १,५०० भन्दा बढी पहिरोको जोखिम क्षेत्रहरू छन्, जसमा प्रति वर्ष बाढी र पहिरोले गर्दा ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । जलवायु परिवर्तनको प्रभावले गर्दा नेपालमा अनियमित वर्षा, हिउँ पग्लनेका साथै खाद्य सुरक्षामा चुनौतीहरू बढेका छन् । तथापि, सरकारले विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ ।

सरकारले विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । "विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४" ले विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्निर्माणका लागि व्यवस्थापन तन्त्र स्थापना गर्ने लक्ष्य राखेको छ । यस ऐनले स्थानीय स्तरमा विपद् व्यवस्थापन योजनाहरू बनाउने, सामुदायिक सहभागिता बढाउने र विपद् प्रभाव न्यूनीकरण गर्ने रणनीतिहरू समेटेको छ । साथै, "जलवायु परिवर्तन नीति, २०७६" ले जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने, उत्थानशीलता बढाउने र हरित विकासलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ । यस नीतिले नवीकरणीय ऊर्जा, वन संरक्षण र जलवायु अनुकूल कृषिलाई प्राथमिकता दिएको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ। यस योजनाले विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्निर्माणका लागि स्थानीय स्तरमा क्षमता विकास गर्ने, जलवायु अनुकूल प्रविधि अपनाउने र सामुदायिक सहभागिता बढाउने लक्ष्य राखेको छ। साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने प्रयास गरिएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर विपद् व्यवस्थापन र जलवायु उत्थानशीलताका लागि ठूला कार्यक्रमहरू सुरु गरेको छ ।

यी प्रयासहरूले नेपालमा विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई अझ प्रभावकारी बनाउने र प्राकृतिक प्रकोपहरूको प्रभावलाई कम गर्ने अपेक्षा छ । तथापि, स्रोतको अभाव, प्रविधिको सीमित पहुँच र सामुदायिक जागरूकताको कमीले यस क्षेत्रमा चुनौतीहरू बनेका छन् । सरकारले यी चुनौतीहरूलाई सम्बोधन गर्न विपद् व्यवस्थापन र जलवायु अनुकूल विकासका लागि दिगो नीति र योजनाहरू कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ । यसले नेपाललाई विपद् प्रतिरोधी र जलवायु उत्थानशील समाज बनाउन मद्दत गर्नेछ ।

७.४.२ समस्या तथा चुनौती

- विपद्को त्रासले स्थानीयहरू घर/बस्ती छाडी अन्यत्र बसाइँसराइ गर्नु ।
- विपद्को जोखिमले जग्गा/जमिन बिक्री गर्नु वा भू—उपयोग परिवर्तन गर्नु ।
- विपद् न्यूनीकरण गर्ने स्रोत तथा साधनको कमी हुनु ।
- विपद् न्यूनीकरण गर्ने ठोस/उपयुक्त योजना, नीति, निर्देशिकाहरूको अभाव हुनु ।
- गाउँपालिका स्तरको वैज्ञानिक भू—उपयोग प्रणाली नहुनु ।
- विपद् न्यूनीकरण गर्न नयाँ प्रविधि, सिकाइहरू विकास/विस्तार नहुनु ।
- विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू—उपयोग पद्धति अवलम्बन गर्ने नीति नहुनु ।
आवधिक योजना कार्यान्वयनका लागि गाउँ गौरवको योजना समेत कूल लगानी बजेट **रू. २ अर्ब ७३ करोड ४६ लाख ३० हजार** अनुमान गरिएको छ । आ.व. २०८०/०८१ को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८१/८२ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय **रु. २ अर्ब ७३ करोड ७९ लाख ८७ हजार** देखिन्छ भने गाउँपालिकाको आगामी ५ वर्षको चालू खर्च करिब **रु. १ अर्ब ६४ करोड २७ लाख ५७ हजार हुने देखिन्छ ।** यसरी कूल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच करिब **रू. १ अर्ब ६३ करोड ९४ लाख ५९ हजार** बजेट अपुग देखिन्छ।

तालिका ५८: अपुग स्रोत व्यवस्थापन

क्र.सं.	शीर्षक	आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा					बजेट (रु. हजारमा)
		२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	
१	सरकारी स्रोत परिचालन	४४८७७१	४९३४३५	५४२६०९	५९६७५०	६५६३६३	**२७३७९२८**
२	चालू खर्च अनुमान	२६९२६२	२९६०६१	३२५५६६	३५८०५०	३९३८१८	**१६४२७५७**
३	पुँजीगत खर्च अनुमान	१७९५०८	१९७३७४	२१७०४४	२३८७००	२६२५४५	**१०९५१७१**
४	कूल लगानी अनुमान	२८०४००	३०५३६०	३६३५००	४०४५३०	५१७८४०	**१८७१६३०**
५	गाउँ गौरवका योजना	९५०००	१३२०००	१७७०००	२१२०००	२४७०००	**८६३०००**
६	**स्रोतको न्यूनता**	-१९५८९२	-२३९९८६	-३२३४५६	-३७७८३०	-५०२२९५	**-१६३९४५९**
कूल स्रोत परिचालन		**६४४६६२**	**७३३४२१**	**८६६०६६**	**९७४५८०**	**११५८६५८**	**४३७७३८७**

स्रोतः गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल

९.५ स्रोत परिचालन रणनीति

माडी गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म) का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँपालिका कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कूल **रु. ४ अर्ब ३७ करोड ७३ लाख ८७ हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. ३ अर्ब ७३ करोड ७९ लाख २८ हजार (८५.३९ प्रतिशत)** विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कूल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रु. १ अर्ब ६३ करोड ९४ लाख ५९ हजार (१४.६१ प्रतिशत)** बजेटका लागि गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । जसका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ।

यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पूरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

९.६ आवधिक योजना कार्यान्वयन

९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । गाउँपालिकाको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ।

(क) सरकारी क्षेत्रको लगानी

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार

गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(ख) निजीक्षेत्रको लगानी

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब **४.१८ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

(ग) सहकारी क्षेत्रको लगानी

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । ससाना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण आदिमा सहकारी क्षेत्रको विशेष भूमिका अपेक्षा गरी यस क्षेत्रबाट योजना अवधिमा **३.४३ प्रतिशत** लगानी प्रक्षेपण गरिएको छ ।

(ङ) गैह सरकारी क्षेत्र (गैसस)को लगानी

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **२.०७ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

(च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था लगायतको लगानी

विकास प्रदायकले जतिसुकै प्रयास गरे तापनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **२.३७ प्रतिशत** हुने अनुमान गरिएको छ ।

(छ) अन्तर स्थानीय तह साझेदारी

गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय ततहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब **२.५७ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

९.६.२ कार्यान्वयन प्रक्रिया

आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले निम्न प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्ने छ ।

(क) सूची तयारी

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

(ख) छलफल एवं अन्तरक्रिया

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजीकरण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

(ग) मध्यकालीन खर्च संरचना तयारी

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

९.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागीतामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक

समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- आवधिक योजनाले निर्दिष्ट गरेका सूचकहरूको स्थिति अद्यावधिक गर्दै समग्र विकासको अवस्था मापन गर्न ।
- आवधिक योजनाको उपलब्धि मापन गर्दै विकासको गन्तव्यलाई सहि दिशा प्रदान गर्न ।
- कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- सूचक चेकलिष्ट तर्जुमा
- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जबाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- सूचक चेकलिष्ट रुजू तथा अद्यावधिक गरेर,

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपाध्यक्ष (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहने छन्:

- उपाध्यक्ष — संयोजक
- अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट — सदस्य (दुई जना)
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- प्रमुख, योजना शाखा — सदस्य सचिव

आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछ

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेस गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेस गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ

- सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
- वडा सदस्यहरू — सदस्य
- वडा सचिव — सदस्य सचिव

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछ:

तालिका ५९: अनुगमन तथा मूल्याङ्कन खाका

के गर्ने	कसले गर्ने	कहिले गर्ने	कसरी गर्ने	फलोअप
अनुगमन प्रक्रिया				
कार्यक्रम वा प्रक्रिया अनुगमन	सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस	आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक	▪ स्थलगत अनुगमन ▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना ▪ बृहत् योजनाको कार्यान्वयन योजनाको ▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन	▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेस गर्ने ▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेस गर्ने
प्रतिफल अनुगमन	गाउँपालिका कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति	चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि	▪ स्थलगत अनुगमन ▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना ▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेस गर्ने	
असर तह अनुगमन	गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष	वार्षिक, मध्यावधि र अन्तिम वर्ष	▪ लक्षित समूह तथा सहभागीतामूलक छलफल ▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन ▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन	

के गर्ने	कसले गर्ने	कहिले गर्ने	कसरी गर्ने	फलोअप
अनुगमन प्रक्रिया				
			▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल	
मूल्याङ्कन प्रक्रिया				
असर तह मूल्याङ्कन	स्वतन्त्र तेस्रो पक्ष	योजनाको मध्य अवधि	▪ लक्षित समूह तथा सहभागीतामूलक छलफल ▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन ▪ असर तहका सूचना सङ्कलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने ▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल	▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेस गर्ने ▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेस गर्ने
प्रभाव तह मूल्याङ्कन	गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष	योजना सम्पन्न भएको दुई वर्षपछि	▪ लक्षित समूह तथा सहभागीतामूलक छलफल ▪ नमुना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन ▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल	

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछ

- गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

वडागत योजना बैंक

वडा नं. १

मुख्य समस्याहरू

- ✓ ट्रयाक खोल्न बाकी बाटोको समस्या
- ✓ शिक्षा भौतिक संरचना पुराना र जिर्ण ।
- ✓ स्वास्थ्य २ वटा सामुदायिक स्वास्थय इकाई रहेको ।
- ✓ खानेपानी धेरै याजनामा पानी लिफटीङ गर्नु परेको ।
- ✓ सिचाई स्रोत नै नभएको ।
- ✓ बनजङगलको फडानी बढेको ।

शिक्षा

१. ICT चलाउन तालिम आवश्यक
२. ECD र सानो कक्षामा उपयुक्त फर्निचर ।
३. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन ।
४. विषयगत शिक्षक तालिम आवश्यक ।
५. करार शिक्षकलाई पुर्ण स्केल सरह पारिश्रमिक उपलब्ध गराउनुपर्ने ।
६. गणित, बिज्ञान, अंग्रेजी बिषय उच्च शिक्षा पढनेलाई पुरस्कारको ब्यवस्था ।
७. ब्यबहारिक र ब्यबसाइक सिपमुलक विषय पढाउनुपर्ने ।
८. सबै माबिमा नर्स कार्यक्रम ।
९. सेवा क्षत्रका आधारमा बिद्यालय मर्ज गर्ने ।

स्वास्थ्य

१. दक्ष जनशक्ति स्वास्थ्य संरचना कम हुनु ।
२. एम्बुलेन्स समस्या ।
३. औषधी खरिद समयमा र आवश्यक औषधी कम पाउनु ।
४. १ वर्थिङ सेन्टर स्थापना गर्नुपर्ने ।

खानेपानी र सरसफाई

१. २० वटा खानेपानी फिल्टर निर्माण ।
२. ५१७ घरधुरीमा १ घर १ धारा बनाउन बाकी रहेको ।
३. ५ प्रतिशत मानिसलाई पुर्ण सरसफाई र सचेतना कार्यक्रम सञ्चालन ।
४. फोहर संकलन, विर्सजन र ब्यबस्थापनका लागी जनचेतनामुलक कार्यक्रम संचालन ।

बिधुत

१. ८०० घरमा राष्ट्रिय प्रसारण जोडन पहल गर्नुपर्ने ।

सञ्चार

१. ६० % क्षेत्रमा NTC/Ncell दुबै फोन नेटवर्क विस्तार गर्नुपर्ने ।

युवा तथा खेलकुद

१. १ वडा स्तरिय खेल मैदान निर्माण ।
२. भलिबल खेल सञ्चालनलाई सहयोग कार्यक्रम ।
३. सबै बिद्यालयमा खेल मैदान निर्माण ।

पुर्वाधार तर्फ

सडक

१. २५ किमि नयाँ ट्रयाक निर्माण ।
२. ४० किमी चक्लाबन्दी स्तरउन्नती ।
३. ५० किमी गोरेटो बाटो निर्माण ।

आवाश भवन

१. २ वटा ब्यबस्थित आर्यघाट निर्माण गर्नुपर्ने ।
२. सरस्वती माबिमा १ होस्टेल निर्माण ।
३. ३ वटा बिद्यालयमा किसोरी आराम कक्ष निर्माण ।
४. ९ वटा बिद्यालयमा बालविकास सिकाई कक्षा र बाल बगैचा निर्माण ।
५. कुष्ण माबिमा १ वटा ८ कोठे भवन निर्माण ।
६. ६ वटा आबिका ४ कोठे भवन निर्माण।
७. वल्लेमा गाउँघर क्लिनिकलाई भवन निर्माण ।
८. पिदिखोला स्वास्थ्य इकाई केन्द्रलाई भवन निर्माण ।

भवन

१ हेलीप्याड निर्माण ।
१ बहुउद्देशिय भवन निर्माण ।
२ वटा ज्येष्ठ नागरिक मिलन केन्द् निर्माण ।

बन-बाताबरण

१. ७ वटा सामुदायिक बन रहेको ।
२. ६० वटा परम्परागत र पुराना पोखरी संरक्षण कार्यक्रम ।

भु-क्षय

१. ६ ठाँउ ओखनी, घोरनेटी, रजाखर्क, चौतरा प्राबि भिनुवा, पेदीखोला पिल्लाबाङमा ग्याबिन वाल र मेसिनरी वाल निर्माण ।
२. ल्याङगेबोट देखी टिसन्जासम्म १ किमिमा तटबन्ध गर्नुपर्ने ।

आर्थिक तर्फ

कृर्षि

१. सहकारी मार्फत मल बितरण गर्ने ।
२. आलु पकेट क्षेलाई सहयोग कार्यक्रम ।

३. ४ वटा संङकलन केन्द्र निर्माण गर्नुपर्ने ।

४. सामुहिक उत्पादन र घेरो उत्पादन लाई प्रोहोत्साहन कार्यक्रम संञ्चालन ।

५. कुषि बिमा, पशु बिमा कार्यक्रममा अनुदान कार्यक्रम ।

६. सुन्तला पकेट क्षेत्रलाई सहयोग कार्यक्रम ।

पर्यटन र सस्कृती

१. वाङगेताल युद्ध पर्यटकिय क्षेत्र घोषणा ।

२. खागेल लसुने मर्चुला चुलिफीने हरितपार्क र पिकनिक स्पोट निर्माण ।

उधोग ब्यबसाय

१. १ चिस्यान केन्द्र निर्माण ।

२. किबि र सुन्तलाको दानाबाट जुस निर्माणको तालिम र अनुदान कार्यक्रम ।

आम्दानी रोगारी र बित्तिय अबस्था

१. सहुलियत कर्जा कार्यक्रम।

२. कृर्षि र पशुपालनमा आधुनिकिकरण तालिम।

सस्थागत बिकास तथा सुसासन

१. अतिक्रमण जग्गालाई फिर्ता ल्याउने कार्यबिधी निर्माण ।

आन्तरिक स्रोतबाट परिचालित शिक्षकलाई पुर्ण स्केल तलब दिनेगरी कार्यबिधी निर्माण ।

वडा नं २

समस्याहरू

- सिचाईको कमी
- गोरेटो बाटो लोप हुनु
- गुणस्तरिय शिक्षाको कमी
- स्वास्थ्य उपचार गर्न टाढा जानुपर्ने।

सबल पक्ष

- बजारीकरणको ब्यवस्था (नजिक बजार क्षेत्र)
- सहिदमार्ग र मदन भण्डारी मार्ग नजिक हुनु
- अन्य सरकारी कार्यालय नजिक रहेको ।

सिचाई

१. लिफटिङ माडीखोला र ब्याङखोलाको पानी
२. गल्सुका नवाङ सिचाई योजना
३. भुतछहरा, लोसेबाङ लिफटिङ सिचाई योजना
४. पेदीखोला दह लिफटिङ सिचाई योजना
५. स्याङखोला, जगरकोट सिचाई योजना
६. माझखर्क सिचाई योजना (ट्याङ्की)
७. ६ वटा साना खालका सिचाई लिफटिङ निर्माण

कृषि

१. मलको समस्या
२. कृषि सम्बन्धी तालीमको ब्यबस्थापन
३. विउविजनको ब्यबस्था
४. बजारीकरणको ब्यबस्था गर्नुपर्ने
५. सामुहिक खेतीमा जोड र उत्पादनमा बृद्धि गर्नुपर्ने ।
६. किसानलाई उत्पादनमा अनुदानको ब्यबस्थापन गर्नुपर्ने ।
७. कृषि विमाको ब्यबस्था ।
८. लसुन, कागती, सुन्तला र बाखापालन पकेट क्षत्र रहेको र सोही क्षत्रका ब्यबस्थापन गर्नुपर्ने।

खाद्य सुरक्षा

१. स्थानीय खाद्यबस्तुलाई ब्रान्डीङ गर्नुपर्ने ।
२. स्वच्छ खानेपानी सम्बन्धि कार्यक्रम ।
३. पर्यटन तथा सस्कृती
४. पारिबाङ दहमा शिब र ब्राह मन्दिर निर्माण ।
५. पारिबाङ दहमा पानी जम्मा गरि माछापालन गर्ने ।

६. नवाङ शिब मन्दिर निर्माण ।
७. गणेश गुफामा शिब र गणेशको मुर्ति निर्माण ।
८. गणेश गुफामा शौचालय निर्माण ।
९. आगामी दिनमा गणेश गुफामा शिबरात्रीको दिन मेला लगाउने ।
१०. १६ बुँदे सहमती गरेको ठाउँ) लोसेबाङमा युद्धपर्यटन क्षेत्र निर्माण गर्ने ।

उद्योग ब्यबसाय

१. हाल रहेको मसला उधोग पुर्ण सञ्चालन गरि बजारीकरण गर्नुपर्ने ।

स्वास्थ्य

२. सामान्य सल्यक्रियाको ब्यबस्था निर्माण
३. ल्याबमा मेसिनको कमी बगतयबलबष्शिभच mबअजष्लभ आवश्यक
४. कुपोषण लागेका बच्चा उपचारका लागी छुट्टैकोठाको ब्यबस्था ।
५. स्वास्थ्य चौकीमा खष्मभय हचबथ मेसीन र तालिम
६. सामुदायिक स्तरमा बच्चाको बृद्धि अनुगमनदर १०० प्रतिशत बनाउन प्रोत्सान कार्यक्रम सञ्चालन।

शिक्षा

१. कृष्ण माबिमा होस्टेलको ब्यबस्था ।
२. कुलत र कुरिति घटाउन सामुदाय र बिद्यालयमा उपयुक्त अनुगमन गर्नै ।

खानेपानी तथा सरसफाइ

१. एक घर एक धारामा मिटरको ब्यबस्था गरि न्यनतम शुल्क लगाउने ।
२. प्रत्येक पानीको मुहानमा बालुवा ढुङगा राखेर फिल्टर निर्माण ।
३. टोल बिकास मार्फत प्रत्येक महिना सरसफाई कार्यक्रम सञ्चालन।

युवा तथा खेलकुद

१. नवाङ खेल मैदान निर्माण तथा बिस्तार

पुर्वाधार बिकास

१. ५ वटा सडकमा ३५ कि मि. चक्लाबन्दी गर्ने ।
२. ४ वटा बाटोमा १५ कि. मि नयाँ ट्रयाक निर्माण ।
३. १० वटा गोरेटो बाटो २० कि. मि निर्माण ।
४. १० कि. मि सहिद मार्गमा सडक कालोपत्रे ।

सार्बजनिक निर्माण

१. बसपार्कलाई स्तरोन्नती गर्नुपर्ने ।
२. बजार क्षेत्रमा मोटरसाईकल पाकिङ ब्यबस्थित गर्नुपर्ने ।
३. बिद्यालय श्री कृष्ण मा बि मा ४ कोठे भवन निर्माण तथा फिल्ड निर्माण ।
४. श्री भगवती आ बि मा ४ कोठे पक्की भवन निर्माण।
५. श्री साबला आ बि मा ४ कोठे पक्की भवन निर्माण।
६. कबड हल र बसपार्कमा शौचालय निर्माण ।

बिजुली

१. केन्द्रिय प्रसारण लाइनका लागी २२० घरधुरीमा ५०० पोलको माग ।

सुचना प्रबिधी

१. NTC को टावर निर्माण ३० प्रतिशतमा नेटवर्कको समस्या ।

सामुदायिक बन

१. ९ वटा सामुदायिक बन दर्ता गर्नुपर्ने ।

२. २५ कि. मि वनमा काँडेतार लगाउने ।

भु-संरक्षण

१. वडा भित्रका २५ वटा पोखरीको संरक्षण गर्नुपर्ने ।

२. २० ठाउँमा सानाठुला पहिरो रहेकोमा १५ ठाउँमा ग्याबिन वाल ५ ठाउँमा बुक्षारोपण गर्नुपर्ने । वाङ्ण खोलामा ३ कि मि मा ग्याबिन वाल सहितको तटबन्धन निर्माण ।

वडा नं ३

कृषि

१. भौगालिक बिकटता ।
२. विउविजनको अभाव ।
३. १ वटा नयाँ चिस्यान केन्द्र निर्माण ।
४. कुर्षि एम्बुलेन्स खरिद ।
५. आलु पकेट क्षेत्र ।
६. सुन्तला पकेट क्षेत्र ।
७. कागती पकेट क्षेत्र ।
८. अदुवा पकेट क्षेत्र ।
९. लसुन प्याज पकेट क्षेत्र ।
१०. तरकारी पकेट क्षेत्र निर्माण ।

पशुपालन

१. बाख्रापालनका लागी पकेट क्षेत्र निर्माण ।
२. वङगुरपालनका लागी पकेट क्षेत्र निर्माण ।
३. पशुपालन सम्बन्धी तालिम ।
४. उन्नतजातको बोकाहरु खरिद ।
५. भेडापालनका लागी पकेट क्षेत्र निर्माण ।
६. पशु सिबिर सञ्चालन ।

स्वास्थ्य र पोषण

१. तालाबाङ स्वास्थ्य चौकीमा दक्ष जनशक्ति अभाव भएकाले दक्ष जनशक्तिको दरबन्दी सिर्जना गर्ने ।
२. गाउँघर किल्निक ३ वटा निर्माण गर्ने ।
३. तालाबाङ स्वास्थ्य चौकीमा ल्याब सामाग्री खरिद गर्ने ।
४. एम्बुलेन्स खरिद गर्ने ।
५. स्वास्थ्य चौकीमा फार्मेसी निर्माण गर्ने ।
६. कुपोषण भएकालाई उपचारका लागी तालाबाङ स्वास्थ्य चौकीमा छुटटै साखा निर्माण गर्ने ।
७. टोलटोलमा स्वास्थ्य सिबिर सञ्चालन गर्ने ।
८. तालाबाङ स्वास्थ्य चौकीमा प्रसुती सामाग्री खरिद गर्ने ।

युवा तथा खेलकुद

१. रुकुमेठाना पोखडाँडा वडा स्तरिय खेलकुद मैदान निर्माण ।
२. समृद्धि युवा क्लबको खेलकुद मैदान निर्माण ।
३. न्यु भिजन युवा क्लबको खेलकुद मैदान निर्माण ।
४. वडामा खेलकुद सामाग्री खरिद।
५. जिबनधार आधारभुत बिद्यालयमा खेलकुद मैदान निर्माण ।

६. नेपाल राष्ट्रिय माबिमा खेलकुद मैदान निर्माण ।
७. जनप्रिय आविमा खेलकुद मैदान निर्माण ।
८. युवाहरुका लागी सिपमुलक तालिम ।

शैक्षिक अबस्था

१. बिद्यार्थी अभिभाबक कार्यक्रम सञ्चालन गर्ने ।
२. नेपाल राष्टिय माबिमा बिज्ञान प्रयोगशालालाई सामाग्री खरिद ।
३. प्रत्येक बर्ष बिद्यालय भर्ना अभियान चलाउने ।
४. प्रत्येक बिद्यालयमा स्वास्थ्य दराज कार्यक्रम सञ्चालन गर्ने ।
५. आधारभुत तहका शिक्षकलाई क्षमता अभिबृद्धि तालिम ।
६. बिद्यालय बाहिर रहेका बालबालिकाको सर्बेक्षण कार्य गर्ने ।
७. प्रत्येक बिद्यालयहरुका लागी शैक्षिक सामाग्री खरिद गर्ने ।
८. उपचारात्मक शिक्षक दरबन्दी कायम गर्ने ।
९. बिद्यालयहरुमा शिक्ष दरबन्दी थप गर्ने ।

खानेपानी र सरसफाई

१. नेपाल राष्टिय माबिमा खानेपानी योजना निर्माण ।
२. जनप्रिय आबिमा खानेपानी योजना निर्माण ।
३. दावरा खोला धनदान बिद्यालय खानोपानी योजनाको टंकी निर्माण ।
४. जुङग्राबाङमा नयाँ खानेपानी योजना निर्माण ।
५. खावङखोला रानाडेटा मिनाबाङ, झारमाखोला तिमलाबोटमा खानेपानी योजना मध्य एक घर एक धारा निर्माण ।
६. खेतगारी बुडाकेरा खानेपानी योजना निर्माण ।
७. जुगेखोला खोलीबाङ चाम्कोट खानेपानी योजनाको टंकी धारा मर्मत ।
८. कागतीबारी शिद्ध पुजा लिफटिङ खानेपानीको पम्प मर्मत ।
९. जिउसिबाङ गोडबाङ लिफटिङ खानेपानी मर्मत ।
१०. वारदङधारी खानेपानी टंकी र मुहान मर्मत ।
११. सिदरेखोला छानिगा नयाँ खानेपानी योजना निर्माण ।
१२. गोब्लाबोट खोला भारते खानेपानी योजना निर्माण ।
१३. हिमालखोला तालाबाङ खानेपानी योजना निर्माण ।
१४. हिमालखोला जिउला खानेपानी योजना निर्माण ।
१५. झिमपुवाङ लिफटिङ खानेपानी योजनाको टंङकी पम्प मर्मत ।
१६. हिमाल खानेपनी योजनाको नयाँ लिफटिङ ।
१७. चामलेखोला वाचपुली लिफटिङ खानेपानीको नयाँ योजना निर्माण ।
१८. मछाईनारा खोला खानेपानीको नयाँ योजना निर्माण ।
१९. लामडारा स्यालाको नयाँ खानेपानी योजना निर्माण ।
२०. धैइरेनी रितुकेमा नयाँ खानेपानी योजना निर्माण ।

२१. कइती खोला खुटी डाँडामा नयाँ लिफटिङ खानेपानी योजना निर्माण ।
२२. ओखरेनी खोला भुतरहनी खानेपानीको टंकी मर्मत ।
२३. डउरेखोला गोलबाङ स्किम न. १३ लिफटिङ खानेपानी योजनाको पम्प, पाइप मर्मत ।
२४. काकडले खोला टाकुरा खानेपानी योजनाको मर्मत।
२५. तालाबाङ स्वास्थ्य चौकी खानेपानी योजना निर्माण ।

<u>बस्ती आवास भवन र सार्बजनिक निर्माण</u>

१. नेपाल राष्टिय आबि माडी ३ वटा पक्की ८ कोठे भवन निर्माण ।
२. नेपाल राष्टिय आबिमा शौचालय निर्माण ।
३. नेपाल राष्टिय आबि घेराबार मर्मत ।
४. नेपाल राष्टिय माबिमा ८ कोठे पक्कि भवन निर्माण ।
५. जनप्रिय आबिमा घेराबार र शौचालय निर्माण ।
६. जीबनधारा आबिको भवनमा तला थप, शौचालय निर्माण र घेरा बार ।
७. प्रसुती गृह भवन निर्माण ।
८. २ वटा गाँउघर क्लिनिकका भवन निर्माण ।
९. तालाबाङ बजारमा सार्बजनिजक शौचालय निर्माण ।

<u>सडक पुल</u>

१. १०० कि मि स्तरन्नोती सडक ।
२. ३५ कि मि नयाँ सडक ।
३. १०० कि मि गोरेटो बाटो स्तरउन्नती ।
४. ३ वटा झोलुङगपुल निर्माण ।
५. ३ वटा स्ल्याब पुल ।
६. वारमखोलामा १ वटा सडकपुल निर्माण ।

<u>बिद्युत</u>

१. वडाभरी केन्द्रिय लाइन बिस्तार ।
२. कुजेगार शल्लीमारे लघु जलबिधुत योजनामा पोल मर्मत ।
३. घाडालेख टुपी प्राल्नेमा हावाबाट बिद्युत उत्पादन गर्ने ।

<u>सञ्चार</u>

१. घोरालेख रहेको **NTC** टावरमा विधुत जडान गर्ने ।

<u>बन,बाताबरण</u>

१. वडाभरी रहेका सामुदायिक बनहरुमा बृक्षारोपण गर्ने ।

<u>भु-संरक्षण</u>

२. वारमखोलाको दुबै तर्फ १ किमिमा तटबन्धन ।
३. लरिखोलामा दुबै तर्फ १ किमिमा तटबन्धन ।
४. डिमुरेखोला र दाङखुरी खोलामा दुबै तर्फ १ किमिमा तटबन्धन ।

<u>सिचाई</u>

१. वारमखोला सिचाईको नयाँ कुलो निर्माण
२. तल्लो वारमखोला बुढा खेत सिचाईमा नयाँ योजना निर्माण
३. माडि खोला जुम्ले सल्ला लिफटिङ सिचाईमा नयाँ योजना निर्माण ।
४. खलवोट खोला कुहिलेमा नयाँ लिफटिङ सिचाई योजना निर्माण ।
५. माडीखोला अल्का टाकुरामा नयाँ लिफटिङ सिचाई योजना निर्माण ।
६. रिचनी राखुलीडाँडामा नयाँ लिफटिङ सिचाई योजना निर्माण ।
७. पुतलीबोट झिम्बुवाङ दाङखुरी भारतेमा नयाँ लिफटिङ सिचाई योजना निर्माण ।
८. काफलबोट गोलबाङ भ्याबाङ कोटवारामा नयाँ सिचाई योजना निर्माण ।

<u>लैङ्गिक हिंसा र समानता</u>

१. लैङगीक विभेद सम्बन्धि जानकारीमुलक कार्यक्रम सञ्चालन गर्ने ।

<u>पर्यटन र संस्कृति</u>

२. सतिपालेमा पर्यटकहरुका लागी भवन र फिल्ड निर्माण ।
३. तिनचुले रेलिङ र प्रतिक्षालय निर्माण ।
४. कुकुरगाडे घोडालेखमा पैदलमार्ग निर्माण ।
५. सिद्धपुजेमा पर्यटकहरुका लागी भवन र फिल्ड निर्माण ।
६. पैसेरी नाच, मयुर नाचका लागी तालिम सचालन गर्ने ।
७. वडाभरिकालागी बाद्ययबादनका ९ सेट सामाग्री खरिद गर्ने
८. बाद्यबादन तालिम सञ्चालन ।

वडा नं ४

मुख्य समस्याहरू

- ✓ खानेपानीको समस्या
- ✓ सडक पुर्वाधारकमी
- ✓ सिचाईमा समस्या

राम्रा पक्षहरु

- ✓ तामा खानी रहेको।
- ✓ सल्लाको खोटो संकलन रहेको ।
- ✓ सिसा खानी रहेको ।
- ✓ खरि ढुङगा रहेको ।
- ✓ सिलाजित र गन्धक रहेको ।
- ✓ ढुङगा, मार्बल ढुङगा खानी रहेको ।

कृर्षि

१. सुन्तला पकेट क्षेत्रलाई ब्यबस्थित गर्ने ।
२. अदवा बेसार, कागती र टिमुर उत्पादन बृद्धि कार्यक्रम ।
३. सितभण्डार निर्माण गर्नुपर्ने ।
४. दाँते ओखर प्रबद्धन र उत्पादन बढाउने ।
५. केराखेती उत्पादन प्रबद्र्धन गर्ने ।
६. हाते औजार घरेलु सामान उत्पादन गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रम ।

पशुपालन

१. बाखा पालन प्रबद्र्धन कार्यक्रम ।
२. कृर्षि र पशुपालनमा बिमा कार्यक्रममा अनुदान ।
३. बंगुर पालनमा प्रबद्र्धन कार्यक्रम ।

पर्यटन र सस्कृती

१. सतिपाले धार्मिक स्थलमा ३००० वटा सिडि निर्माण गर्नु पर्ने ।
२. गुप्तसिङ मन्दिरमा पोखरी स्टल घेराबार र शौचालय निर्माण गर्नु पर्ने ।
३. तामाखानी बराहथानमा पर्यटकिय प्रबद्धन कार्यक्रम सञ्चालन ।
४. घर्तिगाउँबाट बुढागाउँ जोडने ५०० मि लामो झोलुङगेपुल निर्माण।
५. शिब गुफा संरक्षण र प्रबद्र्धन कार्यक्रम ।

आम्दानी युवा रोजगारी

१. युवाहरुलाई सहज र सुलभ ऋण कार्यक्रम ।
२. टायल मार्बल लगाउने पलम्बर , इलेक्टीकल जस्ता सिपहरु उपलब्ध गराउनुपर्ने ।

खानेपानी र सरसफाई

१. रिजखान लिफटिङ खानेपनीको मोटर खरिद ।

२. ९५९ घरमा १ घर १ धारा निर्माण गर्नुपर्ने ।
३. सबै टोल बिकास सस्था मार्फत प्रत्येक महिना सरसफाई कार्यक्रम सञ्चालन ।

बिधुत

१. सबै वडामा केन्द्रिय प्रसारण लाइन बिस्तार गर्न ५० वटा पोल आवश्यक रहेको ।

सञ्चार

१. ९० प्रतिशत भागमा मोवाइल नेटवर्क बिस्तार ।

वन बातावरण

१. ७ वटा सामुदायिक बन रहेको ।
२. सामुदायिक बनमा अतिक्रमण रोक्नका लागी ३००० पोल आवश्यक ।
३. ५० किमि क्षत्रमा ग्नि रेखा निर्माण ।
४. नयाँ ५ वटा पोखरी निर्माण ।
५. पुराना ६ वटा पोखरीलाई संरक्षण मर्मत र प्रबद्र्धन कार्यक्रम ।
६. बार्षिक १ हेक्टरमा ५००० विरुवा बृक्षारोपण गर्नुपर्ने ।

भु-संरक्षण

१. ब्रेक्षावाङग, डाँडागाउँ, रिजावाङग र मलामपानीका ४ वटा पहिरोमा ग्याबिनवाल निर्माण
२. १० वटा सानो पहिरोमा ग्याबिन वाल र बुक्षारोपण गर्ने ।
३. माडिखोलामा १ किमि तटबन्धन गर्ने ।
४. चिउरावोट खोलामा २ किमि तटबन्धन ।

सामाजिक बिकास

शिक्षा

१. निजि वडाबाट तलब उपलब्ध गराउने ९ जना शिक्षकलाई पालिकाले फुल स्केलमा तलब उपलब्ध गराउने कार्यक्रम ।
२. शिक्षक अभिभाबकलाई सँगै राखेर तालिम सञ्चालन ।

सडक

१. १५ कि मि मा सडक स्तर उन्नती गर्नुपर्ने ।
२. ७ कि मि नयाँ टयाक आवश्यक ।
३. २० कि मि गोरेटो बाटो मर्मत गर्नुपर्ने ।

सार्बजनिक निर्माण

१. ४ वटा आर्यघाट निर्माण गर्नुपर्ने ।
२. ५ वटा सामुदायिक बनमा २/२ कोठे भवन निर्माण ।
३. ४ वटा बिद्यालयमा १६ कोठा भवन निर्माण ।
४. ४ वटा बिद्यालयमा खेलमैदान र घेराबार कार्यक्रम ।
५. १ वटा वडा स्तरिय बहुउद्देशिय भवन निर्माण ।
६. आधारभुत स्वास्थ्य केन्द्रमा १ तला थप्ने ।
७. बन कार्यालय र स्वास्थ्य कार्यालयलाई घेराबार वाउन्डरी गर्ने ।

विपत ब्यबस्थपन र महामारी

१. ५ ठाउमा बर्षाको पानीलाई ५ कि मिमा सुख्खा नाला निर्माण गर्ने ।

२. सिजनल रोग र महामारीका लागी पुर्व तयारी कार्यक्रम सञ्चालन ।

महिला बालबालिका तथा जेष्ठ नागरिक

१. भागोको बोक्रा, केरा लगायत अल्लो धागो उत्पादन गरि गलैचा बुन्ने तालिम ।

२. स्थानिय वाँसको प्रयोग गरि मुढा बुनाई तालिम ।

३. भाँगो र टिमुर को छोप बनाउने तालिम ।

४ वटा ज्येष्ठ नागरिक मिलनकेन्द्र स्थापना ।

वडा नं ५

कृषि तथा पशुपालन

१. आलु, लसुन, सुन्तला, स्याउ, बाख्रापालन, बंङगुरपालन पकेट क्षेत्र निर्माण गर्ने ।
२. हाट बजार निर्माण गर्ने ।
३. बिमाको ब्यबस्था ।
४. टिमुर खेती बिस्तार ।
५. सित भण्डारण नयाँ निर्माण ।
६. बिउ मलको ब्यबस्थापन ।
७. नयाँ नर्सरी ब्यबस्थापन ।
८. माहुरी पालन गर्ने ।

सिचाई

१. जामा छहरा देखी दहबाङ नयाँ लिफिटङ
२. हायाङ-लुकुबाङ देखी नयाँ लुकुबाङ सिचाई ।
३. बहुखोला दिउबाङ नयाँ सिचाई योजना ।
४. सिदिमपाटा कोटवारा लिफटिङ ।
५. नौवारी देखी वाछे सिचाई ।
६. मौलाबाङ पुलबाङ लिफटिङ ।
७. वौला खोला भालुगा खरिबाङ सिचाई ।
८. मबाङ पाइपलाइन सिचाई ।
९. मेलबोट बजबोट गुरसी तल्लो पोखरी घर्ति डेटा लिफटिङ ।
१०. ओली खोला उपल्लो गुरासी सिचाई निर्माण ।
११. कानी आरन तिनउभिर लिफटिङ ।
१२. धारापानी लिफटिङ ।
१३. धाङखोला सिचाई पोखरी निर्माण ।

स्वास्थ्य

१. भावाङ झौबाङ चरिकोट स्वास्थय इकाई केन्द्र स्तरोन्नती ।
२. स्वास्थ्य इकाई केन्द्र नयाँ भवन निर्माण ।
३. आमा समुह तथा सुरक्षित मातृत्व जनचेतना अभियान सञ्चालन गर्ने ।
४. स्टेचर ९ वटा खरिद ।
५. 1 एम्बुलेन्स खरिद गर्ने ।
६. वालबालिकालाई सरुवा रोग सम्बन्धि भ्याक्सिनको ब्यबस्था ।
७. पोषणयुक्त कार्यक्रम सञ्चालन ।
८. ९ वटा गाउँघर क्लिनिक निर्माण ।

पर्यटन र सस्कृती

१. पुलबाङ धुरी युद्ध पर्यटन बिकास निर्माण ।
२. झौबाङ होम स्टे निर्माण ।
३. गावलधारा पर्यटकिय पुर्वाधार भवन घेराबार निर्माण तथा पुतात्विक सम्पदा संरक्षण केन्द्र निर्माण ।
४. युद्ध पर्यटन क्षत्र भावाङ, हिउबाङ तिलाचोर पर्यटन पार्क निर्माण ।
५. सिद्धबराह मन्दिर निर्माण ।
६. पैसरु नाच, सारङगे बाजा, खरिद तथा तालिम ।

बित्तिय

वडाभरी कार्यक्षेत्र राखी सहकारी गठन र सञ्चालन ।

शैक्षिक अबस्था

१. प्रत्येक बालबालिकालाई पुर्ण निशुल्क शिक्षको लागी आवश्यक शिक्षकको ब्यबस्था गर्ने।
२. सबै बिद्यालयमा खेल सामाग्री ब्यबस्थापन गर्नै ।
३. अभिभाभक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
४. वागेश्वरी मा बि पाहाबाङमा प्राबिधिक शिक्षा संचालन ।

खानेपानी तथा सरसफाई

१. भुतखात खानेपानी योजना नयाँ निर्माण ।
२. घोयलधार खानेपानीको टंकी र पाइप मर्मत ।
३. लापा खानेपानी मर्मत ।
४. थानी दहबाङ खानेपानी मर्मत ।
५. हाङपाल वाह्रेखानेपानी मर्मत ।
६. हिउबाङ खानेपानी मुहानमा टंकी निर्माण ।
७. हाउजेखोला खानेपानी मर्मत।
८. खुम्वासा धुपधारा टोडके खानेपानी नयाँ निर्माण ।

युवा तथा खेलकुद

१. वडा स्तरिय युवाक्लब गठन तथा नियमित खेलकुद सञ्चालन युवा लक्षित कार्यक्रम गर्ने ।
२. वाडमा गावलधार खेलमैदान घेराबार ।
३. झौबाङ ब्रहपत्र खेलमैदान निर्माण ।
४. वाछेपोखरा धारा खेलमैदान निर्माण ।
५. भावाङ चौर खेल मैदान निर्माण।

बस्ती, आवाश, भवन र सार्बजनिक निर्माण

१. भावाङ आमा समुह नया भवन निर्माण ।
२. बाङ, बख्खुर दहबाङमा सार्बजनिक शौचालय निर्माण।
३. श्री जनकल्याण आबिमा बिद्यालय घेराबार निर्माण।
४. वालज्योत आ बि चरिकोटमा बालमैत्री शौचालय निर्माण ।
५. बागेश्वरी माबि भावाङ चौरमा २ कोठे पक्कि भवन निर्माण ।

सडक पुल

१. ६० कि मि सडक स्तरोननती ।
२. १ नयाँ झोलुङगे पुल निर्माण ।
३. मोटरेबल kalbat पुल ५ वटा नयाँ निर्माण ।

<u>बिद्युत</u>

१. वडा भरि थ्री-फेज लाइन बिस्तार गर्ने ।
२. खुम्बासा टोलमा नयाँ बिद्युत लाइन बिस्तार ।
३. सर्च तथा बायुपङखी बिधुत उत्पादन ।

<u>सञ्चार</u>

१. NTC टावर निर्माण ।

<u>बन</u>

१. राउटे चौर सामुदायिक बन खण्डमा बुक्षरोपण ।
२. वडा भरिका सामुदायिक बनमा जनचेतनामुलक कार्यक्रम सञ्चालन ।
३. दहबाङ, वल्ले, झिम्फुकमा रिचार्ज पोखरी निर्माण ।

<u>भु-संरक्षण</u>

१. वाइवाङ पोयाखोला र लिकुबाङ सिजेखोलामा तटबन्ध निर्माण ।
२. जलबायु परिबर्तन सम्बन्धी अनुकुलन दिगो बन ब्यबस्थापन सम्बन्धि जनचेतनामुलक कार्यक्रम ब्यबस्थापन ।
३. मरधारा देखी भावाङ चौर ग्याबिन जाली निर्माण।

<u>सस्थागत बिकास तथा सुशासन</u>

१. बिपद कार्यबिधी सञ्चालन बनाउनुपर्ने ।
२. स्थानिय निती तथा कार्यबिधी एवम् सुसासन बनाउनुपर्ने ।
३. वडा स्तरिय शिक्षा निती
४. वडा स्तरिय लैङगीक समानता निती
५. वडाका जनप्रतिनिधीलाई लगायत सरोकारवाला निकायलाई दिगो बिकास लक्ष्य सम्बन्धि तालिम ।

वडा नं ६

कृषि

१. लामीडाँडा, पोखरा बाङ, मिसिडाँडा, डाँडाबोट ४ वटा चिस्यान केन्द्र निर्माण ।
२. कागती पकेट क्षेत्र– हातिङ, नयाँगाउ, रिचा, ठामीडाँडा, पोन्याङ र लामीडाँडा, डाँडाबोट, ढिवाङ, कोर्चावाङ
३. सुन्तला पकेट क्षेत्र– मिसिडाँडा, गोगनपानी, वोगल्जा, दशघर, मिनबाही, लापचुन, झालपा, जेपबाङ, पोन्टीबाङ, लागा,सुगाखोला, सारिगा ।
४. आलु पकेट क्षेत्र निर्माण गरिने ।
५. तरकारी खेती बिस्तार गरिने वडाभरी
६. कृर्षि हाटबजार निर्माण गरिने ।
७. लसुन पकेट क्षेत्र निर्माण गरिने ।
८. कृर्षि औजार पावर टेलर ।
९. कुर्षि यन्त्र मर्मत तालिम सञ्चालन गर्ने ।

पशुपालन

१. बाख्रापालन पकेट क्षेत्र निर्माण गरिने ।
२. पशु स्वास्थ्य शिबिर सञ्चालन गर्ने ।
३. कृर्षि र पशु प्राबिधिक सहितको कार्यालय निर्माण
४. भैसीपालन पकेट क्षेत्र ।

शिक्षा

१. सिद्धकैलास माबिमा निशुल्क आवासिय (खानपान) सञ्चालन भएको कार्यक्रमलाइ निरन्तरता दिने ।
२. वडाभरिका सरकारी बिद्यालयका आधारभुत कक्षाहरुमा गुणस्तरिय शिक्षा प्रबद्धन गर्नको लागी शिक्षकहरुलाई तालिम दिने ।
३. सिद्धकैलास माबिलाई अंग्रेजी माध्यममा संचालनका लागी शिक्षक दरबन्दी थप गर्ने ।
४. सिद्धकैलास माबिमा आवाशिय बिद्यार्थीहरुका लागी शिक्षक दरबन्दी जनशक्ती थप गर्ने ।
५. वडा भरिका सबै बिद्यालयहरुमा खेल शिक्षक र माबि बिद्यालयहरुमा **म्क्ष्** शिक्षकको दरबन्दी कायम गर्ने ।
६. प्रत्येक बर्ष बिद्यालय बाहिर रहेका बालबालिकालाई बिद्यालय भर्ना अभियान चलाउने ।

खानेपानी तथा सरसफाई

१. विरपेकोट फल्ले घर खानेपानी योजना नयाँ निर्माण एक घर एक धारा ।
२. जडखोला गोलवाङ खानेपानी योजना निर्माण नयाँ एक घर एक धारा ।
३. रिमल लामीडाँडा खानेपानी योजना निर्माण नयाँ एक घर एक धारा ।
४. झारपानी मिनाही खानेपानी योजना निर्माण नयाँ एक घर एक धारा ।

मर्मत

१. ताराखोला हानिङ थामीडाँडा ज्याङ खानेपानी योजना ।
२. अलैचीवारी लाम्चुङ खानेपानी योजना ।

३. जिग्नी खोला खानेपानी योजना ।
४. मुलखोला नयाँगाउँ खानेपानी योजना ।
५. वैसपनेरा सुवा खोला खानेपानी योजना ।
६. जुगेपानी खानेपानी दशघरा मिसीडाँडा खानेपानी योजना ।
७. कलम प्राबि खानेपानी योजना ।
८. चापखोला काफलडाँडा खानेपानी योजना ।
९. पुन्थोक खानेपानी योजना मर्मत ।
१०. माथिललो वोकाल्जा खानेपानी योजना ।
११. सातखोला कटिङ टंकी निर्माण मर्मत ।
१२. सारिगा डाँडा कोर्चाबाङ योजना मर्मत ।
१३. पुतेपानी झाक्री खानेपानी योजना मर्मत ।
१४. धाराखोला खानेपानी मर्मत ।
१५. गोगन नयाँ पानी मुहान निर्माण ।
१६. वोगल्चा खोला तल्लो खानेपानी योजना मर्मत ।
१७. पाखापानी मुहान मर्मत ।
१८. पैरा टिजे मुहान संरक्षण ।
१९. सारिगा डाँडा तल्लो खानेपानी योजना मर्मत
२०. झङग डाँडा मुहान संरक्षण टंकी निर्माण
२१. कंसिङखोला पोनाङ खानेपानी मर्मत ।
२२. भुतछ्रा लागा खानेपानी मर्मत ।
२३. रिक्लुङ सुकेपानी खानेपानी नयाँ योजना निर्माण ।
२४. जुगेपानी जेपाङ खानेपानी नयाँ योजना निर्माण ।
२५. सरसफाई सम्बन्धि वडाभरि सबै बिद्यालयमा सबैलाई कायक्रम सञ्चालन गर्ने ।
२६. सरसफाईका सुचकहरु पुरा गर्नका लागी गाईगोठ आवश्यक संरचना निर्माण ।
२७. बजारहरुमा फोहोर बर्गिकरण गरि नष्ट गर्ने ।

<u>स्वास्थ्य र पोषण</u>

१. स्वास्थ्य संम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।
२. गर्भवतीका लागी उत्पे्ररक सामाग्री खरिद ।
३. सुत्केरीका लागी आवश्यक सामाग्री खरिद ।
४. कोचाबाङ स्वास्थ्य चौकीमा ल्याब सामाग्री खरिद ।
५. महिला स्वास्थ्य स्वयम्सेबिकाहरुका लागी यातायात सेवा उपलब्ध गराइने ।
६. वडाभरिका टोलटोलमा स्वास्थ्य शिबिर सञ्चालन गर्ने ।
७. पोषण सम्बन्धी बिशेष कार्यक्रम सञ्चालन गर्ने ।
८. ज्येष्ठ नागरिक गर्भवती सुत्केरी , अपाङग घाइते परिवार र शहिद परिवारलाई निशुल्क एम्बुलेन्स सेवा ।

९. कोर्चावाङ स्वास्थ्य चौकीमा सभाहल व्यबस्थापन ।
१०. कोर्चावाङ स्वास्थ्य चौकीमा सुत्केरीका लनगी खाने बस्नेको सुबिधा सम्पन्न संरचना तयार गर्ने ।
११. सिद्धकैलास माबिमा स्यानेटरी प्याड विर्सजन गर्ने संरचना निर्माण गर्ने ।

सिचाई

१. दुमखोला सिचाई मर्मत (टंकी पाइप) बोकल्जा
२. माथिल्लो निसि डाँडाको सिचाई योजनाको मुहानमा टंकी निर्माण ।
३. २९ वटा नयाँ पोखरी टंकी निर्माण थामी डाँडा१, दिवाङ गाउँमा२, सानबोट१, धामीधेरा१, सिपाखा१, तिङ१, धनसारबोट१, उपल्लो मिनाही १, सारिगा १, रिमल१, भुर्तीबाङ १, राङजापुर १,रिचा १, सुकेपानी १, रुपबाङ १, भेदोपुजे १, हलडाँडा १, लामीडाँडा१, डाँडाथोक१, भावीडाँडा१, एकपाटे१, वुरुङगा१, पोन्याङ१, झारबोट१, काफलबोट१, सिलकिनधारा१, श्यापुओडा१, मानयेरा १,
४. तल्लो निसि डाँडा सिचाईको मुहानमा नयाँ टयाङकी निर्माण ।
५. जङखोला सिचाई मर्मत ।
६. माडीखोला मिसिडाँडा लिफटीङमा नयाँ निमाण सिचाई ।
७. सिचाई वितरण १५ कि मि पाइप खरिद ।
८. लिसाबोट सिचाई मुहान र टकी पाइप मर्मत ।

युवा तथा खेलकुद

१. युवा लक्षित कार्यत्रम निर्माण गर्ने ।
२. वडामा हुने योजनाहरुमा युवाको अर्थपुर्ण सहभागिता गराउने ।
३. युवाहरुलाई आत्मनिर्भर हुनलाई सिप बिकास तालिम सञ्चालन गर्ने ।
४. सिद्धकैलास माबिमा फिल्ड निर्माण ।
५. डिभरचौर मिनाही र वयलडाँडामा खेलकुद मैदान निर्माण ।

सडक

१. ५० कि मि सडक स्तरोन्नती ।
२. ३० कि मि नयाँ सडक ।
३. ३३ कि मी गोरेटो वाटो स्तरोन्नती
४. झोलुंङगे पुल ५ वटा नयाँ ।
५. Kalbat सडक पुल ५ वटा ।

वस्ती भवन आवाश सार्बजनिक निर्माण

१. स्वास्थ्य प्रगतीशिल आमा समुहको पक्कि भवन निर्माण ।
२. मिनाही टोल बिकास सस्था पक्कि भवन
३. नेत्र आधारभुत बिद्यालयमा ४ कोठे पक्कि भवन निर्माण ।
४. टोल विकास सस्था भवन नयाँ निर्माण ७ वटा
५. दिवाङ बालबिकास भवन निर्माण र घेराबार ।
६. वडा कार्यालय भवन तला थप निर्माण र घेरा बार ।
७. माडी ६ मिनाही बहु-उद्देश्य सभाहल भवन निर्माण ।

८. ७ वटा सार्बजनिक शौचालय निर्माण ।
९. २ वटा मण्डली भवन निर्माण।
१०. सिद्धकैलास माबिमा वालमैत्री शौचालय निर्माण र घेराबार निर्माण ।
११. कलम प्राबिमा भवनको तला थप्ने ।
१२. नेत्र आबिमा तारजाली घेरा तारबार ।

पर्यटन र सस्कृती

१. कोर्जाबाङ पर्यटकिय पार्क निर्माण ।
२. बाद्यबादनका ७ सेट सामाग्री खरिद
३. मौलिक कला सस्कृतीको जगेर्नाका लागी महिला युवाहरुलाई तालिम ।
४. शहिदमार्ग देखी थुर्पा लेख पदमार्ग तथा पिकनिक स्थल निर्माण ।
५. थुर्पा लेखमा धार्मिक संरचना र भवन निर्माण ।
६. थुर्पालेखमा भ्युटावर निर्माण ।
७. चिल्ड्नपार्क निर्माण ।

सञ्चार

१. थामीडाँडामा NTC टावर निर्माण ।

बिद्युत

१. माडी ६ मा २०० पोल तार सहित खरिद आवश्यक ।

जैबिक बिबिधता

२. तमलुङ जुगिरे, सल्लेरी, बिजुलीवाङ जनचेतना र लामीधारा धैरेनी सामुदायिक बनमा दालचिनीको
३. थुर्पफिदी र गोलबाङ गैरा सामुदायिक बनमा दियारको बिरुवा बुक्षारोपण गर्ने ।
४. लालीगुराँस धानछेरे सामुदायिक बनमा दियार, रानी सलला र तेजपत्ताका विरुवा बृक्षारोपण गर्ने।
५. सामुदायिक बनमा बृक्षारोपण गर्नलाई दियार, रानी सल्ला, तेजपत्ता धुपसल्ला डाले घाँसका विरुवा खरिद गर्ने ।
६. सामुदायिक बनकाखउपभोक्तालाई जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

भु-संरक्षण

१. माडी गापा ६ मा हुने बाढी पहिरो नियन्त्रणका लागी जाली खरिद गर्ने ।

वित्तिय

१. कृर्षि सहकारी निर्माण गर्ने ।

लैङगिक समनता

२. लैङगिक विभेद सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।
३. ज्येष्ठ नागरिकलाई हुने विभेद अन्त्यका लागी जनजागरण कार्यक्रम सञ्चालन गर्ने ।
४. अपाङग, एकल महिला, महिलाहरुलाई समान कामको समान ज्याला सुरुवात गर्ने ।
५. दलित माथी हुने विभेदको अन्त्यको लागी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

वडामा कार्यबिधी

पालिका स्तरिय एम्बुलेन्स कार्यबिधी निर्माण गर्ने ।